# माध्यमिक तहमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन

**युवराज सापकोटा**

परीक्षा क्रमाङ्क : २४००१७२

त्रि.वि. रजिष्ट्रेशन नं: ९-२-२४०-३४८-२००४

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली

शिक्षा विभाग अर्न्तगत स्नातकोत्तर तह

(एम.एड.) द्विवतीय वर्षको नेपा.शि.

५९८ पाठ्यांश पुरा गर्ने

प्रयोजनको लागि

प्रस्तुत

**शोध पत्र**

२०७२/२०१५

नेपाली भाषा शिक्षा विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

# प्रतिबद्धतापत्र

मेरो जानकारीमा यो मेरो मौलिक शोधपत्र हो । प्रस्तुत शोधपत्र शीर्षक **माध्यामिक तहमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन** सप्तगण्डकी बहुमुखी क्याम्पस शिक्षा विभाग अर्न्तगत समावेश गरिएको छ । शिक्षाशास्त्र सङ्काय अर्न्तगत स्नातकोत्तर तह उपाधिका लागि यो शोधपत्र तयार गरिएको छ । यसका कुनै  अंश प्रतिलिपि, प्रकाशित र शोध प्रयोजन स्वरूप उपाधि लिन विश्वविद्यालयमा प्रस्तुत गरिएको छैन भनी उद्घोष गर्दछु ।

नोभेम्बर २९/२०१५

२०७२/०८/१३

.........................

युवराज सापकोटा

शोधार्थी

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय सप्तगण्डकी बहुमुखी क्याम्पस भरतपुरका नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र युवराज सापकोटाले नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **माध्यमिक तहमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन** शीर्षकमा आधारित मेरो निर्देशनमा रही परिश्रमका साथ तयार पार्नुभएको हो । निज शोधार्थीबाट सम्बन्धित विद्यालयमा गई प्रत्यक्ष अध्ययन अवलोकन गरी अथक परिश्रम र लगनशीलताका साथ तयार गर्नुभएको प्रस्तुत शोधकार्य समय सापेक्ष र मौलिक भएकाले म पुर्ण रूपमा सन्तुष्ट छु । अतः आवश्यक मूल्याङ्कनका लागि नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवनमा सिफरिस गर्दछु ।

मिति : .२०७२/०८/१३

........................................

सह-प्राध्यापक श्री भवनाथ सडौला

(शोध निर्देशक)

**त्रिभुवन विश्वविद्यालय**

**सप्तगण्डकी बहुमुखी क्याम्पस**

**नेपाली भाषा शिक्षा विभाग**

**भरतपुर, चितवन**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पसका छात्र युवराज सापकोटाले स्नातकोत्तर तहमा नेपाली विषयको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत गर्नु भएको **माध्यमिक तहमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र नेपाली विषयमा स्नातकोत्तर उपाधिका लागि उपयुक्त भएकाले स्वीकृति प्रदान गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

क.स. हस्ताक्षर

उप-प्राध्यापकश्री बलराम सिवाकोटी .........................

(विभागीय प्रमुख)

......................... .........................

(बाह्य परीक्षक)

सह-प्राध्यापक श्री भवनाथ सडौला .........................

(आन्तरिक परीक्षक)

मिति : २०७२/०९/१३

सन् : २०१५/१२/२८

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, सप्तगण्डकी बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभागबाट सञ्चालित शोधकार्यमा सहभागी भई शिक्षक विद्यार्थीका बिचमा हुने अन्तर्क्रियामा अनुसन्धान गर्न पाउँदा आफूलाई भाग्यमानी ठानेको छु ।

प्रस्तुत शोधकार्यको शीर्षक माध्यामिक तहमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन शीर्षकमा आधारित छ । विभिन्न कार्यमा व्यस्त हुँदाहुँदै पनि समय निकालेर अध्ययनका क्रममा तथ्यहरूको सङ्कलन गर्न अवलोकन फारम तयार पार्न र प्राप्त तथ्यहरूलाई क्रमबद्ध रूपमा व्यवस्थित गरी व्याख्या विश्लेषण गर्नका लागि स्नेहपूर्वक कुशल निर्देशन गरिदिनु हुने आदरणीय गुरु भवनाथ सडौलाप्रति हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्दछु । यस शोधकार्यको प्रस्ताव स्वीकृत गरिदिनुका साथै अनुसन्धान कार्यमा भएका विभिन्न कठिनाईपूर्ण अवस्थामा आवश्यक सल्लाह, सुझाव र प्रोत्साहन गर्नु हुने सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभागका विभागीय प्रमुख श्री बलराम शिवाकोटी र आदरणीय गुरुजनप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

यो शोधपत्र तयार पार्ने क्रममा ज-जसका पुस्तक र लेखहरू पढ्ने अवसर पाएँ, ती सम्पूर्ण आदरणीय लेखक– विद्वानहरूप्रति आभार प्रकट गर्दछु साथै शोधपत्रलाई आवश्यक तथ्याङ्क सङ्कलनका क्रममा सहयोग गर्नुहुने सम्बन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरूप्रति आभार प्रकट गर्दछु । यस अध्ययनका क्रममा विशेष रूपमा सहयोग गर्ने प्यारी जीवनसाथी रूमी, दाजु वसन्त र बहिनीहरू प्रमिला र गंगालाई धन्यवाद दिन चाहन्छु साथै शोधपत्र तयारीका क्रममा विभिन्न समयमा विभन्न प्रकारमा सहयोग गर्नु हुने मेरा मित्रहरू नवराज, शुभ सरोज, प्रकाश तथा कम्प्युटर टाइपमा सहयोग गर्ने  सुवर्ण न्यौपाने लगायत सम्पूर्ण मित्रहरूप्रति कृतज्ञ छु ।

मिति : २०७२/०८/१३ युवराज सापकोटा

# शोधसार

| | | |
|---|---|---|
| शोधार्थी | : | **युवराज सापकोटा** |
| शोध निर्देशक | : | भवनाथ सडौला |
| शैक्षिक सत्र | : | २०६४/०६६ |
| विभाग /क्याम्पस | : | नेपाली भाषा शिक्षा विभाग सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवन |
| पृष्ठ सङ्ख्या | : | ८३+२४ |
| परिच्छेद | : | पाँच |

## शोध प्रक्रिया

सामान्य अर्थमा अन्तर्क्रिया भन्नाले दुई भन्दा बढी व्यक्ति तथा वस्तुबिच कुनै विषयवस्तुका बारेमा हुने सञ्चार प्रक्रियालाई बुझिन्छ । प्रस्तुत शोध कार्यको शीर्षक **माध्यमिक तहमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन** रहेको छ । शीर्षक नै मुख्य समस्या भएकाले अन्य समस्याका रूपमा कक्षा शिक्षण र मूल्याङ्कनलाई शिक्षक विद्यार्थी सहकार्यकलापका रूपमा कसरी प्रयोगमा ल्याइएको छ ? कक्षाकोठामा विद्यार्थी सक्रियता कस्तो छ ? सामूदायिक र संस्थागत विद्यालयमा अन्तर्क्रिया विधिको प्रयोगको तुलनात्मक स्थिति के कस्तो छ ? भन्ने समस्यामा केन्द्रित भएर शोध कार्य गरिएको छ । समस्यालाई प्रमुख आधार बनाएर उद्देश्य निर्धारण गरिएको छ । प्रस्तुत शोध कार्य सम्पन्न गर्न सामग्री सङ्कलनका लागि क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय विधिको प्रयोग गरिएको छ ।

शोधकार्यलाई प्रभावकारी र तथ्यपूर्ण बनाउनका लागि शोध निर्देशक र अन्य विशेषज्ञहरूका सुझावका आधारमा शोधकार्यको उद्देश्य अनुरूप सङ्कलित तथ्याङ्कलाई क्रमिक रूपमा विश्लेषण तथा व्याख्या गरिएको छ । सामूदायिक र संस्थागत विद्यालयमा अध्ययन अध्यापन गर्ने शिक्षक विद्यार्थीका बिचमा हुने अन्तर्क्रिया र सक्रियतालाई यस शोध पत्रमा अध्ययन गरिएको छ । दुई सामूदायिक र दुई संस्थागत गरी जम्मा चार वटा विद्यालयका चार जना शिक्षकको दश दश गरी चालिस कक्षामा विद्यार्थी सक्रियता र अन्तर्क्रियामा आधारित भई अध्ययन गरिएको छ ।

**शोध निष्कर्ष**

क. कक्षाकोठामा विद्यार्थीहरूको सक्रियताको समय अर्थात् विद्यार्थीहरूले बोल्ने समय अत्यन्तै न्यून रहेको पाइयो ।

ख. धेरै जसो कक्षाहरूमा शिक्षणका क्रममा एकोहोरो अन्तर्क्रिया सञ्चालन गरेको पाइयो र दोहोरो अन्तर्क्रिया हुने कक्षाहरूमा पनि नजान्ने र पछाडि बस्ने विद्यार्थीहरूको सहभागिता अत्यन्त कम हुने गरेको देखियो ।

ग. अवलोकन गरिएका कक्षाहरूमा शिक्षण सिकाइका क्रममा कक्षाकोठाभित्र शिक्षक र विद्यार्थीद्वारा गरिएका क्रियाकलापहरू सन्तोषजनक अवस्थाका भए पनि त्यसको गुणस्तरीयता र परिमाणात्मक अवस्था भने कमजोर देखियो ।

घ. शिक्षक प्रश्नावलीमा कतिपय शिक्षकहरूले दिएको जवाफसँग कक्षा अवलोकन गर्दा देखिएको शिक्षण कार्यकलापसँग मेल नभएको पाइयो ।

ङ. कक्षा शिक्षणका क्रममा शिक्षकहरूद्वारा दैनिक प्रयोगका सामग्रीबाहेक अन्य शैक्षिक सामग्रीको प्रयोग ज्यादैकम मात्रामा भएको पाइयो ।

च. शिक्षकहरू तालिम प्राप्त र अनुभवी हुदाँहुँदै पनि समयको अभाव, समयमा नै पाठ्यांश सक्नुपर्ने बाध्यता, विद्यार्थीको चाप र सहमतिको अभावका कारण आफूसँग भएको ज्ञान र सिपको प्रयोग गर्न असमर्थ भएको पाइयो ।

छ. विद्यार्थीहरूको दैनिक मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको महत्त्वपूर्ण पक्ष मानिएतापनि यसलाई नियमित गर्न नसकिएको पाइयो ।

**सुझाव**

क) अधिकांश कक्षाहरूमा विद्यार्थीभन्दा शिक्षक बढी सक्रियरहेको पाइएकोले सहज वातावरण सिर्जना गरी अन्तर्क्रियामा विद्यार्थीलाई बढीभन्दा बढी सक्रिय बनाउनु पर्ने देखिन्छ ।

ख) पाठ्यवस्तुप्रति विद्यार्थीहरूको सकारात्मक रुचि रहेपनि शिक्षण विधि भने विद्यार्थी केन्द्रित नभएको शिक्षण विधिलाई विद्यार्थी केन्द्रित बनाउनु आवश्यक देखियो ।

ग) अधिकांश शिक्षकले पाठको उद्देश्यलाई ध्यान दिएर पाठको तयारी गरी कक्षा शिक्षण गराउने गरेको पाइए पनि यसलाई अझ बढी प्रभावकारी बनाउनुपर्ने देखियो ।

घ) कक्षाकोठामा शिक्षकको मात्र सक्रियता निरर्थक हुने हुँदा विद्यार्थी सक्रियतामा जोड दिनुपर्ने देखिन्छ ।

ङ) कक्षा शिक्षणमा एकोहोरो अन्तर्क्रियाको बढी प्रयोग गर्ने गरेको पाइएकोले यसलाई कम गरी दोहोरो अन्तर्क्रिया विधिको प्रयोग गर्नुपर्ने आवश्यकता देखिन्छ ।

च) अन्तर्क्रियात्मक शिक्षण विधिको प्रयोग गरी शिक्षण सिकाइ कार्यकलाप सञ्चालन गर्दा शिक्षण बढी प्रभावकारी हुने हुँदा सबै विद्यालयमा यसलाई प्रयोगमा ल्याउनुपर्ने आवश्यकता देखिन्छ ।

छ) दोहोरो अन्तर्क्रिया विधिको प्रयोग पनि जान्ने र अगाडि बस्ने विद्यार्थीहरूलाई मात्र सहभागी नगराई सबै विद्यार्थीहरूलाई समान रूपमा सहभागी गराउनुपर्ने देखिन्छ ।

ज) निरन्तर मूल्याङ्कनबाट विद्यार्थीहरूले गर्ने त्रुटिमा कमी ल्याउन सकिनेहुँदा यसलाई सबैकक्षाकार्यकलापमा प्रयोग गर्नुपर्ने देखिन्छ ।

# विषय सूची

## अध्याय एक

## शोध परिचय


१.१ पृष्ठभूमि १

१.२.शोध समस्या २

१.३ शोधपत्रको उद्देश्य २

१.४ अध्ययनको सान्दर्भिकता र उपादेयता ३

१.५ शोधको सीमाङ्कन ३

१.६.अध्ययन विधि ४

१.७.शोधपत्रको रूपरेखा ५


## अध्याय दुई

## पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा


२.१. पूर्वकार्यको समीक्षा ७

२.३. अन्तर्क्रियाको सैद्धान्तिक परिचय १२

२.४. अन्तर्क्रियाको ऐतिहासिक पृष्ठभूमि र विकास प्रक्रिया १३

२.५. अन्तर्क्रियाका प्रकारहरू १४

२.६. अन्तर्क्रियाका विधिहरू १७

२.६.१ आन्तरिक अन्तर्क्रिया १८

२.६.२ बाह्य अन्तर्क्रिया १८

२.७. अन्तर्क्रियामा ध्यान दिनुपर्ने कुराहरू २१

२.८. अन्तर्क्रियाका सबल पक्षहरू २२

२.९. अन्तर्क्रियाका दुर्बल पक्षहरू २३

२.१०. अन्तर्क्रियामा प्रभावकारिता ल्याउने तरिका २३

२.११. अन्तर्क्रियाको सही प्रयोग २४

## अध्याय तिन

## अध्ययन विधि


३.१. अध्ययन क्षेत्र छनोट २६

३.२ जनसङ्ख्या २७

३.३ प्रतिनिधि नमुना छनोट २७

३.४ सामग्री निर्माण २९

३.५ तथ्याङ्क सङ्कलन २९

३.५.१. प्राथमिक स्रोत २९

३.५.२. द्वितीयक स्रोत २९

३.५.३. तथ्याङ्कको व्याख्या र विश्लेषण ३०


## अध्याय -चार

## अवलोकनको व्याख्या तथा विश्लेषण


४.१ कक्षा अवलोकनबाट प्राप्त तथ्यको विश्लेषण र व्याख्या ३१

४.१.१ कक्षा प्रारम्भ ३१

४.१.२ शैक्षिक सामग्रीहरू ३४

४.१.३. शिक्षण विधि ३७

४.१.४. कक्षाकोठामा मूल्याङ्कन विवरण ३९

४.१.५. शिक्षक विद्यार्थी सहभागी समयको बाडँफाँड ४२

४.१.६. शिक्षक विद्यार्थी सक्रियताको प्रकृति ४३

४.१.७ कक्षाकोठामा अन्तर्क्रियाको अवस्था ४५

४.२ शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्यको विश्लेषण र व्याख्या ४८

४.३ कक्षा अवलोकन र प्रश्नावलीबाट प्राप्त तथ्यबिचको तुलना ५०

४.४. परिणामको तुलनात्मक विश्लेषण ५१

४.४.१. कक्षा प्रारम्भ ५१

४.४.२. शैक्षिक सामग्रीहरूको प्रयोग ५४

४.४.३. शिक्षण विधिहरू ५७

४.४.४. विद्यार्थी मूल्याङ्कन ६१

४.४.५ शिक्षक विद्यार्थी सक्रियताको प्रकृति ६५

४.४.६ अन्तर्क्रियाको अवस्था ६८
४.५. कक्षा शिक्षणमा प्राप्त सबल र दुर्बल पक्षहरू ७२
४.५.१ कक्षा शिक्षणका सबल पक्षहरू ७२
४.५.२ कक्षा शिक्षणका दुर्बल पक्षहरू **७३**
४.६. निष्कर्ष ७४

**अध्याय - पाँच**

**साराशं, निष्कर्ष र उपयोगिता**

६.१. अध्ययनका निष्कर्षहरू ७६
६.२. सुझावहरू ८०

**सन्दर्भ सामग्री सूची**

**परिशिष्ट खण्डहरु**

## तालिका सूची


तालिका सङ्ख्या : १ : नमुनाका रूपमा छानिएका शिक्षक र विद्यालयको विवरण २८

तालिका सङ्ख्या : २ : नमुना छनोट गरी अवलोकन गरिएका कक्षा र विद्यार्थी विवरण २८

तालिका सङ्ख्या : ३ : कक्षा प्रारम्भ विवरण ३२

तालिका सङ्ख्या : ४ : शैक्षिक सामग्रीको प्रयोगको अवस्था ३५

तालिका सङ्ख्या : ५ : शिक्षण विधिहरू ३८

तालिका सङ्ख्या : ६ : मूल्याङ्कनको प्रकृति ४०

तालिका सङ्ख्या : ७ : शिक्षक सक्रियताको समय ४२

तालिका सङ्ख्या : ८ : विद्यार्थी सहभागिताको समय ४२

तालिका सङ्ख्या : ९ : शिक्षक विद्यार्थी सक्रियताको प्रकृति ४४

तालिका सङ्ख्या : १० : कक्षाकोठामा अन्तर्क्रियको अवस्था अध्ययन ४६

तालिका सङ्ख्या : ११ : कक्षा प्रारम्भ सम्बन्धी तुलनात्मक अध्ययन ५२

तालिका सङ्ख्या : १२ : शैक्षिक सामग्रीको प्रयोगको अवस्था ५५

तालिका सङ्ख्या : १३ : शिक्षण विधि ५८

तालिका सङ्ख्या : १४ : विद्यार्थी मूल्याङ्कन अवस्था ६२

तालिका सङ्ख्या : १५ : शिक्षक विद्यार्थी सक्रियताको प्रकृति ६६

तालिका सङ्ख्या : १६ : अन्तर्क्रियाको अवस्था ६९

# चित्र सूची


चित्र सङ्ख्या : १ : कक्षा प्रारम्भ सम्बन्धी तुलनात्मक अध्ययन (सामुदायिक विद्यालय) ५३

चित्र सङ्ख्या : २ : कक्षा प्रारम्भ सम्बन्धी तुलनात्मक अध्ययन (संस्थागत विद्यालय) ५३

चित्र सङ्ख्या : ३ : शैक्षिक सामग्रीको प्रयोगको अवस्था (सामुदायिक विद्यालय) ५६

चित्र सङ्ख्या : ४ : शैक्षिक सामग्रीको प्रयोगको अवस्था (संस्थागत विद्यालय) ५६

चित्र सङ्ख्या : ५ : शिक्षण विधि (सामुदायिक विद्यालय) ५९

चित्र सङ्ख्या : ६ : शिक्षण विधि (संस्थागत विद्यालय) ५९

चित्रसङ्ख्या : ७ : विद्यार्थी मूल्याङ्कन अवस्था ६३

चित्र सङ्ख्या : ८ : विद्यार्थी मूल्याङ्कन अवस्था ६३

चित्रसङ्ख्या : ९ : शिक्षक विद्यार्थी सक्रियताको प्रकृति (सामुदायिक विद्यालय) ६६

चित्रसङ्ख्या : १० : शिक्षक विद्यार्थी सक्रियताको प्रकृति (संस्थागत विद्यालय) ६७

चित्र सङख्या : ११ : अन्तर्क्रियाको अवस्था ७०

चित्र सङ्ख्या : १२ : अन्तर्क्रियाको अवस्था ७०

## सङ्क्षेपीकृत शब्दसूची

| | |
|---|---|
| आ.मा.वि. | आवासीय माध्यमिक विद्यालय |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| गा.वि.स. | गाउँ विकास समिति |
| तृ.श्रे. | तृतीय श्रेणी |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| द्वि.श्रे. | द्वितीय श्रेणी |
| दो.भा. | दोस्रो भाषी |
| प.भा. | पहिलो भाषी |
| प्र.श्रे. | प्रथम श्रेणी |
| मा.वि. | माध्यामिक विद्यालय |
| वि.श्रे. | विशिष्ट श्रेणी |

# अध्याय एक
# शोध परिचय

## १.१ पृष्ठभूमि

शिक्षा सिकाइको एउटा सामान्य रूप हो । शिक्षा देश विकासको मेरूदण्ड हो । शिक्षाले नै व्यक्तिमा बौद्धिक ज्ञान, सिप र अभिवृत्तिको विकास गराई देश विकासका लागि सक्षम जनशक्तिको व्यवस्थापनमा सहयोग पुऱ्याउँछ । शिक्षाका माध्यमबाट प्राप्त ज्ञान, सिप र बानी व्यवहार शिक्षण, तालिम र अनुसन्धानका माध्यमबाट एक पिँढीबाट अर्को पिँढीमा हस्तान्तरण हुन्छ । यस्तो महत्त्व बोकेको शिक्षालाई कुनै एक समूहबाट अर्को समूहमा हस्तान्तरण गर्नको लागि कक्षाकोठामा प्रभावकारी शिक्षण विधिको आवश्यक पर्दछ । यस कारण विद्यालयीय शिक्षालाई प्रभावकारी र उचित रूपमा सञ्चालन गर्नको लागि वर्तमान परिप्रेक्ष्यमा नवीनतमशिक्षण विधिको खोज र प्रयोग गर्न थालिएको छ । तिनै नवीनतम विधिहरूमध्ये अन्तर्क्रिया विधि पनि एक हो ।

सामान्य अर्थमा अन्तर्क्रिया भन्नाले दुई वा दुईभन्दा बढी व्यक्ति तथा वस्तुबिच कुनै विषयवस्तुमा हुने अन्तर्सम्बन्ध वा सञ्चार प्रक्रियालाई बुझिन्छ । भाषा सिकाइका लागि शिक्षक र विद्यार्थीका बिचमा नतिजामूलक अन्तर्क्रिया अपरिहार्य हुन्छ । अन्तर्क्रियात्मक शिक्षण विधिमा शिक्षक र विद्यार्थी दुवै पक्ष सक्रिय रहन्छन् , जसको माध्यमबाट सिकाइ प्रक्रिया प्रभावकारी र सफल बन्न सक्दछ । अन्तर्क्रियात्मक शिक्षण विधिको माध्यमबाट शिक्षण सिकाइ कार्यकलाप सञ्चालन गर्दा शिक्षक विद्यार्थी समान रूपमा सक्रिय रहने भएकोले विद्यार्थीमा भाषिक सिप र व्यक्तित्वको विकास हुनुको साथै शिक्षकमा विद्यार्थीप्रति सहयोगको भावना जागृत हुन्छ ।

माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको उमेर, शारीरिक, मानसिक, संवेगात्मक र बौद्धिक विकासका दृष्टिले उनीहरूको रुचिप्रति अत्यन्त ध्यान दिनु पर्ने हुन्छ । यसकारण यस शोधपत्रले भाषा शिक्षणका क्षेत्रमा अन्तर्क्रियात्मक विधिको प्रयोगलाई अत्यन्त चासोका साथ लिएको छ । यस शोधपत्रमा चितवन जिल्ला, पार्वतीपुर गा.वि.स. भित्रका दुई सामुदायिक र दुई संस्थागत विद्यालयका कक्षा कार्यकलापको प्रत्यक्ष अवलोकन गरी कक्षाकोठामा विद्यार्थी सक्रियताको अवस्था, अन्तर्क्रिया विधिको प्रयोगको अवस्था जस्ता विविध सन्दर्भलाई मूल आधार बनाइ अध्ययन गरिएको छ ।

## १.२.शोध समस्या

शिक्षण सिकाइ प्रक्रिया एक कठिन प्रक्रिया हो । त्यसमा पनि अन्य विषयको शिक्षण भन्दा भाषिक सिपको शिक्षण अझ जटिल र चुनौतिपूर्ण कार्य हो । शिक्षण सिकाइ कार्यकलाप शिक्षकले एकोहोरो रूपमा प्रवचन दिने र शिक्षार्थी समूहलाई ध्यान दिएर सुन्न लगाउने परम्परागत गलत सोचाइका कारण आज पनि भाषा शिक्षणमा समस्याहरू देखा परेका छन् । वास्तवमा शिक्षण सिकाइ शिक्षक र शिक्षार्थी एक अर्काबिचमा हुने दोहोरो प्रक्रिया हो । यी दुवै पक्षको उचित अन्तर्क्रियाबाट नै भाषिक सिपको शिक्षण प्रभावकारी बन्न सक्दछ । यही सकारात्मक सोचका साथ शिक्षण सिकाइका सन्दर्भमा प्रयुक्त एकोहोरो प्रक्रियालाई छोडी शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी बनाउनको लागि विभिन्न अन्तर्क्रियात्मक उपायहरूमा जोड दिन थालिएको छ । यस अन्तर्क्रियात्मक विधिलाई शिक्षण सिकाइको उत्कृष्ट पद्धति मानिएको परिप्रेक्ष्यमा कक्षाकोठामा शिक्षक शिक्षार्थीका बिचमा गरिने अन्तर्क्रियालाई यस शोधपत्रमा समस्याका रूपमा प्रस्तुत गरिएको छ :

क) शिक्षक र विद्यार्थीबिच सहकार्यकलापका रूपमा कक्षा शिक्षण र मूल्याङ्कनको स्थिति के कस्तो छ ?

ख) कक्षाकोठामा विद्यार्थी सक्रियता कस्तो छ ?

ग) सामुदायिक र संस्थागत विद्यालयमा अन्तर्क्रिया विधिको प्रयोगको तुलनात्मक स्थिति के कस्तो छ ?

## १.३ शोधपत्रको उद्देश्य

कुनै पनि खोज वा अनुसन्धान कार्यद्वारा हासिल गर्न चाहेको लक्ष्य वा उपलब्धिको अभिप्रायलाई उद्देश्यको रूपमा लिन सकिन्छ । शोध जस्तो गहन विषयको अध्ययन उद्देश्यद्वारा प्रभावकारी बन्न सक्दछ । तसर्थ यस शोध कार्यलाई अर्थपूर्ण बनाउनका लागि निम्नानुसारका उद्देश्यहरूमा शोधपत्र केन्द्रित रहेको छ :

क) शिक्षक विद्यार्थीबिच सहकार्यकलापका रूपमा कक्षा शिक्षण र मूल्याङ्कनको स्थिति पत्ता लगाउनु,

ख) कक्षाकोठामा विद्यार्थी सक्रियताको स्थिति पत्ता लगाउनु,

ग)  सामुदायिक र संस्थागत विद्यालयमा अन्तर्क्रिया विधिको प्रयोगको तुलना गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

कुनै निश्चित विषय वस्तुमा केन्द्रित रहेर दुई वा सोभन्दा बढी व्यक्ति, समूह वा पक्षका बिचमा हुने तर्क वितर्क अथवा विचार विमर्शलाई अन्तर्क्रिया भनिन्छ । शिक्षक र विद्यार्थीका बिचमा हुने अन्तर्क्रियाबाट नै कक्षा शिक्षणलाई प्रभावकारी र सफल बनाउन सकिन्छ । यस कार्यको लागि शिक्षक र विद्यार्थी पूर्ण रूपमा सक्रिय रहनु पर्दछ । अझ भाषा शिक्षण जस्तो कठिन शिक्षणमा त शिक्षक र विद्यार्थीहरूको छलफल र अन्तर्क्रियाको झन ठूलो भूमिका रहन्छ । तर पनि यस्तो कटुयथार्थलाई बेवास्ता गरेर शिक्षकले शिक्षण गर्नु भनेको एकोहोरो रूपमा प्रवचन दिनु र विद्यार्थीले निष्क्रिय भएर सुनिरहनु हो भन्ने परम्परावादी सोच अझैपनि शिक्षकहरूमा रहेको पाइन्छ । माध्यामिक शिक्षालाई उच्च शिक्षाको जगको रूपमा लिने गरिन्छ, यस्तो महत्त्वपूर्ण तहको कक्षा शिक्षणलाई बढीभन्दा बढी प्रभावकारी र उपलब्धिमूलक बनाउने अन्तर्क्रियाका सन्दर्भमा नै प्रस्तुत अध्ययन केन्द्रित रहेको छ । माध्यमिक तहको कक्षा शिक्षणमा शिक्षक विद्यार्थी सक्रियता साथै सामुदायिक र संस्थागत विद्यालयमा अन्तर्क्रिया विधिको सम्बन्धमा तुलना गर्न आवश्यक भएकाले यही आवश्यकता परिपूर्तिका लागि प्रस्तुत शोधकार्य तयार गरिएको हुँदा यसको अध्ययन औचित्यपूर्ण रहेको छ । यस अध्ययनबाट प्राप्त तथ्यहरू भाषा शिक्षणमा सरोकार राख्ने पक्षहरू, भाषा शिक्षण सिकाइमा संलग्न विद्यार्थीहरू, शिक्षकहरू लगायत अनुसन्धानकर्ताको लागि समेत उपयोगी हुने भएकाले प्रस्तुत अनुसन्धान औचित्यपूर्ण देखिएको छ ।

## १.५ शोधको सीमाङ्कन

प्रस्तुत शोधपत्र चितवन जिल्ला, पार्वतीपुर गा.वि.स अन्तर्गतका दुई सामुदायिक र दुई संस्थागत विद्यालयका माध्यमिक तह कक्षा ९ र कक्षा १० मा नेपाली भाषा शिक्षण गर्ने एक/एक जना गरी जम्मा ४(चार) जना शिक्षकहरूको कक्षा कार्यकलाप तथा अन्तर्वार्तामा केन्द्रित रहने छ । चार जना शिक्षकहरूको दश/दश कक्षा गरी जम्मा ४० (चालिस) कक्षाको अवलोकनमा प्रस्तुत शोघपत्रलाई सिमीत गरिएको छ ।

## १.६.अध्ययन विधि

प्रस्तुत शोधपत्र माध्यामिक तहमा भाषा शिक्षणका सन्दर्भमा सञ्चालन गरिने अन्तर्क्रियामा केन्द्रित रहने छ । यस शोधले कक्षामा शिक्षक विद्यार्थी अन्तर्क्रियाको सक्रियता, कक्षा शिक्षण र मूल्याङ्कनलाई शिक्षक र विद्यार्थीबिच सहकार्यकलापका रूपमा प्रयोग, सामुदायिक र संस्थागत विद्यालयमा अन्तर्क्रिया विधिको प्रयोग सम्बन्धमा तुलनाको बारेमा अध्ययन गर्ने भएकाले यी उद्देश्यहरू हासिल गर्नका लागि मुख्यतः क्षेत्रीय अध्ययन विधि र अंशतः पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । यसरी अध्ययन गर्दा उपयुक्त सामग्रीको निर्माण गरी कक्षा अवलोकन पश्चात् ती सामग्रीको विश्लेषण गरिएको छ ।

### क) जनसङ्ख्याको छनोट

मा.वि. तहमा नेपाली भाषा शिक्षण सञ्चालन हुने शिक्षक विद्यार्थी अन्तर्क्रियाको बारेमा जानकारी सङ्कलन गर्नका लागि विशेष गरी नेपाल राष्ट्रभरका विभिन्न मा.वि. विद्यालयमा रहेर नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूको कक्षा शिक्षणको अवलोकन गर्नुपर्ने भएतापनि प्रस्तुत शोधपत्रको पाठ्यभार तथा समयावधि आदिको सीमाङ्कनलाई विचार गर्दा सो कार्य सम्भव नभएकाले चितवन जिल्लाको पार्वतीपुर गा.वि.स. भित्रका सामुदायिक र संस्थागत विद्यालयमा अध्यापन गराउने शिक्षक शिक्षिकाको कक्षा तथा तिनका विद्यार्थीलाई प्रतिनिधि नमूनाका रूपमा छनौट गरिएको छ ।

### ख) सामग्री सङ्कलन

शिक्षकहरूको कक्षा शिक्षण अवलोकनका लागि पाठको प्रकृति अनुसार कक्षा अवलोकन फारम तयार पारिएको छ । कक्षा अवलोकन पश्चात् सम्बद्ध शिक्षक विद्यार्थीहरूलाई कक्षा शिक्षणसँग सम्बन्धित विषयमा केन्द्रित हुने गरी प्रश्नावली भर्न लगाइने छ । उपर्युक्त पद्धतिबाट सङ्कलित सामग्री नै यस शोधको प्रारम्भिक सामग्री मानिएको छ । प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा कक्षा अवलोकन, प्रश्नावली तथा अन्तर्वार्ताका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ग) तथ्याङ्क विश्लेषण

प्रस्तुत शोधपत्रको तयारीका क्रममा सङ्कलन गरिएका सामग्री तथा तथ्याङ्कलाई तालिकीकरण, आरेख, एक अर्काबिच तुलना र विश्लेषणात्मक पद्धतिद्वारा विश्लेषण गरी निष्कर्षमा पुग्ने कोसिस गरिएको छ । यो शोधपत्र निर्माणका लागि वर्णनात्मक, तुलनात्मक, विश्लेषणात्मक विधिको अवलम्बन गरिनुका साथै अनुगमनात्मक पद्धतिबाट सामग्री सङ्कलन गरिएको छ ।

## १.७.शोधपत्रको रूपरेखा

शोधपत्रलाई सरल व्यवस्थित र प्रभावकारी बनाउनका लागि शोधपत्रको रूपरेखालाई महत्त्वपूर्ण भूमिका खेल्दछ । यस शोधपत्रलाई ६ परिच्छेदमा विभाजन गरी पूर्णता दिइएको छ । तिनको संक्षिप्त चिनारी तल गरिएको छ ।

### परिच्छेद एक

यस शोधपत्रमा परिच्छेद एक अन्तर्गत शोध परिचयलाई मुख्य आधार मानेर यस अर्न्तगत शोधपत्रको पृष्ठभूमि, शोध समस्या, उद्देश्य, अध्ययनको औचित्य, सीमाङ्कन अध्ययन विधि र शोधको रूपरेखा रहेका छन् ।

### परिच्छेद दुई

परिच्छेद दुई अन्तर्गत पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचयलाई मुख्य शीर्षकको रूपमा राखिएको छ । जस अन्तर्गत अन्तर्क्रियाको सैद्धान्तिक परिचय ऐतिहासिक पृष्ठभूमि र विकास प्रक्रिया, पूर्वकार्यको समीक्षा मा.वि. तहको नेपाली भाषा शिक्षणमा अन्तर्क्रियाको आवश्यकता र प्रयोजन, अन्तर्क्रियाका प्रकार, विधिहरु, अन्तर्क्रियाका सबल र दुर्बल पक्ष र अन्तर्क्रियामा प्रभावकारिता ल्याउने विधि समावेश गरिएको छ ।

### परिच्छेद तिन

यस परिच्छेदमा अध्ययन विधि मुख्य विषयका रूपमा रहेको छ । यसभित्र अध्ययन क्षेत्र छनोट, जनसङ्ख्या नमुना छनोट, सामग्री सङ्कलन, तथ्याङ्क सङ्कलन, व्याख्या विश्लेषण जस्ता पक्षहरू रहेका छन् ।

**परिच्छेद चार**

परिच्छेद चार अन्तर्गत अवलोकनको व्याख्या तथा विश्लेषणलाई मुख्य आधार मानी कक्षा अवलोकनबाट प्राप्त तथ्यको तुलनात्मक विश्लेषण गरी कक्षा शिक्षणका सबल र दुर्बल पक्ष खुट्याउनुका साथै  निष्कर्ष दिने काम गरिएको छ ।

**परिच्छेद पाँच**

प्रस्तुत शोधपत्रको अन्तिम परिच्छेदका रूपमा परिच्छेद पाँच रहेको छ । जसमा सारांश, निष्कर्ष र उपयोगितालाई प्रमुख प्राथमिकता दिई अध्ययनका निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ । निष्कर्ष दिने क्रममा पहिलो, दोस्रो र तेस्रो उद्देश्यलाई भिन्न रुपमा राखी प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१. पूर्वकार्यको समीक्षा

आफूले गर्न लागेको शोध कार्यभन्दा पूर्व आफ्नो अध्ययन क्षेत्रसँग सम्बन्धित के–कस्ता अनुसन्धान भएका छन् ? सो जान्नको लागि पूर्वकार्यको समीक्षाको विशेष महत्त्व रहन्छ । पूर्वकार्यको समीक्षाको माध्यमबाट अध्ययनलाई उद्देश्यमूलक बनाउन सकिन्छ । यसले सम्बन्धित क्षेत्रमा भएका अनुसन्धान कार्यको पुनरावृत्ति हुनबाट जोगाउनुका साथै आफूले गर्दै गरेको शोधकार्यलाई अन्तिम स्वरूप दिन सहयोग गर्दछ । माध्यामिक तहमा शिक्षक विद्यार्थी अन्तर्क्रिया अध्ययनको विषयसँग मिल्दाजुल्दा अध्ययन वि.सं.२०६५ पछि केही मात्रामा भएको भेट्न सकिन्छ । तिनै अध्ययन सामग्रीलाई यस अनुसन्धानमा पूर्वकार्य समीक्षाको रूपमा प्रस्तुत गरिने छ :

कटुवाल (२०६५) द्वरा स्नातकोत्तर तह उपाधिका लागि गरिएको **'कक्षा ८ को नेपाली भाषा शिक्षण सिकाइमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन'** नामक शोधपत्रका उद्देश्यहरू यस प्रकार रहेका छन :

उद्देशयहरू :

(क) कक्षा आठका शिक्षक विद्यार्थीबिच हुने अन्तर्क्रियाको समयावधि पत्ता लगाउनु,

(ख) शिक्षक विद्यार्थी अन्तर्क्रियाको स्वरूप पत्ता लगाउनु ।

निष्कर्षहरू :

(क) कक्षा कार्यकलापमा विद्यार्थीले भन्दा शिक्षकले नै बढि समयको उपयोग गरेका,

(ख) कक्षा कार्यकलापमा विद्यार्थीको तुलनामा शिक्षक नै बढी सक्रिय रहेका र

(ग) कक्षाकार्य उद्देश्य अनुरूप सफल रूपमा सञ्चालन गर्न नसकेको ।

महरा (२०६५) द्वारा स्नातकोत्तर तह उपाधिका लागि तयार गरिएको **'नेपाली भाषा शिक्षण सिकाइमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन'** नामक शोधको उद्‌देश्य र निष्कर्षहरू निम्नानुसार रहेका छन् :

उद्‌देश्यहरू :

(क) नेपाली विषय शिक्षणमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको स्थिति पत्ता लगाउनु,

(ख) शिक्षक विद्यार्थी सहभागिताको प्रकृति पत्ता लगाउनु,

(ग) पाठको प्रकृति अनुसारको कक्षा शिक्षणको स्थिति पत्ता लगाउनु ।

निष्कर्षहरू :

(क) कक्षा शिक्षणमा अन्तर्क्रियालाई कमै महत्त्व दिइएको,

(ख) कक्षा शिक्षणमा विद्यार्थीको रुचिलाई बेवास्ता गरिएको,

(ग) कक्षाकोठा अन्तर्क्रियामा शिक्षकको तुलनामा विद्यार्थी कम सक्रिय रहेका,

(घ) कक्षाकोठालाई व्यवस्थित बनाउन नसकिएको ।

क्षेत्री (२०६५), द्वारा स्नातकोत्तर उपाधिको लागि तयार पारिएको **'कक्षा ५ का शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन'** नामक शोधपत्रमा निम्नानुसारका उद्‌देश्य र निष्कर्षहरूलाई समावेश गरिएको छ ।

उद्‌देश्यहरू :

(क) शिक्षक विद्यार्थी अन्तर्क्रियाको समयावधि पत्ता लगाउनु,

(ख) शिक्षण सिकाइ क्रियाकलापको अध्ययन गर्नु,

(ग) अन्तर्क्रियामा विद्यार्थी सहभागिताको अध्ययन गर्नु र आवश्यक सुझाव दिनु ।

निष्कर्षहरू :

(क) कक्षा शिक्षणमा अन्तर्क्रियाका लागि विद्यार्थीलाई कम समय छुट्‌टाइएको,

(ख) कक्षा शिक्षणमा थोरै मात्र विद्यार्थी विद्यार्थीबिच अन्तर्क्रिया र छलफल गरिएको,

(ग) विद्यार्थीलाई सक्रिय बनाई कक्षा शिक्षण गर्न उपयुक्त हुने भएतापनि शिक्षक नै बढि सक्रिय हुने गरेका ।

घिमिरे (२०६५) द्वारा स्नातकोत्तर उपाधिका लागि **'कक्षा ८ को नेपाली भाषा शिक्षण सिकाइमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन'** शीर्षकमा गरिएको शोधपत्रमा देहाय बमोजिमका उद्देश्य र सुझावहरू दिइएको छ ।

(क) पाठ्यवस्तु अनुसारको शिक्षण सिकाइ कार्यकलाप भए नभएको पत्ता लगाउनु,

(ख) शिक्षक विद्यार्थीबिच सञ्चालन हुने अन्तर्क्रियाको समय निर्धारण गर्नु,

सुझावहरू :

(क) विद्यार्थीलाई शिक्षकसँग नजिक हुन विद्यार्थी अनुकूल वातावरण तयार पार्नुपर्ने,

(ख) शिक्षक विद्यार्थी अन्तर्क्रियामा अधिकतम सुधार ल्याउनु पर्ने,

(ग) शिक्षणलाई पाठ्यवस्तु अनुसार क्रमबद्ध बनाउनु पर्ने ।

रजौरे (२०६६) द्वारा स्नातकोत्तर तह उपाधिका लागि तयार पारिएको **'कक्षा नौको नेपाली भाषाको शिक्षण सिकाइमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन'** नामक अनुसन्धानका उद्देश्य र निष्कर्षहरू निम्नानुसार रहेका छन् :

(क) कक्षाकोठाको वातावरण पत्ता लगाउनु,

(ख) अन्तर्क्रियाको क्रममा पाठ्यवस्तु र कार्यकलापबिचको तालमेल पहिल्याउनु,

(ग) शिक्षक विद्यार्थी अन्तर्क्रियाको स्थिति पत्ता लगाउनु ।

निष्कर्षहरू :

(क) कक्षा कार्यकलापमा विद्यार्थी निष्क्रिय रही शिक्षक सक्रिय हुने गरेका,

(ख) शिक्षकलाई अन्तर्क्रिया विधिको बारेमा जानकारी नभएको,

(ग) शिक्षण कार्यलाई पाठयोजना बिना नै सञ्चालन गर्ने गरेको ।

ढकाल (२०६६) द्वारा स्नातकोत्तर तह उपाधिको लागि तयार पारिएको **'कक्षा तिनका शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन'** नामक शोधपत्रमा देहाय बमोजिमका उद्देश्य र सुझावहरू प्रस्तुत गरिएको छ :

उद्देश्यहरू :

(क) पाठ्यक्रमको उद्देश्य अनुरुप शिक्षक विद्यार्थी अन्तर्क्रियाको स्वरूपको अध्ययन गर्नु,

(ख) पाठको प्रकृति अनुसार सान्दर्भिकता र सार्थकता पहिचान गर्नु,

(ग) अन्तर्क्रियाको समयावधि पत्ता लगाउनु ।

सुझावहरू :

(क) कक्षा शिक्षणमा विद्यार्थीको सहभागिता बढाउनु पर्ने,

(ख) शिक्षणलाई प्रभावकारी बनाउन शिक्षकलाई तालिमको व्यवस्था गर्नुपर्ने,

(ग) शिक्षक र विद्यार्थीको सम्बन्ध सुमधुर हुनुपर्ने ।

पोखरेल (२०६८) द्वारा स्नातकोत्तर उपाधिका लागि तयार पारिएको **'इलाम जिल्लाका कक्षा ८ का शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन'** नामक शोधपत्रमा निम्नानुसारका उद्देश्य र सुझावहरू रहेका छन् :

उद्देश्यहरू :

(क) अन्तर्क्रियाको समयावधि पत्ता लगाउनु ,

(ख) पाठ्यक्रमको उद्देश्य अनुरूप क्रियाकलाप भए नभएको अध्ययन गर्नु,

(ग) शिक्षणक्रम पाठको प्रकृति अनुरूप छ/छैन पत्ता लगाउनु ।

सुझावहरू :

(क) शिक्षकले कक्षाकोठामा प्रवेश गर्नुपूर्व पाठयोजना तयार पारी गएमा शिक्षण प्रभावकारी हुने,

(ख) कक्षाकोठाको राम्रो व्यवस्थापन हुनुपर्ने,

(ग) शिक्षणमा खोज, समस्या समाधान, छलफल विधिजस्ता नवीन विधिको प्रयोग गर्नुपर्ने ।

तिमसिना (२०६८) द्वारा स्नातकोत्तर तह उपाधिका लागि तयार पारिएको **'नि.मा.वि. तहमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन'** नामक शोधपत्रमा निम्नानुसारका उद्‌देश्य र निष्कर्षहरू प्रस्तुत गरिएको छ :

उद्‌देश्यहरू :

(क) नि. मा. वि. तहमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको स्वरूपको अध्ययन गर्नु,

(ख) शिक्षकले शिक्षणमा पर्याप्त छलफल गरे नगरेको पत्ता लगाउनु,

(ग) भाषा पाठ्यक्रमको कुन पाठ्यवस्तुको अन्तर्क्रियात्मक पठनपाठन कति प्रभावकारी छ त्यसको अध्ययन गर्नु ।

निष्कर्षहरू :

(क) अधिकांश कक्षाहरूमा शिक्षकहरू मात्र सक्रिय रही विद्यार्थीहरू निस्क्रिय रहेका,

(ख) धेरै कक्षाहरूमा शिक्षकको एकोहोरो अन्तर्क्रिया भएको,

(ग) शिक्षण कार्यकलापको अवलोकन गर्दा भाषा शिक्षण गर्नु भन्दा पनि विषय शिक्षण गर्ने गरेको ।

(घ) असाध्यै न्यून मात्रामा शैक्षिक सामग्रीको प्रयोग गर्ने गरेको ।

## २.२. मा.वि तहको नेपाली भाषा शिक्षणमा अन्तर्क्रियाको आवश्यकता र प्रयोजन

अन्तरक्रियाले माध्यामिक तहका विद्यार्थीहरू नेपाली भाषा शिक्षामा निष्क्रिय भन्दा सक्रिय रही कक्षा कार्यकलाप सञ्चालन गर्न रुचाउँदछन । त्यसैले उनीहरूमा प्रतिस्पर्धाको विकास गर्न, विषयवस्तुप्रति रुचि जगाउन, तार्किक र वैचारिक शक्ति विकास गर्न, शिक्षणमा मौलिकताको विकास गर्न र सरल र सहज वातावरणको सिर्जना गरी कक्षा कार्यकलाप सञ्चालन गर्न अन्तर्क्रियात्मक शिक्षण विधि महत्त्वपूर्ण हुन्छ ।

## २.३. अन्तर्क्रियाको सैद्धान्तिक परिचय

सामान्य अर्थमा कुनै दुई वा सोभन्दा बढी व्यक्ति समूह वा पक्षका बिचमा कुनै निश्चित विषयवस्तुमा आधारित भई एक आपसमा हुने तर्क विर्तक बहस तथा छलफललाई अन्तर्क्रिया भनिन्छ । अन्तर्क्रिया शब्द 'अन्तर र क्रिया' दुई शब्द मिलेर बनेको छ । जहाँ अन्तरको अर्थ भित्र वा बिचको भन्ने हुन्छ भने क्रियाले कर्म वा कामलाई बुझाउँछ । यस्तो अन्तर्क्रिया निश्चित विषयवस्तुमा केन्द्रित वैयक्तिक आदानप्रदानद्वारा ठोस निष्कर्ष निस्कन्छ । सो निष्कर्षमा  कुनै एक पक्षको मात्र नभई दुवै व्यक्ति वा पक्षको साझा सहमतिका कुराहरू रहन्छन । यहाँ अन्तरर्क्रिया भन्नाले कक्षाकोठामा शिक्षण क्रियाकलापमा शिक्षक र विद्यार्थी बिच हुने छलफल प्रश्नोत्तर तथा वादविवाद एवम् भावना र विचारहरू आदान प्रदान हुने प्रकियालाई बुझाउँछ ।

कक्षाकोठामा शिक्षक र विद्यार्थीबिच अथवा बिद्यार्थी बिद्यार्थीबिच हुने अन्तर्क्रिया हुने भएकोले कक्षाकोठाको वातावरण अन्तर्क्रियायुक्त बनाउनु जरुरी हुन्छ । तसर्थ अन्तर्क्रियात्मक शिक्षण विधिमा शिक्षक र विद्यार्थी दुबै पक्ष सक्रिय हुनको साथसाथै दुवै पक्षको व्यवहार राम्रो हुनु पनि उत्तिकै आवश्यक छ । भाषा सिकाइका लागि शिक्षक विद्यार्थीका बिचमा हुने अन्तर्क्रियाले सिकाइलाई रोचक, प्रभावकारी, स्तरयुक्त र उद्देश्यमूलक बनाई  विद्यार्थीहरूलाई  भाषा सिकाइमा सक्रिय बनाउँदछ । यसले उनीहरूको आत्मविश्वास बढ्नुका साथै सहयोगी समझदारी, मेलमिलापको भावना र नेतृत्वदायी  सिप आदि विभिन्न सिपहरूको विकास हुन्छ । जसबाट विद्यार्थीहरूमा सामाजिकीकरण र व्यक्तित्वको विकासमा हुन्छ । कक्षाकोठामा शिक्षकविद्यार्थी बिचको अन्तर्क्रियाका साथै विद्यार्थी-विद्यार्थी बिच र विद्यार्थी सामग्रीका बिचमा पनि अन्तरर्क्रिया हुने गर्दछ । तसर्थ विद्यार्थीको सिकाइलाई रोचकपूर्ण वातावरणमा सम्पन्न गर्न कक्षाकोठा र शिक्षण क्रियाकलाप व्यवस्थित बनाउनु पर्दछ । विद्यालय शिक्षालाई प्रभावकारी र उचित रूपमा सञ्चालन गर्नका लागि वर्तमान परिप्रेक्ष्यमा एकीकृत अन्तर्क्रियात्मक विधिलाई नै उत्कृष्ट शिक्षण विधिका रूपमा लिइए।

## २.४. अन्तर्क्रियाको ऐतिहासिक पृष्ठभूमि र विकास प्रक्रिया

अन्तर्क्रिया शब्दलाई प्रयोगात्मक नेपाली शब्दकोशमा विभिन्न व्यक्तिहरू बसी एक आपसमा गरिने छलफल, आपसी विचार विमर्स, पारस्परिक सल्लाह, अन्तरसंवाद भनी प्रष्ट पारिएको छ । यसैगरी नेपाली बृहत् शब्दकोशका अनुसार दुई वा दुईभन्दा बढी व्यक्ति वा समूह बिचमा हुने आपसी कुराकानी, पारस्परिक वार्तालापलाई अन्तर्क्रिया भनिएको छ । अक्सफोर्ड अन्तर्क्रियाले कुनै चिज, विषय वा परिस्थितिको बारेमा गरिएको छलफल, कुराकानी वा संवादलाई सङ्केत गर्दछ ।(एडभान्स लनर्स डिक्सनेरी:२०१०:८११) यसरी अन्तर्क्रियालाई ज्ञान, अनुभव, सिप आदि कुराको आदान प्रदान गर्ने एक सहज र प्रभावकारी प्रक्रियाका रूपमा लिन सकिन्छ ।

कक्षाकोठामा हुने शिक्षक विद्यार्थी बिचको अन्तर्क्रियालाई कक्षाकोठा अन्तर्क्रिया अर्थात् शिक्षक विद्यार्थी अन्तर्क्रिया भनिन्छ । कक्षाकोठामा हुने अन्तर्क्रियालाई एक निरन्तर प्रक्रियाका रूपमा लिन सकिन्छ । यो शिक्षक विद्यार्थीको समय र बोल्ने प्रक्रियामा भर पर्दछ र मुख्य गरेर को कतिबेला कसरी बोल्ने ? भन्नेमा भर पर्दछ । कक्षाकोठामा अन्तर्क्रिया सम्बन्धी पहिले भएका विविध अनुसन्धानमा अन्तर्क्रियाका क्रममा शिक्षक विद्यार्थीले प्रयोग गर्ने भाषा र दोस्रो भाषा सिकाइमा त्यसले पार्ने प्रभावका बारेमा अध्ययन तथा अनुसन्धान गरिएको थियो । तर हालै गरिएका अध्ययन तथा अनुसन्धानमा कक्षाकोठा अन्तर्क्रियामा प्रभाव पार्ने तत्त्वमा कक्षाकोठा अन्तर्क्रियालाई निर्धारित गर्ने विविध तत्त्वहरू बारेमा खोज गरिएको छ । सन् १९३० को दशकबाट कक्षाकोठामा अन्तर्क्रिया विश्लेषणका थुप्रै कार्यहरू सुरु भए, जसमा एच. एच. एण्डरसन को नाम अग्रपक्तिंमा आउँछ । उनी खास गरी कक्षाकोठा भित्र शिक्षक केन्द्रित र सहभागिता पद्धतिको अध्ययन गर्न चाहन्थे । तसर्थ उनको अनुसन्धान कक्षाकोठामा आदेशात्मक वा सहभागितामुलक तरिका राम्रो हुन्छ भन्नेमा केन्द्रित थियो । उक्त अनुसन्धानको निष्कर्ष अन्तर्क्रियात्मक कार्यले महत्त्वपूर्ण स्थान कायम गऱ्यो । यस विधिमा विद्यार्थीको प्रत्यक्ष सहभागिता हुने हुनाले शिक्षणको उद्देश्य पूरा भयो भनी मापन गर्न सकिन्छ  र आवश्यकता अनुसार सुझाव दिने तथा परिमार्जन गर्न सहज हुने कुरा उनले बताएका छन । यसपछि अन्तर्क्रियाका विश्लेषण विधिमा शिक्षाविद्हरू निरन्तर लागि परे । विविध अन्तर्क्रियात्मक विधिहरूको विकास भयो । यस्ता विविध अन्तर्क्रियात्मक विधिहरूमध्ये निड ए फ्लाडर्स ले १९५० मा फ्लाडर विधि निकाले ।

सन् १९५० देखि ६० को दशकबाट पश्चिमी जगत्मा डिस्कुलिङ सोसाईटी, स्कुल विथआउट वाल्स र ओपन एजुकेशनका  धारणाहरू आए । यी धारणाहरूले अन्तर्क्रियात्मक विधिलाई जोड दिए । अनौपचारिक शिक्षामा पनि नयाँ मोड ल्याउनका लागि शिक्षकलाई तालिम  प्राप्त बनाउन, सिकाइ प्रभावकारी बनाउन, शिक्षक विद्यार्थीलाई क्रियाशील बनाउन यस विधिको प्रयोग गरियो । ( शर्मा एण्ड शर्मा २०६३ )

त्यसपछि सन् १९९६ को दशकपछि कक्षाकोठामा अन्तर्क्रिया विधि ज्यादै प्रचलित बन्दै आएको छ । हालै भएको अनुसन्धानमा हल र भरप्लेट्स २००२ ले शिक्षक विद्यार्थी अन्तर्क्रिया एक प्रक्रिया हो, जसमा शिक्षक विद्यार्थी सँगसँगै अन्तर्क्रियात्मक रूपमा काम गर्दछन् र प्रयोगात्मक व्यवहार प्रदर्शन गर्दछन । जसले दोस्रो भाषाको निर्माण र विषयवस्तुको बारेमा धारणा राख्न मद्दत गर्दछ । साथसाथै त्यसको प्रक्रिया र उपलब्धिले व्यक्तिगत विकासमा मद्दत गर्दछ भन्ने विचार अगाडि सारेका छन् ।

## २.५. अन्तर्क्रियाका प्रकारहरू


शिक्षण सिकाइका क्रममा कक्षाकोठा भित्र शिक्षक र विद्यार्थीले विभिन्न किसिमका कार्यकलापहरू गर्दछन् र यस क्रममा उनीहरूले विभिन्न व्यवहार देखाउँदछन्  । यसरी कक्षाकोठामा यी दुवै पक्षको व्यवहारले अन्तर्क्रियाको स्वरूप निर्धारण गर्दछ । जहाँ विद्यार्थीको चाख,क्षमता, योग्यता, आवश्यकता र व्यवहारले शिक्षककोव्यवहार निर्धारण गर्दछ । यसरी भाषा शिक्षण प्रक्रियामा गरिने अन्तर्क्रियाका विधिहरूलाई विभिन्न शिक्षाविद्व तथा विद्धानहरूले आ-आफ्ना धारणा र विचारहरूलाई आ-आफ्ना ढङ्गबाट प्रस्तुत गरेका छन् ।

लेखकहरू विष्णुप्रसाद अधिकारी र आनन्द पौडेलले आफ्नो **शिक्षाशास्त्र र नेपालमा शिक्षा**नामक पुस्तकमा विभिन्न पक्षका बिचमा हुने अन्तर्क्रिया मुख्यतया तिन प्रकारका हुन्छन् भनी विभाजन गरेका छन् जुन, व्यक्ति व्यक्ति बिच हुने अन्तर्क्रिया, व्यक्ति र समूहबिच हुने अन्तर्क्रिया र समूह समूह बिच हुने अन्तर्क्रिया हुन् ।

यसरी विभिन्न पक्षका बिचमा हुने अन्तर्क्रियामध्ये व्यक्ति व्यक्ति बिचको अन्तर्क्रियालाई पहिलो चरणको अन्तर्क्रिया, व्यक्ति र समूह बिचको अन्तर्क्रियालाई दोस्रो चरणको अन्तर्क्रिया र समूह समूह बिच हुने अन्तर्क्रियालाई तेस्रो चरणको अन्तर्क्रिया भनि

व्याख्या गरिएको पाइन्छ । यी विभिन्न प्रकारका अन्तर्क्रिया र त्यो किन ? र कसरी ? भन्ने कुरा तलको तालिकामा प्रस्तुत गरिएको छ :

**क) व्यक्ति व्यक्ति बिचको अन्तर्क्रिया**




यसरी अनिवार्य व्यक्तिगत आवश्यकता पूर्तिको लागि दैनिक भाषिक व्यवहार चलाउने क्रममा गरिने प्रारम्भिक अन्तर्क्रियालाई व्यक्तिगत अन्तर्क्रिया भनिन्छ । जसलाई माथिको तालिकामा प्रष्ट पारिएको छ ।

**ख) व्यक्ति समूह बिचको अन्तर्क्रिया**

कोसंग ?
-स्थानीय समुदाय
-सामाजिक संघसंस्था
-विद्यालय
-धार्मिक संघसंस्था


व्यक्ति- समूह बिचको अन्तर्क्रिया

कसरी ?
-समूहको सदस्य बनेर
-सामूहिक क्रियाकलापमा प्रत्यक्ष सहभागी भएर
-बहस, छलफल, संवाद तथा अन्तर्क्रिया गरेर
-सामूहिक समस्या प्रस्तुत गरेर
-धार्मिक संघसंस्थामा छलफल गरेर

किन?
-आपसी सम्बन्ध विस्तार गर्न
-ज्ञानको क्षेत्र अभिवृद्धि गर्न
-सामूहिक भूमिका पहिचान गर्न
-व्यक्ति वा समूहका भावना बुझ्न
-अस्तित्व कायम गर्न
-एकआपसमा ज्ञानको आदानप्रदान गर्न

व्यक्ति र कुनै निश्चित उद्देश्य तथा लक्ष्य लिएर सामूहिक हितका लागि स्थापित समूहका बिचमा हुने अन्तर्क्रियालाई दोस्रो चरणको अन्तर्क्रिया भनिन्छ, जसलाई माथिको तालिकामा प्रष्ट पारिएको छ । यस अन्तर्क्रियामा कुनैपनि व्यक्तिले आफूसँग भएका ज्ञान, सिप र मूल्यमान्यताका अनुभवजन्य भावना वा विचारहरू प्रदान गरी समूहद्वारा निर्धारित मुल्य मान्यता, ज्ञान, सिप, र अनुभवहरू ग्रहण गर्न सक्दछन् भन्ने कुरा माथि देखाउन खोजिएको छ ।

### ग) समूह समूह बिचको अन्तर्क्रिया




कुनै पनि क्षेत्रका लागि साझा उद्देश्य भएका व्यक्तिहरू मिलेर सामुहिक हितका लागि कुनै पनि समूहहरू गठन गरिएका हुन्छन् । यस्ता निश्चित लक्ष्य र साझा उद्देश्य भएका दुई समूहहरूका बिचमा हुने अन्तर्क्रियालाई तृतीय चरणको अन्तर्क्रिया भनिन्छ । जसलाई माथिको तालिकामा देखाइएको छ ।

### २.६. अन्तर्क्रियाका विधिहरू

कक्षाकोठामा शिक्षक र विधार्थीबिच हुने अन्तर्क्रियालाई विभिन्न विद्वानहरूले आ-आफ्नै ढङ्गले व्याख्या एवम् विश्लेषण गरेका छन् । अन्तर्क्रिया गर्ने तरिका सम्बन्धी दिनेश पोखेलको (२००७: ५-७) **इफेक्टिभ अफ इन्टरयाक्सन टेक्निक इन टिचिङ कम्युनिकेसन फङ्सन** मा निम्नानुसार उल्लेख गरेका छन् ।

अन्तर्क्रिया भन्नाले विद्यार्थी - विद्यार्थीबिचमा हुने कुराकानी हो । यसले विद्यार्थी - विद्यार्थी र शिक्षक - विद्यार्थीबिचमा हुने कुराकानीलाई आदानप्रदानको प्रक्रिया हो । अर्को शब्दमा अन्तर्क्रिया विधि भन्नाले सिकारू र उसको सहपाठी बिचमा हुने वातचितलाई बुझाउँछ ।

त्यसैगरी चिरन्जीवी शर्मा र निर्मला शर्माले **शैक्षिक प्रविधि र नेपालमा शिक्षा**नामक पुस्तकमा अधिकारयुक्त अन्तर्क्रिया र एकीकृतयुक्त अन्तर्क्रिया भनी व्याख्या गरेका छन् ।

कुपर रविन्सनका विचारमा “सिकाइ हुनका लागि एउटा ठुलो कक्षामा निम्नलिखित तिन स्तर, शिक्षक विद्यार्थीबिच,विद्यार्थी विद्यार्थीबिच र विद्यार्थी शैक्षिक सामग्रीबिच अन्तर्क्रिया विधिको सम्बोधन हुनु जरुरी हुन्छ ।”

यसरी विभिन्न विद्वानहरूले दिएका विचारहरूलाई मध्यनजर गर्दै कक्षाकोठामा प्रयोग गरीने अन्तर्क्रिया प्रकियाका विविध स्वरूपहरूलाई हेरी अन्तर्क्रियालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

### २.६.१ आन्तरिक अन्तर्क्रिया

कुनै पनि विषयवस्तु उपर व्यक्ति स्वयम् आफैभित्र हुने क्रिया प्रतिक्रियालाई आन्तरिक अन्तर्क्रिया भनिन्छ । कुनै पनि विषयवस्तुका बारेमा शिक्षक स्वयम् वा विद्यार्थी स्वयम् पक्ष विपक्षमा खडा भई तर्क वितर्क तथा वैचारिक मन्थनद्वारा हो वा होइन भन्ने निष्कर्षमा पुग्दछ भने त्यसलाई आन्तरिक अन्तर्क्रिया भनिन्छ । यसमा व्यक्तिले आफ्नो अनुभवका आधारमा एकल संवाद सोचविचार तर्क वितर्क आत्मालाप मनोवाद र मानसिक अनुमान गर्दछ । यो विधि कला कार्यकलापमा त्यति प्रयोग नभएतापनि व्यक्तिगत वार्षिक क्षमता बृद्धि गर्न र ज्ञान प्राप्तिका लागि उपयोगी हुन्छ ।

### २.६.२ बाह्य अन्तर्क्रिया

कुनै दुई वा सोभन्दा बढी व्यक्ति समूह वा पक्षका बिचमा कुनै विषयवस्तुमाथि हुने छलफल तर्क वितर्क वादविवाद वा क्रिया प्रतिक्रिया बाह्य अन्तर्क्रिया भन्ने बुझिन्छ । मा.वि तहको कक्षाकोठामा नेपाली भाषा शिक्षणका सन्दर्भमा पाठ्यक्रमका कथा, कविता, निबन्ध, व्याकरण, जीवनी, अभिव्यक्ति, सिर्जना जस्ता पाठ्यवस्तुहरूमा गरिने प्रश्नोत्तर

छलफल सामुहिक संवाद आदि पर्दछन् । बाह्य अन्तर्क्रियामा विशेष गरी शिक्षक र विद्यार्थीका बिचमा, विद्यार्थी विद्यार्थीका बिचमा, पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीका बिचमा, जान्ने र नजान्नेका बिचमा, छात्र छात्राका बिचमा, र विद्यार्थी र शैक्षिक सामग्रीका बिचमा अन्तर्क्रिया गराउन सकिन्छ । जसलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ ।

**क) शिक्षक र विद्यार्थी अन्तर्क्रिया**

कक्षाकोठामा शिक्षण सिकाइका सन्दर्भमा शिक्षकले आफ्ना ज्ञान, सिप, अनुभव तथा बिचारहरू व्यक्त गर्ने र विद्यार्थीहरूले शिक्षकका विचारहरू ग्रहण गर्ने क्रममा अन्तर्क्रिया हुने गर्दछ । विभिन्न पाठ्यवस्तु तथा विधामा छलफलका लागि शिक्षक र विद्यार्थीबिच सहज वातावरण सिर्जना गर्नका लागि अन्तर्क्रिया आवश्यक हुन्छ । अन्तर्क्रियाको प्रकिया सञ्चालन गर्दा शिक्षकले कक्षाकोठाका सम्पूर्ण विद्यार्थीहरूलाई समान अवसर दिई विद्यार्थीको रुचि स्तर, तह, आवश्यकता र विषयवस्तुको पूर्व ज्ञानका बारेमा विद्यार्थीबाट जानकारी लिनु पर्दछ र विद्यार्थीहरूलाई विषयवस्तुका बारेमा लागेका जिज्ञासा, उब्जिएका समस्या तथा आफ्ना अनुभव र विचारहरू साथी समूह वा शिक्षकका बिचमा व्यक्त गर्ने अवसर दिनु पर्दछ । कक्षाकोठामा जान्ने नजान्ने, सक्रिय र निस्क्रिय, मेहनती र अल्छी, छात्र छात्रा, पहिलो भाषी, दोस्रो भाषी, अगाडि बस्ने र पछाडि बस्ने आदि गरी विभिन्न स्वभावका विद्यार्थीहरू हुन्छन् । शिक्षकले विषयबस्तुका बारेमा विद्यार्थीहरूसँग छलफल र प्रश्नोत्तर गर्दा ती सम्पूर्ण विद्यार्थीहरूलाई समान अवसर दिई अन्तर्क्रियामा सहभागी गराउने गरेमा सहज रूपमा समान किसिमको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुन्छ ।

“शिक्षकको उद्देश्य कक्षाकोठामा विद्यार्थीहरूलाई सिकाइतर्फ अग्रसर गराउनु हो भने विद्यार्थीको उद्देश्य ज्ञान आर्जन तर्फ अग्रसर बन्नु हो । तसर्थ कक्षाकोठाको शिक्षण सिकाइ कार्यकलापलाई प्रभावकारी बनाउन शिक्षकले विद्यार्थीको रुचि, जिज्ञासा, क्षमता, भाषिक पृष्ठभुमि र पूर्वज्ञान आदिको पहिचान गरी अन्तर्क्रियाको विधि अपनाउनु पर्दछ । यसरी कक्षाकोठाको वातावरण सहज र सिकाइ प्रक्रिया सरल बनाउन शिक्षक र विद्यार्थीबिच जति अन्तर्क्रिया हुन सक्यो शिक्षण सिकाइ प्रक्रिया पनि त्यति नै प्रभावकारी र उद्देश्यमुलक हुन सक्दछ ।” (शर्मा एण्ड शर्मा : २०६४: ५३५-५३९)

### ख) विद्यार्थी विद्यार्थीबिच अन्तर्क्रिया

सामान्यतया एउटा कक्षाकोठामा विभिन्न रुचि, क्षमता, तथा स्वभाव भएका भिन्न भिन्न भाषिक पृष्ठभूमिका उच्च, मध्यम तथा निम्न वर्गका विभिन्न धर्म, सस्कृति, सम्प्रदाय, क्षेत्र तथा भौगोलिक परिवेशबाट विद्यार्थीहरू आएका हुन्छन् । ती विभिन्न क्षमता र भाषिक पृष्ठभूमिका प्रतिभाशाली, मध्यम र मन्द बुद्धिलब्धिका विद्यार्थीहरूलाई निश्चित विषयवस्तुमा केन्द्रित गराउँदै शिक्षण गर्न सकेको खण्डमा सिकाइ प्रभावकारी बन्न पुग्दछ । कक्षाकोठामा विद्यार्थी विद्यार्थीबिच अन्तर्क्रिया गराउँदा उनीहरूले एक आपसमा आफ्ना विचार तथा भावनाहरू आदानप्रदान गर्ने मौका प्राप्त गर्दछन् । यसले विद्यार्थीहरूको ज्ञान अभिवृद्धि गर्न प्रभावकारी सहयोग पुऱ्याउँदछ । विद्यार्थीहरूका सहयोगात्मक र समन्वयात्मक प्रकृतिका व्यावहारिक कार्यकलापमा जोड दिएमा विद्यार्थीहरूले शिक्षण सिकाइको दायित्व बाँडफाड गर्ने, आ–आफ्ना बुझाइहरूलाई छलफल गरी कक्षाकोठाको अन्तर्क्रियात्मक वातावरणलाई दिशा निर्देश गर्ने गर्दछन् । यसरी कक्षाकोठामा विद्यार्थीहरूलाई स–साना समूहमा विभाजन गराई निश्चित विषयवस्तुमा छलफल गराउनाले उनीहरूको तत्काल सकारात्मक प्रतिक्रिया दिने बानीको विकास हुन्छ ।

### ग) पहिलो भाषी र दोस्रो भाषीका बिचमा अन्तर्क्रिया

एउटा कक्षाकोठामा भिन्न भिन्न भाषिक पृष्ठभूमिका विभिन्न धर्म, संस्कृति क्षेत्र तथा भौगोलिक परिवेशबाट विद्यार्थीहरू आएका हुन्छन् । तीमध्ये केहीले नेपाली भाषा मातृभाषाका रूपमा प्रयोग गरेका हुन्छन् केहीले अन्य भाषा मातृभाषाका रूपमा प्रयोग गर्दछन् । यसरी अन्य भाषाका विद्यार्थीहरूलाई दोस्रो भाषाका रूपमा नेपाली भाषालाई सिक्नुपर्ने हुँदा केही कठिनाइहरू देखा पर्दछन्, तर पहिलो भाषाका रूपमा नेपाली सिक्नेहरूलाई भने सिकाइ सहज हुन्छ । भाषा शिक्षणका सन्दर्भमा पहिलो भाषा र दोस्रो भाषाका विद्यार्थीहरूका बिचमा अन्तर्क्रिया गराउँदा एकल तथा सामूहिक रूपमा गराउनु पर्दछ । तब मात्र विद्यार्थीहरूका बारेमा वास्तविक सूचना प्राप्त गर्न सकिन्छ । यसरी विभिन्न भाषिक समुदायबाट आएका विद्यार्थीहरूलाई एउटै कक्षाकोठामा राखी अन्तर्क्रिया गराउनाले विद्यार्थीहरूको भाषिक क्षमता, रुचि, मातृभाषा र लक्ष्यभाषा बिचको समानता तथा भिन्नता पत्ता लगाउन सकिन्छ । जसबाट दोस्रो भाषाका रूपमा नेपाली सिक्नेहरू लाभान्वित हुन्छन् र उनीहरूको त्रुटिक्षेत्र पनि पहिचान हुन्छ । यिनै जानकारीहरूलाई आधार

मानी अन्तर्क्रिया गरेको खण्डमा ती त्रुटिहरू निराकरण गर्नका लागि समेत सहज हुन गई शिक्षण सिकाइ प्रभावकारी र अर्थपूर्ण हुन जान्छ ।

### घ) शैक्षिक सामग्री र विद्यार्थी बिचको अन्तर्क्रिया

शिक्षकले शिक्षण सिकाइका सन्दर्भमा विद्यार्थीहरूलाई शैक्षिक सामग्रीमा केन्द्रित गराई कक्षाकोठामा गराउने अन्तर्क्रियालाई शैक्षिक सामग्री र विद्यार्थी बिचको अन्तर्क्रियाका रूपमा लिन सकिन्छ । सिकाइलाई सहज र प्रभावकारी बनाउनका लागि शिक्षकले दैनिक प्रयोगका सामग्रीबाहेक सन्दर्भ पुस्तक, पत्रपत्रिका, विद्युतीय उपकरणका साथै चित्र तालिका शब्द वाक्य पत्ति, फ्लाटिन बोर्ड ,गोजीतालिका आदि जस्ता शैक्षिक सामग्रीहरूको प्रयोग गरी कक्षाकोठामा विद्यार्थीहरूका बिचमा अन्तर्क्रिया गराउनु पर्दछ । यसरी प्रयोग गरिने शैक्षिक सामग्रीहरू विषयवस्तु र पाठ्यवस्तुसँग मिल्दो जुल्दो हुनु पर्दछ । यस्ता विषय सन्दर्भसँग मिल्ने शैक्षिक सामग्रीहरूको प्रयोगबाट विद्यार्थीहरूको बौद्धिक क्षमताको विकास हुनाको साथै कक्षाकोठामा शिक्षक तथा साथी समूहहरूद्धारा भनिएका प्रत्येक कुराहरूलाई ध्यान दिएर सुन्ने बानीको पनि विकास हुन जान्छ ।

## २.७. अन्तर्क्रियामा ध्यान दिनुपर्ने कुराहरू

शिक्षकले कक्षाकोठामा अन्तर्क्रियात्मक विधि सञ्चालन गराउँदा विभिन्न कुराहरूमा विचार पुऱ्याउनु पर्ने हुन्छ । तल उल्लिखित कुराहरूमा ध्यान दिई सञ्चालन गरिएको अन्तर्क्रिया बढी प्रभावकारी हुन सक्छ ।

क. शिक्षक विद्यार्थी र विद्यार्थी विद्यार्थी बिच सुमधुर सम्बन्ध कायम गर्ने,

ख. विद्यार्थी संख्या हेरेर आवश्यकता अनुसार समूह विभाजन गरीअन्तर्क्रिया गर्न लगाउने,

ग. सम्बन्धित पाठ्यवस्तु र विषयमा आधारित भई विषयवस्तुको उद्देश्यअनुरूप शिक्षण क्रम अनुसार दोहोरो अन्तर्क्रिया सञ्चालन गर्ने,

घ. कक्षाकोठाका सम्पूर्ण जान्ने नजान्ने, सक्रिय, निस्क्रिय, अगाडि बस्ने, पछाडि बस्ने, छात्र, छात्रा आदि विद्यार्थीहरूलाई समेट्ने गरी अन्तर्क्रिया गराउनुपर्ने,

ङ. कक्षाकोठामा यदि श्रवण शक्ति कम भएका मन्दबुद्धि र अन्य शारीरिक अपाङ्गता भएका विद्यार्थी भएमा उनीहरूलाई अनुकूल हुने गरी अन्तर्क्रिया सञ्चालन गराउने,

च. अन्तर्क्रियाबाट प्राप्त निष्कर्ष स्पष्ट र पाठ्यवस्तुको उद्देश्यअनुरूप हुनुपर्ने ।

**२.८. अन्तर्क्रियाका सबल पक्षहरू**

कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलापमा पछिल्लो समयमा बढी प्रभावकारी देखिएको अन्तर्क्रिया विधिका विभिन्न फाइदा तथा सबल पक्षहरूलाई निम्नानुसार देखाउन सकिन्छ

क. शिक्षण सिकाइ क्रियाकलाप सहज र प्रभावकारी बन्न जाने,

ख. विद्यार्थीका अन्तर्निहित क्षमता र प्रतिभा प्रष्फुटन हुने अवसर प्राप्त हुने,

ग. अन्तर्क्रियाबाट सिकाइलाई दीर्घकालीन र चिरस्थायी बनाउन सकिने,

घ. एक आपसमा भावना र विचारको आदानप्रदान हुने हुँदा विद्यार्थीहरूको वैचारिक भिन्नता पत्ता लगाउन सकिने,

ङ. सामूहिक छलफलद्वारा विद्यार्थीहरूका समस्या तथा जिज्ञासा समयमा नै समाधान गर्न सकिने,

च. प्रचलित एकोहोरो शिक्षण सिकाइलाई हटाई विद्यार्थी केन्द्रित शिक्षण सिकाइका लागि विद्यार्थीहरूलाई उत्प्रेरित र सक्रिय बनाउन सकिने,

छ. विद्यार्थीहरूमा नेतृत्वदायी क्षमताको विकास गराई उनीहरूमा उत्तरदायित्व र जिम्मेवारीबोध गराउन सकिने,

ज. विद्यार्थीहरूको तार्किक क्षमता, सिर्जनात्मकता र मौलिकतामा विकास हुने,

झ. विद्यार्थीहरूमा सहयोगात्मक र समन्वयात्मक प्रकृतिका व्यावहारिक क्रियाकलापको बृद्धि हुने,

ञ. आपसी छलफलबाट समस्या समाधान गर्ने क्षमताको विकास गराई विद्यार्थीलाई आत्म मूल्याङ्कन गर्ने अवसर प्राप्त हुने,

ट. विद्यार्थीहरूका विचार तथा धारणाहरूलाई बाहिर ल्याई प्रतिस्पर्धात्मक वातावरणको सिर्जना गर्न सकिने,

ठ. यसबाट विद्यार्थीमा समझदारी मेलमिलाप, सामाजिक र नेतृत्वदायी भावनाको विकास भई व्यक्तित्व विकासमा समेत सहयोग पुऱ्याउने ।

## २.९. अन्तर्क्रियाका दुर्बल पक्षहरू

पछिल्ला समयहरूमा अन्तर्क्रिया विधिलाई शिक्षण सिकाइको प्रभावकारी र अर्थपूर्ण विधि मानिएतापनि यस विधिका केही बेफाइदा तथा दुर्बल पक्षहरू पनि छन, जसलाई निम्नानुसार देखाइएको छ :-

क. कक्षाकोठामा विद्यार्थी सङ्ख्या धेरै भएको खण्डमा अन्तर्क्रिया सञ्चालन गर्न गाह्रो हुने,

ख. शिक्षण सिकाइ क्रियाकलाप गर्दा बढी समय खर्च हुन जाने,

ग. भाषिक सिप सिकाइको सन्दर्भमा पढाइ र लेखाइ जस्ता सिप ओझेलमा पर्न जाने,

घ. यस विधिद्वारा शिक्षण गर्दा शिक्षण गर्दा श्रवण शक्ति कम भएका, मन्दबुद्धि भएका, कम बोल्ने र लज्जालु स्वभावका विद्यार्थीहरू पछाडि पर्ने,

ङ. कक्षाकोठामा अन्तर्क्रिया गराउँदा कक्षा वातावरण अनियन्त्रित हुने,

च. भिन्नभिन्न भाषिक पृष्ठभूमिका विद्यार्थीहरू भएका कक्षामा अन्तर्क्रिया सञ्चालन गर्न गाह्रो हुने,

छ. विद्यार्थीहरूको वैचारिक भिन्नताका कारण अन्तर्क्रिया विषयवस्तु भन्दा बाहिर जान सक्ने ।

## २.१०. अन्तर्क्रियामा प्रभावकारिता ल्याउने तरिका

तल उल्लेख गरिएका कुराहरूलाई विचार पुऱ्याएर कक्षाकोठामा अन्तर्क्रिया विधिको प्रयोग गर्न सकेमा कक्षा शिक्षण सिकाइमा प्रभावकारिता आउन सक्छ ।

क. विद्यार्थीहरूको सङ्ख्या हेरी आवश्यकता अनुसार समूह विभाजन गरी प्रत्येक समूहमा टोली नेताको चयन गर्ने,

ख. विषयवस्तु हेरी कक्षाकोठाका जान्ने नजान्ने छात्र छात्रा, पहिलो भाषी, दोस्रो भाषी, सक्रिय, निष्क्रिय र मन्दबुद्धि तथा श्रवण शक्ति कम भएका सम्पूर्ण विद्यार्थीहरूलाई समेट्ने गरी समूह विभाजन गर्ने,

ग. अन्तर्क्रियाका लागि विद्यार्थीहरूलाई विषयवस्तुतर्फ केन्द्रित गराई बढी भन्दा बढी खोज र अनुसन्धानमा सक्रिय गराउने,

घ. प्रत्येक समूहलाई विद्यार्थी विद्यार्थी र शिक्षक विद्यार्थीबिच प्रश्नोत्तर र छलफल गर्न निश्चित विषयवस्तु र समयावधि तोकिदिने,

ङ. विद्यार्थीहरूमा सकारात्मक धारणाको विकास गर्न र आत्मविश्वास बढाउनका लागि मैत्रीपूर्ण शिक्षण सिकाइको वातावरणको सिर्जना गर्ने,

च. विद्यार्थीहरूलाई विषयवस्तुका बारेमा जिज्ञासा जगाई आवश्यकता अनुसार उत्प्रेरणा, पुनर्वल, पृष्ठपोषण र हौसला प्रदान गर्ने,

छ. शिक्षकले विद्यार्थीहरू सबैलाई समूह नेतृत्वको अवसर पालैपालो दिई उनीहरूका हरेक कार्यकलापहरूको प्रत्यक्ष अनुगमन र मूल्याङ्कन गर्ने,

ज. विद्यार्थीहरूलाई प्रश्न सोध्न र जिज्ञासा राख्न उत्प्रेरित र प्रोत्साहित गराई अन्तर्क्रियाबाट प्राप्त निष्कर्षका आधारमा समस्या समाधान गर्न लगाउने,

झ. यस प्रकारको अन्तर्क्रिया सञ्चालन गर्दा शिक्षकले अन्तर्क्रियाबाट प्राप्त निष्कर्षहरूको टिपोट गरी सहजकर्ता तथा स्रोत व्यक्तिको भूमिका निर्वाह गर्ने ।

### २.११. अन्तर्क्रियाको सही प्रयोग

शिक्षण सिकाइका क्रममा कक्षाकोठामा प्रयोग हुने शिक्षक विद्यार्थी बिचको अन्तर्क्रिया विधि दीर्घकालीन र चिरस्थायी हुने हुँदा अति आवश्यक हुन्छ । पछिल्लो समयमा अन्तर्क्रिया विधिलाई शिक्षण सिकाइको प्रभावकारी र अर्थपूर्ण विधि मानिए तापनि यसको उपयुक्त

किसिमले सञ्चालन गर्न नसक्दा विभिन्न समस्याहरू आउन सक्छन् । त्यसैले अन्तर्क्रियालाई सही किसिमले व्यावहारिक बनाउनका लागि  कक्षाकोठामा आवश्यक पाठ्यवस्तु र अन्य सम्पूर्ण सामग्रीहरू सही समयमा उपलब्ध गराइनु पर्दछ । कक्षाकोठाको व्यवस्थापन पनि सम्पूर्ण विद्यार्थीहरूलाई सहभागी गराउन सकिने गरी मिलाउनु पर्दछ । यसलाई अझ बढी प्रभावकारी बनाउनका लागि अन्तर्क्रिया गरिने पाठ्यवस्तुका बारेमा कक्षाकोठामा अन्तर्क्रिया सञ्चालन गर्नभन्दा पहिले नै विद्यार्थीहरूलाई जानकारी गराउनु पर्दछ । अन्तर्क्रियामा कक्षाकोठाको वातावरणले प्रभाव पार्ने हुँदा विद्यार्थी केन्द्रित वातावरणको सिर्जना गर्नु पर्दछ । जसले विद्यार्थीहरू अन्तर्क्रियामा उत्साहका साथ सहभागी हुन्छन् ।

यसप्रकार अन्तर्क्रिया विधि सञ्चालनका लागि शिक्षकले उपयुक्त र सहज वातावरणको निर्माण गराइदिनु पर्दछ । जसमा सम्पूर्ण विद्यार्थीहरूमा अन्तर्क्रियाको विषयवस्तुको बारेमा पूर्व जानकारी गराई उनीहरूमा आपसी समझदारी र मेलमिलापको भावना विकसित गराउनु पर्दछ । कक्षाकोठामा अन्तर्क्रियाको उपयुक्त प्रयोग भएमा शिक्षकको व्यवहारमा सुधार ल्याउन र प्रजातान्त्रिक र एकीकृत व्यवहारहरू प्रदर्शन गर्न र पृष्ठपोषण प्रदान गर्न सकिन्छ ।

# अध्याय तिन
# अध्ययन विधि

यथार्थ र वास्तविक ज्ञानको खोजी गर्नु शोधको उद्देश्य हो । त्यसैले यो वस्तुपरक र वैज्ञानिक हुन्छ । शोध कार्यमा अनुमानलाई महत्त्व दिइँदैन । शोध कार्यमा धारणा सिद्धान्त अथवा ज्ञानलाई यथार्थ वस्तुपरक र वैज्ञानिक ढङ्गले संशोधन गर्दै निर्मल तुल्याइन्छ र प्रमाणित गरिन्छ । (भट्टराई :२०६५:०१) शोधकार्य निश्चित परिधि वा सीमामा बाँधिएको हुन्छ, सो परिधिमा रहेर शोधकर्ताले कुनै विषयवस्तुका बारेमा नवीन तथ्यहरूको उद्घाटन गर्न सक्नुपर्छ । तसर्थ शोधकर्ताले अध्ययन अनुसन्धानका क्रममा उद्देश्यलाई मध्यनजर गर्दै वस्तुपरक तथा वैज्ञानिक अध्ययन विधिलाई अपनाउनुपर्ने हुन्छ । अन्यथा अनुसन्धान भरपर्दो र विश्वसनीय हुँदैन । तसर्थ शोधकार्यलाई बैज्ञानिक वस्तुपरक, तथ्यपरक, र विश्वसनीय बनाउन जनसंख्याको छनोट, तथ्याङ्क सङ्कलन, विश्लेषण तालिकीकरण जस्ता पक्षलाई उपयुक्त रूपमा समावेश गरी शोध प्रतिवेदन तयार पार्नु पर्दछ । प्रस्तुत शोध पूरा गर्नका लागि निम्न लिखित प्रक्रिया अवलम्बन गरिएको छ ।

### ३.१. अध्ययन क्षेत्र छनोट

**माध्यमिक तहमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन** नामक शीर्षकको शोधपत्र तयार पार्न देशका विभिन्न क्षेत्रका मा.वि. तहका शिक्षक र विद्यार्थीहरूको कक्षा अवलोकन तथा अध्ययन गर्नु हो तर कुनै पनि समस्या पहिचान गर्दा ठूलो र व्यापक क्षेत्र नलिई सीमित र सानो क्षेत्र लिएमा त्यस अनुसन्धानलाई उपलब्धिमूलक र उद्देश्यपूर्ण बनाउन सकिने हुँदा प्रस्तुत शोधपत्रको पाठ्यभार, समयको सीमा आदिलाई ख्याल गरी यस शोधपत्रको क्षेत्र छनोट गरिएको छ ।

प्रस्तुत शीर्षक अन्तर्गत शिक्षक विद्यार्थी बिचको अन्तर्क्रियाको अध्ययनका लागि चितवन जिल्लाको पार्वतीपुर गा. वि. स. भित्रका संस्थागत तथा सामुदायिक विद्यालयहरूको नमूनाको रूपमा उक्त क्षेत्रका दुई संस्थागत र दुई सामुदायिक विद्यालयको  छनोट गरिएको छ । जसमा अन्नपूर्ण उच्च मा.वि., भानु मा.वि, सनलाइट आ.मा.वि. र प्याराडाइज इङ्लिस स्कुल रहेका छन् ।

यस क्षेत्रमा शिक्षक विद्यार्थी अन्तर्गतका बारेमा हालसम्म पनि यस प्रकारको कुनै अध्ययन नभएकोले प्रस्तुत क्षेत्र छनोट गरिएको हो । नेपाली भाषा शिक्षणका सन्दर्भमा मा.वि तहमा गरिने अन्तर्क्रिया तथा कक्षा कार्यकलापहरूको उपयुक्तता र त्यसको प्रभावकारिता तथा प्रयोगको वास्तविक अवस्थाका बारेमा  थाहा पाउन र आवश्यक सुधार तथा सुझाव दिने उद्देश्यका साथ सो क्षेत्र छनोट गरिएको छ ।

### ३.२ जनसङ्ख्या

प्रस्तुत शोधपत्रले चितवन जिल्लाका सम्पूर्ण शिक्षक र सम्पूर्ण कक्षाका विद्यार्थीहरूलाई समेट्न सकेको छैन । निश्चित समय सीमालाई ध्यानमा राखी प्रस्तुत शोधपत्र तयार गर्नका लागि चितवन जिल्ला अन्तर्गतको पार्वतीपुर गा.वि.स. भित्र रहेका संस्थागत र सामुदायिक विद्यालय र त्यसमा अध्ययन अध्यापनमा लागेका शिक्षक र विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ । मा.वि तहको नेपाली भाषा शिक्षण सिकाइमा संलग्न शिक्षक विद्यार्थी बिचको अन्तर्क्रियालाई आधार मानी चारवटा विद्यालयमा प्रत्येकलाई चार चार दिनको कक्षा अन्तर्क्रियाको अध्ययन अवलोकन, शिक्षक विद्यार्थी प्रश्नावली र अन्तर्क्रियाबाट प्राप्त तथ्याङ्कबाट प्राप्त तथ्यका आधारमा प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

### ३.३ प्रतिनिधि नमुना छनोट

अनुसन्धान कार्यमा नमुना छनोटका विशेष महत्त्व रहेको हुन्छ । सामान्यतः नमुना छनोटका सन्दर्भमा जनसङ्ख्या र नमूना दुई वटा शब्दहरू प्रचलित छन् । अनुसन्धानमा सम्पूर्ण जनसङ्ख्याको अध्ययन सम्भव र व्यावहारिक हुँदैनन् । (भट्टराई : २०६५:४६) तसर्थ अनुसन्धान गर्नुपूर्व तोकिएको जनसंख्याबाट प्रतिनिधि नमुना छनोट गर्नुपर्ने हुन्छ । यस क्रममा प्रस्तुत शोधपत्रको प्रतिनिधि नमुना छनोटका क्रममा चितवन जिल्लाको पार्वतीपुर गा.वि.स. भित्रका तलका विद्यालयहरूका शिक्षक शिक्षिकालाई नमुना प्रतिनिधिका रूपमा छनोट गरिएको छ । साथै विद्यालयमा रहेका विद्यार्थी विवरण पनि तल उल्लेख गरिएको छ ।

## तालिका सङ्ख्या : १

## नमुनाका रूपमा छानिएका शिक्षक र विद्यालयको विवरण

| क्र.स. | विद्यालयको नाम | ठेगाना | शिक्षकको नाम | विद्यालयको प्रकृति | शिक्षकको अनुभव |
|---|---|---|---|---|---|
| १ | अन्नपूर्ण उच्च मा.वि | पार्वतीपुर वडा न. ५ | शेषकान्त रेग्मी | सरकारी ( सामुदायिक) | २९ वर्ष |
| २ | भानु मा.वि. | पार्वतीपुर वडा न. ८ | पीताम्वर सुवेदी | सरकारी ( सामुदायिक) | ३० वर्ष |
| ३ | सनलाइट आ.मा.वि. | पार्वतीपुर वडा न. ४ | राजेन्द्र बराल | निजी(संस्थागत) | १२ वर्ष |
| ४ | प्याराडाइज इङ्लिस स्कुल | पार्वतीपुर वडा न. ४ | श्री कान्त बराल | निजी (संस्थागत) | ३२ वर्ष |

## तालिका सङ्ख्या २

## नमुना छनोट गरी अवलोकन गरिएका कक्षा र विद्यार्थी विवरण

| विद्यालयको नाम | कक्षा | वर्ग | वि.श्रे. | प्र.श्रे. | द्वि.श्रे. | तृ.श्रे. | प.भा. | दो.भा. | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| अन्नपूर्ण उ.मा.वि. | ९<br>१० | – | ७<br>६ | १५<br>१४ | २८<br>२२ | १२<br>६ | ३०<br>२८ | ३२<br>२० | ६२<br>४८ |
| भानु मा.वि. | ९<br>१० | – | ४<br>२ | १२<br>८ | १५<br>१० | ८<br>४ | २४<br>१४ | १५<br>१० | ३९<br>२४ |
| सनलाइट आ.मा.वि. | ९<br>१० | – | ६<br>८ | १४<br>१२ | ४<br>२ | – | १०<br>९ | १४<br>१३ | २४<br>२२ |
| प्याराडाइज इङ्लिस स्कुल | ९<br>१० | – | १३<br>९ | २०<br>२४ | १<br>५ | – | १५<br>१८ | १९<br>२० | ३४<br>३८ |

### ३.४ सामग्री निर्माण

प्रस्तुत शोधपत्र तयारीका लागि आवश्यक तथ्याङ्क सङ्कलनका लागि कक्षा अवलोकन फारम, शोधको उद्देश्य पूर्तिका लागि कक्षा अन्तर्क्रियामा आधारित शिक्षक विद्यार्थी प्रश्नावली तयार पारी सामग्री सङ्कलन गरिएको छ । यसमा प्रयोग गरिएको कक्षा अन्तर्क्रिया अवलोकन फारम, शिक्षक प्रश्नावली र विद्यार्थी प्रश्नावलीको नमुना परिशिष्टमा दिइएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन

शोधपत्रमा प्रयोग गरिने सामग्रीहरूले शोधलाई पूर्णता दिने हुँदा त्यस्ता आवश्यक सामग्रीहरू आधिकारिक र भरपर्दो हुनु पर्दछ । प्रस्तुत शोधका निमित्त आवश्यक तथ्याङ्कहरू दुई तरिकाबाट सङ्कलन गरिएको छ ।

#### ३.५.१. प्राथमिक स्रोत

तथ्याङ्क सङ्कलनको प्राथमिक स्रोतको रूपमा अवलोकन फारमको प्रयोग गरी चितवन जिल्ला पार्वतीपुर गा.वि.स. भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालय मध्येबाट नमुना प्रतिनिधिका रूपमा छनोट गरिएका विद्यालयहरूको स्थलगत रूपमा कक्षा अवलोकन गरिएको छ । मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूको विभिन्न कक्षाहरू अवलोकन गरी अवलोकन फारम भरिएको छ । उक्त समयमा मा.वि तहका चार विद्यालयका नौ र दस कक्षाहरूमा लगातार आठवटा कक्षाहरूको अवलोकन गरिएको थियो । प्रस्तुत शोधपत्र तयारीको लागि तथ्याङ्क सङ्कलन गर्न भनी मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरू तथा केही विद्यार्थीहरूसँग कुराकानी गरी प्रश्नावली भर्न लगाइएको छ । यस किसिमको प्रश्नावली चारजना शिक्षकहरूलाई एक एक प्रश्नावली भर्न लगाइएको छ भने प्रत्येक कक्षाबाट चार चार जना विद्यार्थीहरूलाई प्रश्नावली भर्न लगाइएको छ । यसरी कक्षा अवलोकनका लागि तयार पारिएको फारम तथा शिक्षक विद्यार्थी प्रश्नावली कक्षाकोठामा शिक्षक विद्यार्थी अन्तर्क्रियाका विषयमा केन्द्रित भएको छ ।

#### ३.५.२. द्वितीयक स्रोत

तथ्याङ्क सङ्कलनको द्वितीय स्रोतका रूपमा पुस्तकालयमा रहेका विभिन्न पुस्तकहरू पाठ्यक्रम विकासकेन्द्र सानोठिमी भक्तपुरद्वारा प्रकाशित कक्षा ९ र १० का

नेपाली  विषयको पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, विभिन्न पत्रपत्रिका तथा विज्ञहरूको सल्लाह र सुझावहरू तथा विभिन्न पाठ्यपुस्तक र विभिन्न शोधपत्रहरूलाई लिइएको छ ।

### ३.५.३. तथ्याङ्कको व्याख्या र विश्लेषण

कक्षा अवलोकन फारम र शिक्षक विद्यार्थी प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई विस्तृत अध्ययन गरी त्यसमा रेजा चिन्ह लगाइएको थियो । सोही रेजा चिन्हको आधारमा शिक्षक विद्यार्थी अन्तर्क्रिया सम्बन्धी व्याख्या एवम् विश्लेषण गरिएको छ । यसमा अवलोकन गरिएका क्रियाकलापहरूलाई विभिन्न तालिकाहरूका साथसाथै विभिन्न आरेख, आलेख, एक अर्काबिच तुलना र विश्लेषणात्मक पद्धतिद्वारा विश्लेषण गरिएको छ । यसको व्याख्या एवम् विश्लेषण अध्याय चारमा दिइएको छ ।

# अध्याय -चार

## अवलोकनको व्याख्या तथा विश्लेषण

**मा.वि तहमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन**का क्रममा कक्षा अवलोकन फारम, शिक्षक प्रश्नावली र विद्यार्थी प्रश्नावली जस्ता सामग्रीको प्रयोग गरी यस शोधलाई उद्देश्यमूलक र प्रभावकारी बनाउन खोजिएको छ । यस्ता सामग्रीहरूको प्रयोगबाट भाषा शिक्षण सिकाइका सन्दर्भमा कक्षाकोठामा सञ्चालन गरिने अन्तर्क्रिया र छलफल विधिमा शिक्षक र विद्यार्थीको सहभागिता र सक्रियताको अवस्थाको जानकारी प्राप्त गर्न सकिन्छ । यहाँयिनै सामग्रीहरूको प्रयोगबाट प्राप्त तथ्याङ्कलाई आधार मानेर व्याख्या एवम् विश्लेषण गरिएको छ ।

### ४.१ कक्षा अवलोकनबाट प्राप्त तथ्यको विश्लेषण र व्याख्या

तथ्य सङ्कलनको क्रममा चितवन जिल्लाको पश्चिम क्षेत्रमा पर्ने पार्वतीपुर गा.वि.स अन्तर्गतका विद्यालयहरूलाई छनोट गरिएको छ । सो क्षेत्रमा पर्ने दुईवटा संस्थागत र दुईवटा सामुदायिक विद्यालयमा नेपाली भाषा शिक्षण गर्ने एक एक जना गरी जम्मा चारजना नेपाली शिक्षकहरूको कक्षा ९ र १० गरी पाँच पाँचवटा कक्षाका जम्मा चालिसवटा कक्षाको अवलोकन गरिएको छ । शोधपत्रको उद्देश्यसँग मेल खाने गरी छुट्टाछुट्टै शीर्षक राखेर तयार पारिएको उक्त अवलोकनबाट प्राप्ततथ्याङ्कहरूलाई यहाँ क्रमिक रूपमा शीर्षक अनुसार व्याख्या एवम् विश्लेषण गरिन्छ ।

#### ४.१.१ कक्षा प्रारम्भ

शिक्षकले कक्षाकोठामा प्रवेश गरेपछि कक्षा शिक्षणको सुरुआत गरेको अवस्थालाई कक्षा प्रारम्भ भनिन्छ । शिक्षकले कक्षामा प्रवेश गर्नुभन्दा पहिले नै सो दिनको शिक्षण गर्ने पाठ्यवस्तुका बारेमा तयारी गर्नु पर्दछ । कक्षाकोठामा शिक्षण प्रक्रिया थालनी गर्दा पाठप्रति विद्यार्थीहरूलाई रूचि जगाएर शिक्षण गराउनु पर्दछ । यसको लागि शिक्षकले पाठ्यवस्तु तथा शीर्षकको सन्दर्भ बताएर विभिन्न अवस्थामा रहेका विद्यार्थीहरूको ध्यानाकर्षण गराउनु पर्छ । विद्यार्थीहरूलाई सजिलैसँग सिक्न सक्ने रसिकाइलाई दीर्घकालीन बनाउनका लागि अघिल्लो दिन शिक्षण गरिएको पूर्वपाठको स्मरणका लागि पुनरावृत्ति गराउनु उपयुक्त

मानिन्छ । शिक्षण सिकाइ कार्यकलाप उद्‌देश्य प्राप्तिका लागि लक्षित हुनुपर्दछ । यसका लागि शिक्षक शिक्षण सिकाइका उद्‌देश्यप्रति स्पष्ट हुनु पर्दछ ।

उपर्युक्त सन्दर्भमा कक्षा प्रारम्भ अन्तर्गत छवटा शीर्षक राखी अध्ययन गर्दा चालिस कक्षाको अवलोकनका क्रममा प्राप्त विवरणलाई यहाँ निम्नानुसार प्रतिशतमा देखाइएको छ :

**तालिका सङ्ख्या : ३**

**कक्षा प्रारम्भ विवरण**

| क्र.स | कक्षा कार्यकलाप प्रारम्भ | अति उत्तम (प्रतिशतमा) | उत्तम (प्रतिशतमा) | मध्यम (प्रतिशतमा) | निम्न (प्रतिशतमा) | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | पूर्व पाठमा आधारित | ८.२५ | १७.५० | ४५.२५ | २९.०० | १०० |
| २ | शिक्षण उद्‌देश्यप्रति स्पष्ट | १४.०० | २४.५० | ५०.०० | ११.५० | १०० |
| ३ | पाठको सन्दर्भ अनुसार सुरुआत | १२.५० | ३२.०० | ४५.५० | १०.०० | १०० |
| ४ | पाठको तयारी | २५.०० | ४७.५० | २०.०० | ७.५० | १०० |
| ५ | पाठयवस्तुप्रति विद्यार्थीको रुचि | १६.५० | ४५.०० | ३३.५० | ५.०० | १०० |
| ६ | कक्षा व्यवस्थापन | १३.०० | २१.५० | ५७.०० | ८.५० | १०० |

माथिको तालिका अनुसार मा.वि तहमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूमध्ये तालिम प्राप्त शिक्षक र शिक्षाशास्त्र सङ्कायमा अध्ययन गरेका शिक्षकहरूको कक्षा कार्यकलाप तुलनात्मक रूपमा तालिम अप्राप्त शिक्षकहरूको भन्दा राम्रो देखियो । अवलोकन गरिएका कक्षाहरूमध्ये पाठ्यवस्तुको सुरुआत गर्दा पूर्व पाठमा आधारित रहेर शिक्षण क्रियाकलाप सञ्चालन गर्ने कक्षाहरूमा ८.२५ प्रतिशत कक्षाहरू अति उत्तम देखिए भने अघिल्लो दिनको सारांश बताएर नयाँ पाठको थालनी गर्ने कक्षाहरू १७.५० प्रतिशत रहेको पाइयो । त्यसैगरी शिक्षकले अघिल्लो दिनको पाठसँग सम्बन्धित कुनै पनि प्रश्न नसोधिकन र व्याख्या पनि नगरिकन केबल शीर्षक मात्र भनेर नयाँ पाठको थालनी गर्ने ४५.२५

प्रतिशत कक्षाहरू पाइयो भने २९.० प्रतिशत कक्षाहरूमा भने शिक्षकले अघिल्लो दिनको पाठको शीर्षकसँग कुनै सरोकार नै नराखी एकैचोटि नयाँ शीर्षक वा आजको पाठ्यवस्तुमा प्रवेश गरेको पाइयो । यसरी कक्षा शिक्षणका सन्दर्भमा विद्यार्थीहरूलाई सर्वप्रथम अघिल्लो दिनको विषयवस्तुका बारेमा प्रश्न सोधेर आजको पाठ्यवस्तुको बारेमा सामान्य चर्चा गरी शिक्षण प्रक्रिया थालनी गरेमा कक्षा शिक्षण अझ प्रभावकारी हुने थियो । त्यसैगरी १४.० प्रतिशत कक्षाहरूमा शिक्षकहरू शिक्षण सिकाइको उद्देश्यप्रति पूर्णतया स्पष्ट रही उद्देश्य अनुरूप शिक्षण कार्यकलाप सञ्चालन भएको पाइयो भने २४.५० प्रतिशत कक्षाहरू शिक्षण उद्देश्यप्रति स्पष्टका सन्दर्भमा उत्तम खालका र ५० प्रतिशत  कक्षाहरूमा शिक्षकहरू शिक्षणको उद्देश्यप्रति सामान्य रूपमा स्पष्ट भएको देखियो भने११.५० प्रतिशत कक्षाहरूमा उद्देश्य अनुरूप शिक्षण कार्यकलापहरू नभएको देखियो । यसरी नै १२.५० प्रतिशत कक्षाहरूमा शिक्षकले अत्यन्तै उत्कृष्ट तरिकाबाट पाठको सन्दर्भको चर्चा गरी पाठ्यवस्तुको थालनी गरे भने ३२.० प्रतिशत कक्षाहरू उक्त दृष्टिले उत्तम ठहरिए । त्यसैगरी ४५.५० प्रतिशत कक्षाहरू मध्यम  खालका र  २७.५ प्रतिशत कक्षाहरू भने पाठको सन्दर्भअनुसार पाठ्यवस्तुको सुरुआत गर्ने सन्दर्भमा त्यति प्रभावकारी देखिएनन् । कक्षा अवलोकनकै क्रममा शिक्षकले कक्षामा प्रवेश गर्नु पूर्व नै पाठ्यवस्तुका बारेमा पहिले नै पूर्णरूपमा तयारी गर्ने क्रममा २५.० प्रतिशत कक्षाहरू उत्कृष्ट रहेको पाइयो भने ४७.५० प्रतिशत कक्षाहरू उक्त सन्दर्भमा उत्तम ठहरिए । त्यसैगरी पाठ्यवस्तुको बारेमा सामान्य तयारी गरी कक्षा शिक्षण गर्ने शिक्षकहरूमा २० प्रतिशत कक्षाहरू रहेको पाइयो भने७.५ प्रतिशत कक्षाहरूमा पाठको तयारी कत्ति पनि नगरिकन एकैचोटि कक्षामा प्रवेश गरेर शिक्षण गरेको पाइयो । यसबाटशिक्षकले आफ्नो जिम्मेवारीप्रति बेवास्ता गरी निष्क्रिय रहेको कुरा देखाउँदछ । यस प्रकारको शिक्षण पद्धति उदेश्यमूलक र परिणाममुखी नभई शिक्षण प्रक्रिया प्रभावहीन हुन जान्छ । यसरी नै १६.५० प्रतिशत कक्षाहरूमा शिक्षकहरू पाठ्यवस्तुप्रतिको विद्यार्थीहरूको रुचि जागरणका दृष्टिले अति उत्तम रहेको पाइयो भने ४५.० प्रतिशत कक्षाहरू उत्तम खालका र शिक्षकले सामान्य रूपमा विद्यार्थीहरूलाई विषयवस्तुप्रति रुचि जागरण गराउँदै शिक्षण गराएका जम्मा ३३.५० कक्षाहरू पाइयो भने ५.० प्रतिशत कक्षाहरूमा विद्यार्थीको पाठ्यवस्तुप्रतिको रूचिलाई बेवास्ता गरी एकोहोरो र निरस रूपमा शिक्षण भएको पाइयो । कक्षा शिक्षणलाई प्रभावकारी र उद्देश्यमूलक बनाउनका लागि कक्षा व्यवस्थापनको पनि महत्त्वपरुर्ण स्थान रहेको हुन्छ । यस शोधपत्रको तयारीका क्रममा कक्षा अवलोकनको अर्को

शीर्षक हामीले कक्षा व्यवस्थापन पनि राखेका छौं । यही सन्दर्भमा कक्षा अवलोकन गर्दा १३.० प्रतिशत कक्षाहरू अति उत्तम देखिए । जसमा कक्षाकोठाको भौतिक संरचना जस्तै कक्षाकोठाको आकार, झ्यालढोका, कालोपाटी, सेतोपाटी फर्निचरको व्यवस्थापन अत्यन्तै उत्कृष्ट रूपमा गरिएको थियो भने विद्यार्थी संख्या पनि सुहाउँदो थियो । त्यस्तै गरी कक्षा व्यवस्थापनकै सन्दर्भमा २१.५० प्रतिशत कक्षाहरू उत्तम ठहरिए भनेकक्षाकोठाको भौतिक संरचनाका साथै विद्यार्थी संख्याको व्यवस्थापन सामान्य रूपमा गरिएका ५७.० प्रतिशत कक्षाहरूमा रहेको पाइयो । तर ८.५० प्रतिशत कक्षाहरूमा भने कक्षाकोठाको व्यवस्थापनमा कुनै चासो नदिइकन केवल पठनपाठन मात्र गराइने गरेको देखियो । तसर्थ शिक्षण सिकाइ प्रक्रियालाई उत्कृष्ट र नतिजामुखी बनाउनका लागि अधिकांश विद्यालयहरूले कक्षाकोठाको आकार, फर्निचरको व्यवस्थापन र विद्यार्थी संख्याको व्यवस्थापनमा अझै थप सुधार गर्नुपर्ने देखिन्छ ।

### ४.१.२ शैक्षिक सामग्रीहरू

शिक्षण सिकाइ वातावरणमा विभिन्न सामग्रीहरूको प्रयोग गरी शिक्षण गरिने विधिहरूलाई सामग्री केन्द्रित विधिहरू भनिन्छ । शिक्षणमा रही शैक्षिक सामग्री अनिवार्य रूपमा चाहिन्छ भन्ने नहुन सक्दछ तर आवश्यकता अनुसार विभिन्न शैक्षिक सामग्रीको प्रयोगबाट गरिएको शिक्षण ज्यादा प्रभावकारी हुने मानिन्छ किनभने यसमा रोचकपन आकर्षण र प्रेरणा विकास हुने गर्दछ र सिकाइमा सबभन्दा बढी ज्ञानेन्द्रियहरू क्रियाशिल हुने गर्दछन् (शर्मा एण्ड शर्मा : २०६४: ५५२) । शिक्षण सिकाइका क्रममा विषय सन्दर्भसँग मिल्ने शैक्षिक सामग्रीको उचित प्रयोगले सिकाइलाई सहज र प्रभावकारी बनाउन सकिन्छ । विद्यार्थीहरूलाई शैक्षिक सामग्रीहरू जस्तै विभिन्न चित्र, पत्रपत्रिका, चार्ट, फ्लाटिन बोर्ड, तस्विर, शब्दपत्ति, वाक्यपत्ति, अर्थपत्तिआदिमा केन्द्रित गराई शिक्षण सिकाइ कार्यकलाप सञ्चालन गरेमा विद्यार्थीहरूको बौद्धिक क्षमतामा वृद्धि हुनुको साथै सिकाइ रूचिपरुर्ण र दीर्घकालीन हुन जान्छ ।

प्रस्तुत शोधपत्र तयारीका क्रममा कक्षा अवलोकनद्वारा तथ्याङ्क सङ्कलन गर्ने क्रममा प्राप्त विभिन्न कक्षाहरूमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था निम्नानुसार रहेको पाइयो :-

**तालिका सङ्ख्या : ४**

**शैक्षिक सामग्रीको प्रयोगको अवस्था**

| क्र.स. | शैक्षिक सामग्रीहरू | अतिउत्तम प्रतिशत | उत्तम प्रतिशत | मध्यम प्रतिशत | निम्न प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | दैनिक प्रयोगका सामग्रीहरू | २६.०० | २८.० | ३१.५० | १४.५० | १०० |
| २ | चार्ट वा चित्र | २.५० | १४.० | ११.५० | ७२.० | १०० |
| ३ | गोजी तालिका | १.७५ | ७.७५ | १८.५० | ७२.० | १०० |
| ४ | शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती | ५.७५ | १५.०० | १९.०० | ६०.२५ | १०० |
| ५ | फलाटिन बोर्ड | ९.५० | १२.०० | १९.५० | ५९.०० | १०० |

कक्षा अवलोकनका क्रममा गरिएको सर्वेक्षणबाट प्राप्त उपर्युक्त तालिकालाई अध्ययन गर्दा चक, डस्टर, कालोपाटी, सेतोपाटी जस्ता दैनिक प्रयोगका सामग्रीहरू प्रायजसो सबै कक्षाहरूमा सबै शिक्षकहरूद्वारा प्रयोग गरेको पाइयो । विशेष गरी तालिम प्राप्त र शिक्षाशास्त्र सङ्कायको अध्ययन गरेका शिक्षकहरूले दैनिक प्रयोगका सामग्रीहरूको प्रयोग उत्कृष्ट ढङ्गबाट गरेको पाइयो भने३१.५० प्रतिशत कक्षाहरूमा यसको प्रयोगको अवस्था सामान्य देखियो तर तालिम अप्राप्त शिक्षकहरूका करीब १४.५० प्रतिशत कक्षाहरूमा दैनिक प्रयोगका सामग्रीहरूको प्रयोगको अवस्था अति कमजोर रहेको पाइयो । यसरी नै पाठ्यवस्तुको सन्दर्भ अनुसार विभिन्न चार्ट चित्रहरूको प्रयोगले सिकाइलाई सरल र सहज बनाउनुको साथै विषयवस्तुप्रतिको धारणालाई अझ स्पष्ट पार्न सकिन्छ । शिक्षण सिकाइको यसै सन्दर्भलाई हेर्दा २.५० प्रतिशत कक्षाहरू मात्र चार्ट चित्रहरूको प्रभावकारी प्रयोगका दृष्टिले उत्कृष्ट रहेको पाइयो । जहाँ शिक्षकहरूले आफूले र साथसाथै विद्यार्थीहरूलाई पनि विभिन्न चित्रहरू बनाउन लगाएर कक्षाकोठामा प्रदर्शन गरेको पाइयो । अन्य केही कक्षाहरूमा सन्दर्भगत पाठ्यवस्तु अनुसारका चित्रहरूको सामान्य प्रयोग भएको पाइएतापनि अधिकांश कक्षाहरूमा त्यस प्रकारका चार्ट, चित्रहरूको प्रभावकारी ढङ्गबाट प्रयोग भएको भने पाइएन । जहाँ ७२.० प्रतिशत कक्षाहरूमा विद्यालयमा नै उपलब्ध

चित्रहरूको प्रयोगमा पनि ध्यान नदिएको पाइयो । जसमा पुस्तकमै रहेका अधिकांश चित्रहरूलाई समय सापेक्ष प्रयोग गर्न सकेमा अर्थपूर्ण तथा प्रभावकारी शिक्षण बन्न सक्दथ्यो तर त्यस्ता पुस्तकमा रहेका चित्रहरूको पनि उपयुक्त प्रयोग नभएको पाइयो । गोजी तालिका पनि प्रभावकारी भाषा शिक्षणको महत्त्वपूर्ण पक्ष मानिन्छ । केही सीमित कक्षाहरूमा यसको प्रयोग गरिए पनि अधिकांश कक्षाहरूमा शिक्षण सिकाइका क्रममा यसको प्रयोगको अवस्था अत्यन्तै कमजोर रहेको पाइयो । त्यसैगरी शिक्षण सिकाइलाई सहज, सरल र यथार्थपरक बनाउनको लागि र सिकाइलाई प्रभावकारी बनाउनका लागि शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती जस्ता शैक्षिक सामग्रीहरूको प्रयोगको अवस्थालाई अवलोकन गर्दा केहीतालिम प्राप्त र योग्य शिक्षकहरूका कक्षाहरू करिब ५.७५ प्रतिशत र १५.० प्रतिशत कक्षाहरू क्रमशः अति उत्तम र उत्तम ठहरिए । जहाँ यी शब्दपत्ती, वाक्यपत्ती र अर्थपत्ती जस्ता सामग्रीहरूको प्रयोग शिक्षण सिकाइका क्रममा उपयुक्त र प्रभावकारी ढङ्गबाट गरिएको पाइयो भने केही कक्षाहरू यस्ता सामग्रीको प्रयोगको हिसाबले सामान्य देखिए तर ६०.२५ प्रतिशत कक्षाहरूमा भने यस्ता सामग्रीको प्रयोगको अवस्था ज्यादै कमजोर रहेको पाइयो जहाँ शिक्षकद्वरा भाषा शिक्षणका क्रममा कक्षाकोठामा विद्यार्थी सामू यस्ता सामग्रीहरूको प्रदर्शन र प्रयोग अत्यन्तै न्यून रूपमा गरिएको पाइयो । यसले प्रभावकारी शिक्षण सिकाइमा खासै योगदान दिन सक्दैन । यसका साथै विद्यालयमा उपलब्ध सन्दर्भगत पाठ अनुसारका विभिन्न चार्ट, चित्रहरूलाई फलाटिन बोर्डको सहायताले कक्षाकोठामा देखाउन सकेको खण्डमा यसले शिक्षण सिकाइलाई रोचक र प्रभावकारी बनाउनुका साथै सिकाइलाई दीर्घकालीन बनाउन सक्दछ । यसै सन्दर्भमा कक्षा अवलोकन गर्दा ९.५० प्रतिशत कक्षाहरू उत्कृष्ट देखिए भने १२.० प्रतिशत कक्षाहरू उत्तम ठहरिए । जहाँ फलाटिन बोर्डको प्रभावकारी प्रयोगद्वारा कक्षा शिक्षण प्रक्रिया सञ्चालन गरेको देखियो । तर केही कक्षाहरूमा यसको प्रयोग सामान्य देखिए तापनि धेरै जसो कक्षाहरूमा यस प्रकारका सामग्रीहरूको खासै उचित रूपले प्रयोग भने भएको पाइएन ।

मा.वि तहको शिक्षण सिकाइलाई प्रभावकारी र दीर्घकालीन बनाउनका लागि कक्षा शिक्षणमा प्रयोग गरिने विभिन्न शैक्षिक सामग्रीहरूलाई बढीभन्दा बढी प्रयोग गर्नुपर्ने देखिन्छ । यस्ता शैक्षिक सामग्रीहरूजुन आगामी वर्षहरूमा पनि प्रयोग गर्न सकिने हुँदा पुनः निर्माणको झन्झटबाट छुट्कारा पाउनको लागि एकपटक प्रयोग गरिएका सामग्रीहरूलाई सुरक्षित साथ राख्न सकिन्छ । तसर्थ सन्दर्भगत पाठ अनुसारका शैक्षिक सामग्रीहरू

पाठ्यपुस्तकका चित्रहरू मात्र नभई अन्य स्रोतहरू जस्तै विभिन्न टि.भि रेडियो सन्दर्भ पुस्तकहरू आदिबाट खोजी कक्षामा प्रयोग गर्न सकिन्छ । माथिको कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क अनुसार शिक्षणका सिकाइका क्रममा प्रयोग गरिने शैक्षिक सामग्रीहरूको प्रयोगमा अझ सुधार ल्याउनुपर्ने देखिएको छ । जस अन्तर्गत शिक्षकलाई आवश्यक तालिम प्रदान गराउने, विद्यार्थीहरूलाई शैक्षिक सामग्रीहरूको प्रयोगमा सक्रिय बनाउने र साथै विद्यालयमा शिक्षण सिकाइको क्रममा आवश्यक पर्ने शैक्षिक सामग्रीहरूको उचित किसिमले उचित समयमा उपलब्ध गराउन सक्ने वातावरणको निर्माण गर्नुपर्ने देखिन्छ । जसले सिकाइलाई रोचक र प्रभावकारी बनाई विद्यार्थीको व्यक्तित्व विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

### ४.१.३. शिक्षण विधि

भाषा शिक्षण गर्दा विभिन्न पद्धतिहरूको उपयोग गरिन्छ । कुन स्थितिमा के कस्ता पद्धति वा विधिको उपयोग गरी भाषा सिकाएमा अपेक्षित लक्ष्य हासिल गर्न बढी मद्दत मिल्न सक्छ भन्ने कुराको जानकारी शिक्षकलाई भएमा मात्र उसले परिस्थिति अनुरूप अनुकुल हुने पद्धति वा विधिको छनोट गर्न सक्ने हुन्छ। (डा. अधिकारी : २०६३: ५६) । कक्षाकोठामा शिक्षकले सिकाइ कार्यकलाप सञ्चालन गर्दा विद्यार्थीहरूलाई बढीभन्दा बढी सक्रिय गराई कक्षा शिक्षणमा उनीहरूको प्रत्यक्ष संलग्नता हुने गरी विद्यार्थी केन्द्रित शिक्षण विधिहरू अपनाउनु पर्दछ । जसमा विषयवस्तुको प्रकृति, विद्यार्थीको रुचि, उपलब्ध स्रोत र सामग्रीको अवस्था र कक्षाकोठाको व्यवस्थापन अनुसार विभिन्न किसिमका शिक्षण सिकाइ विधिहरू अवलम्बन गर्नुपर्दछ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा शिक्षकले प्रयोग गरेको उपयुक्त शिक्षण विधिले सिकाइलाई प्रभावकारी र उद्देश्यमूलक बनाउन सक्दछ । यस शोधपत्रको तयारीका सन्दर्भमा शिक्षकले शिक्षण सिकाइका क्रममा प्रयोग गरेका शिक्षण विधिहरूको अध्ययनका क्रममा अवलोकन गरिएका कक्षाहरूमा प्रयोग गरिएका विभिन्न शिक्षण विधिहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या : ५**

**शिक्षण विधिहरू**

| क.स. | शिक्षण विधि | अति उत्तम ( प्रतिशतमा) | उत्तम( प्रतिशतमा) | मध्यम (प्रतिशतमा) | निम्न (प्रतिशतमा) | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | व्याख्यान/प्रवचन | २४.०० | ३२.०० | २४.०० | २०.०० | १०० |
| २ | छलफल | १८.५० | ३०.२५ | ३०.२५ | २१.०० | १०० |
| ३ | अभ्यास विधि | १४.०० | २५.७५ | ३१.०० | २९.२५ | १०० |
| ४ | प्रश्नोत्तर | १८.७५ | ३५.०० | २५.२५ | २१.०० | १०० |
| ५ | समस्या समाधान | २२.५० | ३४.५० | ३१.०० | १२.०० | १०० |
| ६ | प्रदर्शन | ५.५० | १४.०० | १८.५० | ६२.०० | १०० |
| ७ | भूमिका निर्वाह | – | ४.०० | २५.०० | ७१.०० | १०० |

माथिको तालिकामा उल्लेख गरिएअनुसार शिक्षण प्रक्रियामा प्रायः परम्परागत विधिहरूलाई नै प्रयोग गरिएको पाइयो । जसमा धेरैजसो विद्यालयहरूमा कक्षा कार्यकलाप सञ्चालन गर्दा गरिने विधिहरूलाई आधार बनाएर उपर्युक्त शिक्षण विधिहरूको टिपोट गरिएको थियो । यसमा शिक्षकले कक्षाकोठामा गएर शिक्षण प्रक्रिया सुरु गर्दा प्रवचन, व्याख्यान विधिको प्रयोगमा अधिक जोड दिइएको पाइयो । जसले गर्दा विद्यार्थीहरूको अन्तर्निहित प्रतिभा तथा उनीहरूको क्षमता विकासमा अवरोध उत्पन्न हुन जान्छ । मा.वि. तहका विद्यार्थीहरूको मनोविज्ञानलाई दृष्टिगत गर्दा उनीहरू बढी मात्रामा लज्जालु स्वभावका हुन्छन्। त्यसमाथि पनि शिक्षकले व्याख्यानका क्रममा बोलेका कतिपय शब्दहरू तथा वाक्यको अर्थ पनि बुझ्न नसक्ने र नबुझेका कुरा समेत सोध्न हिचकिचाउने हुँदा उनीहरू  विषयवस्तुका बारेमा स्पष्ट हुन सक्दैनन् । यहाँ शिक्षकहरू कक्षाकोठामा गएर प्रवचन दिनमा बढी क्रियाशील र निपुण रहेको पाइयो । यसरी प्रवचन तथा व्याख्या विधिबाट कक्षामा शिक्षकले एकोहोरो भट्याइरहेमा विद्यार्थीमा प्रतिभाको विकास हुन सक्दैन ।

शिक्षक र विद्यार्थीबिचको अन्तर्क्रियालाई कक्षा शिक्षणका क्रममा प्रभावकारी र सक्रिय बनाउनका लागि केही कक्षाहरूमा समस्या समाधान, छलफल, अभ्यास र प्रश्नोत्तर विधिलाई पनि प्रयोग गरेको पाइन्छ । यसप्रकार समस्या समाधान, छलफल, अभ्यास र प्रश्नोत्तर विधिलाई कक्षाकोठामा अन्तर्क्रियात्मक विधिका रूपमा प्रयोग गर्दा यसले शिक्षकका साथसाथै विद्यार्थीहरूलाई समेत शिक्षण सिकाइ प्रक्रियामा सक्रिय बनाउँछ जसले विद्यार्थीहरूको मनोबल उच्च भई व्यक्तित्व विकासमा पनि प्रभावकारी भूमिका निर्वाह गर्दछ ।

शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा शिक्षकले विद्यार्थी केन्द्रित विधिहरू प्रयोग गरेमा यसले सिकाइलाई प्रभावकारी र उद्देश्यमूलक बनाउन सक्दछ । यस्ता विद्यार्थी केन्द्रित विधिहरूमा समस्या समाधान, प्रदर्शन,भूमिका निर्वाह आदि जस्ता विधिहरू पर्दछन । तर अधिकांश कक्षाहरूमा यस्ता विधिहरूले प्रयोगको अवस्था न्यून देखियो । यी विधिहरूलाई प्रभावकारी रूपमा कक्षाकोठामा प्रयोग गर्न नसकिएको पाइन्छ । यसका विभिन्न कारणहरू हुन सक्छन् । जस्तै शिक्षकलाई पर्याप्त तालिमको अभाव साथै विद्यार्थीहरूलाई पनि तल्ला कक्षाहरूदेखि नै यस्ता कार्यकलापहरूमा सक्रिय बनाउन नसक्नु आदि । तसर्थ कक्षाकोठामा यस्ता विधिहरूलाई प्रयोग गर्नका लागि विद्यालयले शिक्षकहरूका निम्ति आवश्यक तालिम तथा विभिन्न कार्यशाला गोष्ठीहरू सञ्चालन गर्नुपर्ने देखिन्छभने विद्यार्थीहरूलाई पनि तल्ला कक्षाहरूदेखि नै यस्ता विधिहरूमा अभ्यस्त बनाउनु पर्दछ । यस प्रकार शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी र दीर्घकालीन बनाउनका लागि विद्यार्थीहरूलाई सिकाइ कार्यकलापमा सक्रिय रूपमा सहभागी गराई शिक्षकले पनि परम्परागत विधिलाई भन्दा अन्तर्क्रियात्मक विधिलाई प्रयोग गर्नु पर्दछ ।

### ४.१.४. कक्षाकोठामा मूल्याङ्कन विवरण

शिक्षणका सन्दर्भमा मूल्याङ्कनलाई विद्यार्थीहरूको क्षमता वा प्राप्तिको लेखाजोखाका रूपमा लिइन्छ । (डा. अधिकारी : २०६३:१८८) विद्यार्थीहरूको सिकाइलाई सबल बनाउन तथा उनीहरूको शिक्षण सिकाइमा उत्प्रेरित गर्न शिक्षकले कक्षाकोठामा पढाएर मात्रै पुग्दैन । यसबाट विद्यार्थीहरूले शैक्षिक गुणस्तरमा आएको परिवर्तनका साथै विद्यार्थीहरूको क्षमता बृद्धिमा भएको उपलब्धिको जानकारीका लागि नियमित मूल्याङ्कनको आवश्यकता पर्दछ । निरन्तर मूल्याङ्कनले विद्यार्थीहरूलाई आफ्नो सिकाइमा सुधार ल्याउन तथा शिक्षकलाई

आफ्नो शिक्षण प्रक्रियामा सुधार ल्याउनका लागि समेत आवश्यक सहयोग पुऱ्याउँदछ । तसर्थ मूल्याङ्कन परिपाटीबाट शिक्षक तथा विद्यार्थीहरूलाई भविष्यमा आफ्नो शिक्षण तथा सिकाइलाई निर्दिष्ट गर्न विभिन्न सुझाव प्राप्त हुने हुँदा कक्षा शिक्षणमा मूल्याङ्कनलाई नियमित बनाई राख्नु पर्दछ । यसरी मूल्याङकन गर्दा कक्षाकोठामा गृहकार्य तथा कक्षाकार्य, लिखित तथा मौखिक, सामूहिक तथा व्यक्तिगत रूपमा प्रश्नहरू सोध्नेजस्ता उपायहरू अवलम्वन गर्न सकिन्छ । प्रस्तुत शोधपत्र तयारीका सन्दर्भमा अवलोकन गरिएका ४० वटा कक्षाबाट प्राप्त मूल्याङ्कनको अवस्थालाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या : ६**

**मूल्याङ्कनको प्रकृति**

| **क्र.स.** | **मूल्याङ्कनको प्रकृति** | **कक्षा संख्या** | **प्रतिशतमा** |
|---|---|---|---|
| १. | नियमित मूल्याङ्कन गरिएका | २६ | ६५.०० |
| २. | नियमित मूल्याङ्कन नगरिएका | १४ | ३५.०० |
| ३. | लिखित प्रश्न गरेर मूल्याङ्कन गरिएका | १३ | ३२.५० |
| ४. | मौखिक प्रश्न गरेर मूल्याङ्कन गरिएका | ११ | २७.५० |
| ५. | लिखित र मौखिक दुवैबाट प्रश्न गरेर मूल्याङ्कन गरिएका | २ | ५.०० |
| ६ | कक्षाकार्यबाट मूल्याङ्कन गरिएका | १२ | ३०.०० |
| ७. | गृहकार्यबाट मूल्याङ्कन गरिएका | १२ | ३०.०० |
| ८. | कक्षाकार्य र गृहकार्य दुवैबाट मूल्याङ्कन गरिएका | २ | ५.०० |
| ९. | सामूहिक रूपमा मूल्याङ्कन गरिएका | ९ | २२.५० |
| १०. | व्यक्तिगत रूपमा मूल्याङ्कन गरिएका | १७ | ४२.५० |

कक्षाकोठामा शिक्षकले दैनिक रूपमा शिक्षण सिकाइका क्रममा अपनाउने मूल्याङ्कन प्रविधिलाई आधार बनाई तयार पारिएको यस तालिकामा त्रैमासिक र वार्षिक

परीक्षालाई समावेश गरिएको छैन । किनकि शिक्षण सिकाइमा मूल्याङ्कनलाई सहकार्यकलापको रूपमा लिइन्छ वा लिइँदैन भन्ने अध्ययन गर्नु यस शोधको मुख्य उद्देश्य रहेको छ । माथिको तालिकालाई विश्लेषण गर्दा अवलोकन गरिएका जम्मा ४० वटा कक्षामध्येका ६५ प्रतिशत कक्षाहरू शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा मूल्याङ्कनलाई नियमित रूपमा प्रयोग गरिएको पाइयो भने ३५ प्रतिशत कक्षाहरूमा नियमित रूपमा मूल्याङ्कन गरिएको पाइएन । तीमध्ये ३२.५ प्रतिशत कक्षाहरूमा लिखित प्रश्न गरेर मूल्याङ्कन गरेको पाइयो भने २७.५ प्रतिशत कक्षाहरूमा शिक्षकले मौखिक रूपमा प्रश्नहरू सोधेर मूल्याङ्कन गरेको पाइयो । ५ प्रतिशत कक्षाहरूमा मात्र लिखित र मौखिक दुवै रूपमा विद्यार्थीहरूलाई प्रश्न सोधेर मूल्याङ्कन गरेको पाइयो यसैगरी अवलोकन गरिएका कक्षाहरूमध्ये १२ वटा अर्थात् कुल कक्षा संख्याको ३० प्रतिशत कक्षाहरूमा कक्षाकार्यका रूपमा शिक्षकले विद्यार्थीलाई प्रश्नहरू सोधेर मूल्याङ्कन गरेको पाइयो भने ३० प्रतिशत कक्षाहरूमा विद्यार्थीहरूलाई गृहकार्य दिएर मूल्याङ्कन गरिएको पाइयो । ५.० प्रतिशत कक्षाहरूमा भने शिक्षकलेपहिला कक्षा कार्यकलापका रूपमा प्रश्न सोध्ने, उत्तर लेख्न लगाउने, र त्यसपछि मात्र गृहकार्य दिएर मूल्याङ्कन कार्यलाई निरन्तरता दिएको पाइयो । त्यसैगरी २२.५ प्रतिशत कक्षाहरूमा मूल्याङ्कन गर्दा विद्यार्थीहरूलाई सामूहिक रूपमा प्रश्न सोधेर सामूहिक रूपमा नै उत्तर दिएर विद्यार्थीहरूकोमूल्याङ्कन गरेको पाइयो भने ४२.५ प्रतिशत कक्षाहरूमा विद्यार्थीहरूलाई व्यक्तिगत रूपमा प्रश्न सोधेर मूल्याङ्कन प्रकृयालाई निरन्तरता दिएको पाइयो ।

यसरी विश्लेषण गर्दा ३५ प्रतिशत कक्षाहरूमा शिक्षकहरूले मूल्याङ्कन प्रक्रियालाई शिक्षण सिकाइको सहकार्यकलापका रूपमा अवलम्बन नगरेको देखियो भने ६५ प्रतिशत कक्षाहरूमा जहाँ तालिम प्राप्त र शिक्षाशास्त्र सङ्कायबाट आएका शिक्षकहरूले मात्र मूल्याङ्कन प्रक्रियालाई शिक्षण सिकाइ क्रियाकलापको सहयोगी पक्षका रूपमा स्वीकार गरेको पाइयो । तर तालिम अप्राप्त र शिक्षाशास्त्र सङ्कायभन्दा अन्य सङ्कायबाट आएका शिक्षकहरूले कक्षा शिक्षणका सन्दर्भमा मूल्याङ्कन प्रक्रियालाई प्रायः बेवास्ता गरेको पाइयो ।

### ४.१.५. शिक्षक विद्यार्थी सहभागी समयको बाडँफाँड

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा शिक्षण सिकाइ कार्यकलापमा शिक्षक विद्यार्थी दुवैको सहभागिताको समयावधिको बारेमा पनि अध्ययन गरिएको छ । शिक्षण सिकाइका क्रममा कक्षामा हुने शिक्षक विद्यार्थी बिचको कार्यकलापको समष्टिगत रूपलाई कक्षा कार्यकलापको रूपमा लिइन्छ । कक्षा कार्यकलापमा शिक्षक तथा विद्यार्थीहरू जम्मा के कति समय अन्तर्क्रियात्मक कार्यमा सहभागी भए भन्ने बारेमा गरिएको अध्ययनबाट प्राप्त तथ्यलाई निम्नानुसार तालिकामा प्रतिशतमा देखाइएको छ :

**तालिका सङ्ख्या : ७**

**शिक्षक सक्रियताको समय**

| क.स. | शिक्षकले गरेको कार्यकलाप | समय प्रतिशतमा (५० मिनेटलाई) |
|---|---|---|
| १ | शिक्षकले बोलेको समय | ६५.० |
| २ | पाठ्यवस्तु पढाउँदा लागेको समय | ४५.० |
| ३ | शैक्षिक सामग्री प्रदर्शन गर्दा लागेको समय | १२.० |
| ४ | गृहकार्य परिक्षण गर्दा र दिँदा लागेको समय | ८.० |

**तालिक ा सङ्ख्या : ८**

**विद्यार्थी सहभागिताको समय**

| क्र.स. | विद्यार्थीले गरेको कार्यकलाप | समय (५० मिनेटलाई प्रतिशत) |
|---|---|---|
| १ | विद्यार्थीले बोलेको समय | ३५.० |
| २ | जान्ने विद्यार्थीले लिएको समय | २४.० |
| ३ | कमजोर विद्यार्थीले लिएको समय | ११.० |
| ४ | अगाडि बस्ने विद्यार्थीले लिएको समय | २०.० |
| ५ | पछाडि बस्ने विद्यार्थीले लिएको समय | १५.० |
| | जम्मा | १०० |

माथिको तालिका अनुसार शिक्षण सिकाइको क्रममा शिक्षक विद्यार्थी सक्रियताको समयको बाँडफाँडको सन्दर्भलाई हेर्दा कुल समयको ६५ प्रतिशत समय शिक्षकले खर्चने गरेको देखिन्छ । जसमा उक्त समयमध्ये ८ प्रतिशत समय विद्यार्थीहरूको गृहकार्य हेर्दा र उनीहरूलाई नयाँ गृहकार्य दिँदा खर्च गरेको तथ्य अवलोकनबाट प्राप्त गरिएको थियो ।

त्यसै गरी कक्षाकोठामा विद्यार्थीहरूले कुल समयको ३५ प्रतिशत समय मात्र प्रयोग गरेको पाइयो । जसमध्येको २४ प्रतिशत समय जान्ने विद्यार्थीले मात्र प्रयोग गर्छन् भने कमजोर विद्यार्थीहरूले जम्मा ११ प्रतिशत समय मात्र प्रयोग गरेको देखिन्छ । त्यसमध्ये पनि २०प्रतिशत समय अगाडि बस्ने छात्रछात्राहरूले खर्च गर्दछन् भने १५ प्रतिशत समय मात्र पछाडि बस्ने विद्यार्थीहरूले प्रयोग गरेको पाइन्छ ।

यसरी समग्रमा हेर्दा कक्षा शिक्षण प्रक्रियामा शिक्षकले कुल समयको अधिकांश समय आफूले प्रयोग गरेको र विद्यार्थी सक्रियताको समय कम छुट्याइएको पाइयो । जसले गर्दा विद्यार्थीहरूले आफूमा भएको प्रतिभा र क्षमताको प्रदर्शन पूर्णरूपमा गर्न सकेका छैनन् । विद्यार्थीहरू सहभागी भएको समयमध्ये पनि धेरैजसोसमय जान्ने खालका र अगाडि बस्ने विद्यार्थीहरूले खर्च गरेको पाइयो । जसले गर्दा अलि कमजोर विद्यार्थीहरू त्यसमध्ये पनि पछाडि बस्नेहरूले अत्यन्तै कम समयको प्रयोग गर्न पाएका छन् । यसले उनीहरूको बौद्धिक क्षमताको वृद्धिमा बाधा उत्पन्न गराउन सकिन्छ । तसर्थ शिक्षकले कक्षा कार्यकलाप सञ्चालन गर्दा विद्यार्थी सहभागिताको समय अलि बढी प्रदान गरी कक्षामा सम्पूर्ण जान्ने नजान्ने, अगाडि बस्ने पछाडि बस्ने छात्र छात्रा विद्यार्थीहरूलाई समान रूपमा अन्तर्क्रिया विधिमा संलग्न गराएर शिक्षण गराउने गरेमा सिकाइ अझ प्रभावकारी र पारदर्शी हुन जान्छ साथैविद्यार्थीहरूलाई कक्षामा बस्ने रोलक्रम निर्धारण गरिदिँदा जान्ने नजान्ने विर्द्यार्थीले सिक्ने समान अवसर पाउन सक्छन् ।

### ४.१.६. शिक्षक विद्यार्थी सक्रियताको प्रकृति

शिक्षण सिकाइ प्रकियालाई प्रभावकारी बनाउनका लागि शिक्षण कार्यकलापमा शिक्षक विद्यार्थीको प्रत्यक्ष संलग्नता अनिवार्य हुन्छ । कक्षाकोठामा शिक्षक र विद्यार्थीहरूका क्रियाकलापहरू शिक्षण कार्यकलाप अन्तर्गत पर्दछन् । शिक्षकले कक्षाकोठामा प्रवेश गरेर शिक्षण प्रक्रिया सुरुआत गर्दा पाठ्यवस्तुको प्रकृति र विद्यार्थीहरूको मनोविज्ञानलाई मध्यनजर गर्दै शिक्षण गर्नुपर्दछ । यस अन्तर्गत शिक्षकले विद्यार्थीहरूलाई समय समयमा

प्रश्न सोध्ने, पूर्व पाठको स्मरण, विद्यार्थीको रुचि जागरण, पुनरावृति र मूल्याङ्कन तथा गृहकार्य जस्ता पक्षहरूबिच समन्वय गरेर शिक्षण क्रियाकलापमा विद्यार्थीलाई सक्रियताका साथ सहभागी गराउनु पर्दछ । साथै विद्यार्थीहरूले पनि नियमित कक्षामा उपस्थित भई कक्षामा शिक्षकले पढाएका कुराहरूबाट नलजाईकन र नहिचकिचाइकन आफूले नबुझेका कुराहरू आफ्नो समयमा सोध्ने, प्रश्न गर्ने जस्ता कार्यहरू गर्नुपर्दछ । विद्यार्थीहरूले दिएका गृहकार्य समयमा गर्ने र बुझाउने पनि गर्नुपर्दछ । शिक्षक विद्यार्थीबिचको यही अन्तर्क्रियात्मक प्रक्रियालाई नै शिक्षक विद्यार्थी सक्रियताको प्रकृति मानिएको हो । यसैलाई आधार मानेर गरिएको विभिन्न कक्षाहरूका कक्षा कार्यकलापको अवलोकनबाट प्राप्त तथ्यलाई यहाँ निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या : ९**

**शिक्षक विद्यार्थी सक्रियताको प्रकृति**

| **क्र.स** | **शिक्षक विद्यार्थी सक्रियता** | **अति उत्तम (प्रतिशतमा)** | **उत्तम (प्रतिशतमा)** | **मध्यम (प्रतिशतमा)** | **निम्न (प्रतिशतमा)** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| १ | शिक्षकको सक्रियता | १५.५० | २५.२५ | ३८.२५ | २१.०० | १०० |
| २ | विद्यार्थीको सक्रियता | १२.०० | २३.०० | २४.५० | ४०.५० | १०० |

उपर्युक्त तालिका अनुसार शिक्षक सक्रियताका दृष्टिले १५.५० प्रतिशत कक्षाहरू अति उत्तम देखिए भने २५.२५ प्रतिशत कक्षाहरू उत्तम ठहरिए । त्यसैगरी ३८.२५ प्रतिशत कक्षाहरूमा शिक्षक सक्रियताको अवस्था मध्यम खालको देखियो भने २१ प्रतिशत कक्षाहरूमा शिक्षकको सक्रियताको स्तर अति न्यून रहेको देखियो ।त्यस्तै गरी कक्षा शिक्षण कार्यकलापमा विद्यार्थीहरूको सक्रियतालाई आधार बनाउँदा १२प्रतिशत कक्षाहरूमा विद्यार्थीहरू उत्कृष्ट तवरले सक्रिय रहेको पाइयो । जसमा विद्यार्थीहरू अन्तर्क्रियात्मक कार्यकलापमा सक्रिय रहेको पाइयो ।जसमा विद्यार्थीहरू प्रत्यक्ष संलग्न रहेका थिए भने २३ प्रतिशत कक्षाहरू उत्तम खालका र २४.५० प्रतिशत कक्षाहरूमा विद्यार्थीहरू सामान्य रूपले सक्रिय रहेको पाइयो । तर ४०.५० प्रतिशत कक्षाहरूमा भने विद्यार्थी सक्रियताको अवस्था अत्यन्तै कमजोर रहेको देखियो। जसमा उनीहरूले कुनै पनि प्रकारका विषयवस्तुमा केही

प्रतिक्रिया नजनाइकन शिक्षकले पढाएका कुराहरू सुन्ने कुशल स्रोताको रूपमा रहेको पाइयो ।

### ४.१.७ कक्षाकोठामा अन्तर्क्रियाको अवस्था

प्रस्तुत शोधपत्र तयार गर्नुको मुख्य उद्देश्य भनेको मा.वि. तहको कक्षाकोठामा शिक्षक विद्यार्थीहरूको अन्तर्क्रियाको अध्ययन गर्नु रहेको छ । यसै सन्दर्भमा शिक्षण सिकाइ क्रियाकलापको क्रममा कक्षाकोठामा शिक्षक र विद्यार्थीबिच के कतिमात्रामा अन्तर्क्रिया भयो ? भन्ने विषयमा केन्द्रित रहेर यो शोधपत्र तयार गरिएको छ ।

शिक्षण सिकाइ कार्यकलाप कक्षाकोठाभित्र शिक्षक र विद्यार्थीका बिचमा सञ्चालन हुने हुँदा यो द्विपक्षीय प्रक्रिया हो । जुन यी दुई पक्षको अन्तर्क्रियात्मक क्रियाकलापबाट सम्पन्न हुन्छ । कक्षाकोठामा यदि शिक्षक वा विद्यार्थीले कुनै विषयवस्तुमा आबद्ध भई एकोहोरो रूपमा प्रवचन दिने गर्दछन् भने त्यसलाई एकोहोरो अन्तर्क्रियाको रूपमा लिन सकिन्छ । त्यस्तै कक्षाकोठामा यदि शिक्षकले शिक्षण सिकाइका क्रममा विद्यार्थीहरूका बिचमा, विद्यार्थी र शिक्षक सामग्रीका बिचमा, जान्ने नजान्ने विद्यार्थीहरूका बिचमा, छात्र छात्राका बिचमा र पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीका बिचमा अन्तर्क्रिया गराउँदछन् भने त्यसलाई दोहोरो अन्तर्क्रियाका रूपमा लिन सकिन्छ । यहीकक्षाकोठामा हुने अन्तर्क्रियात्मक क्रियाकलापलाई आधार बनाएर अवलोकन गरिएका ४० वटा कक्षाकोठाबाट प्राप्त विवरणलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या : १०**

**कक्षाकोठामा अन्तर्क्रियको अवस्था अध्ययन**

| क.स. | अन्तर्क्रियाको प्रकृति | कक्षा संख्या | कक्षा संख्या प्रतिशत |
|---|---|---|---|
| १. | एकोहोरो अन्तर्क्रिया | २४ | ६०.०० |
| २. | दोहोरो अन्तर्क्रिया | १६ | ४०.०० |
| क. | शिक्षक विद्यार्थीबिच अन्तर्क्रिया | ५ | १२.५० |
| ख. | जान्ने जान्ने विद्यार्थीबिच अन्तर्क्रिया | २ | ५.०० |
| ग. | शैक्षिक सामग्री र विद्यार्थीबिच अन्तर्क्रिया | ३ | ७.५० |
| घ. | छात्र छात्रा विद्यार्थीबिच अन्तर्क्रिया | ३ | ७.५० |
| ङ. | पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीबिच अन्तर्क्रिया | १ | २.५० |
| च. | नजान्ने र नजान्ने विद्यार्थीबिच अन्तर्क्रिया | १ | २.५० |
| छ. | जान्ने र नजान्ने विद्यार्थीबिच अन्तर्क्रिया | १ | २.५० |

माथिको तालिकामा देखाएअनुसार अवलोकन गरिएका जम्मा ४० कक्षाहरूमध्ये कक्षामा प्रवेश गरेपश्चात् पूरै समय शिक्षकले नै प्रयोग गरेर आफूमात्र एकोहोरो रूपमा प्रवचन दिएका २४ वटा अर्थात् ६०.०० प्रतिशत कक्षाहरू पाइयो । जहाँ शिक्षकले शिक्षण गर्ने क्रममा विद्यार्थीहरू कुशल स्रोता भए भने शिक्षकले कुनै पनि विद्यार्थीलाई कुनै पनि प्रश्न सोधेनन् र पूरै समय पाठ्यवस्तुको एकोहोरो रूपमा व्याख्या मात्र गरेर बिताएको देखियो । त्यस क्रममा शिक्षकलेविद्यार्थीहरूका बिचमा कुनै पनि प्रकारको छलफल गरेनन् । यसैगरी अवलोकन गरिएका कक्षाहरूमध्ये १६ वटा कक्षा अर्थात् ४० प्रतिशत कक्षाहरूमा शिक्षक विद्यार्थीबिच दोहोरो अन्तर्क्रियात्मक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिएको पाइयो ।

यसप्रकार दोहोरो अन्तर्क्रियात्मक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिएका कक्षाहरूमध्ये ५ वटा कक्षा अर्थात् कुल अवलोकन गरिएका कक्षाहरूमध्ये १२.५० प्रतिशत कक्षाहरूमा शिक्षक र विद्यार्थीबिच अन्तर्क्रिया भएको देखियो । जहाँ शिक्षण सिकाइका क्रममा शिक्षकले समय समयमा सम्बन्धित पाठ्यवस्तुका बारेमा विद्यार्थीहरूलाई बोल्न आफ्ना अनुभव र विचारहरू व्यक्त गर्ने अवसरहरू दिइएको पाइयो । त्यसैगरी शिक्षण अवधिको बिच बिचमा विद्यार्थीहरूलाई सामूहिक तथा व्यक्तिगत रूपमा प्रश्नहरू पनि सोध्ने गरेको पाइयो । त्यसै गरी अध्ययनकै क्रममा अवलोकन गरिएका जम्मा कक्षाहरूमध्ये २ वटा अर्थात् कुल संख्याको ५.० प्रतिशत कक्षाहरूमा जान्ने जान्ने विद्यार्थीहरूका बिचमा अन्तर्क्रिया गराई शिक्षण सिकाइमा प्रत्यक्ष सहभागी गराइएको पाइयो। जहाँ कक्षाकोठामा अलि जान्ने जान्ने विद्यार्थीहरूलाई पाठ्यवस्तुका बारेमा छलफल तथा प्रश्नोत्तरद्वारा आफ्ना विचारहरू पोख्ने अवसर प्रदान गरी कक्षामा सक्रिय बनाइएको पाइयो । यसले जान्ने विद्यार्थीहरूको शैक्षिक गुणस्तरमा बृद्धि गर्छ नै साथै कक्षामा जुन विद्यार्थी अलि कमजोर र आफ्ना विचार राख्न लजाउने र हिचकिचाउने स्वभावका छन् । तिनीहरूमा पनि आफ्ना विचारहरू राख्न सक्ने मनोबलमा वृद्धि गराउँछ । अर्को तर्फ ७.५० प्रतिशत कक्षाहरूमा शैक्षिक सामग्री र विद्यार्थीबिच अन्तर्क्रिया गराउने गरेको पाइयो । जहाँ कक्षाकोठामा विभिन्न शैक्षिक सामग्रीहरू जस्तै चित्र तथा तस्वीरहरू देखाएर तिनीहरूले व्यक्त गर्न खोजेको विषय र दिन खोजेको सन्देश के हो ? भन्ने जस्ता प्रश्नहरू सोधी त्यसको अर्थ भन्नका लागि विद्यार्थीहरूलाई उत्प्रेरित गरेको पाइयो । त्यस्तै अन्य शैक्षिक सामग्रीहरू जस्तै शब्दपत्ति, अर्थपत्ति, वाक्यपत्ति आदि देखाएर विद्यार्थीहरूलाई शिक्षण सिकाइ कार्यकलापमा सक्रियताका साथ सहभागी गराएको पाइयो । यसै सन्दर्भमा अवलोकन गरिएकामध्ये २ वटा कक्षा अर्थात् कुल कक्षा संख्याको ७.५० प्रतिशत कक्षाकोठामा छात्र छात्राको बिचमा अन्तर्क्रिया गराइएको पाइयो भने २.५० प्रतिशत कक्षाहरूमा पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीका बिचमा अन्तर्क्रिया गराएको पाइयो । यो अन्तर्क्रियाको अवस्थालाई हेर्दा पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीका बिचमा प्रयोगात्मक रूपमा नभई संयोगवश भएको पाइयो । तर यस प्रकारको अन्तर्क्रियाले पहिलो भाषाको रूपमा नेपाली भाषा सिक्न चाहने र दोस्रो भाषाको रूपमा नेपाली भाषा सिक्न चाहने विद्यार्थीहरूको भाषा शिक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । त्यसैगरी २.५० प्रतिशत कक्षाहरूमा नजान्ने नजान्ने विद्यार्थीलाई छलफलमा सहभागी गराएको पाइयो । जस्ले उनीहरूको शैक्षिक गुणस्तर

वृद्धिमा सहयोग पुऱ्याउँछ । ठिक त्यसैगरी २.५० प्रतिशत कक्षाहरूमा जान्ने र नजान्ने विद्यार्थीहरूको बिचमा अन्तर्क्रिया गराएको पाइयो ।

माथिको तालिकालाई विश्लेषण गर्दा अधिकांश कक्षाहरूमा शिक्षक विद्यार्थीबिचको तथा विद्यार्थी विद्यार्थीबिचको दोहोरो अन्तर्क्रियाभन्दा एकोहोरो अन्तर्क्रिया तुलनात्मक रूपमा बढी देखिन्छ । कक्षाकोठामा शिक्षकले अधिक मात्रामा एकोहोरो रूपमा  प्रवचन दिने र एक पक्षीय अन्तर्क्रिया गरेको हुँदा जुन अन्तर्क्रिया कक्षाकोठामा आवश्यक पर्छ त्यो हुन नसकेको देखियो । शिक्षण सिकाइ कार्यकलापमा अन्तर्क्रिया भएपनि यसको अवस्था ज्यादै कमजोर रहेको पाइयो । विद्यार्थी संख्याको अत्यधिक चाप, आवश्यक शैक्षिक सामग्रीको अभाव, समयको अभाव, समयमा नै तोकिएको पाठ्यवस्तु पढाउनै पर्ने बाध्यता र शिक्षकमा अन्तर्क्रिया प्रक्रिया सञ्चालन सम्बन्धी ज्ञान तथा सिपको कमी जस्ता  पक्षहरूले अन्तर्क्रिया सञ्चालनमा कठिनाई ल्याएको हुनाले कक्षाकोठामा गरिएको अन्तर्क्रियामा अत्यन्त कम विद्यार्थीहरू मात्र संलग्न भएको पाइयो ।

तसर्थ यस्ता समस्याहरूलाई दृष्टिगत गर्दै शिक्षकलाई अन्तर्क्रिया सम्बन्धी आवश्यक तालिम र शैक्षिक सामग्रीहरू समयमा नै उपलब्ध गराई कक्षाकोठामा अन्तर्क्रिया सञ्चालन गराएर उनीहरूको ज्ञान, सिप, अनुभव, क्षमता र विचारहरू शिक्षक तथा विद्यार्थीहरूका बिचमा ल्याउने वातावरण तयार पार्न आवश्यक पर्दछ । दोहोरो अन्तर्क्रियाले विद्यार्थीहरूमा आत्मविश्वास बृद्धि गराउने र छलफलमा सहभागी हुने सक्रियता बृद्धि गराउने हुँदा यस प्रकारको अन्तर्क्रियामा बढीभन्दा बढी शिक्षक विद्यार्थीलाई सहभागी गराउनु पर्ने देखिन्छ ।

## ४.२ शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्यको विश्लेषण र व्याख्या

प्रस्तुत शोधपत्र तयारीका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा नमूना छनोटमा परेका विद्यालयमा मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूसँग प्रश्नावलीको प्रयोग गरेर तथ्याङ्क सङ्कलन गरिएको थियो । यसरी प्रयोग गरिएको उक्त प्रश्नावलीमा खासगरी शिक्षक विद्यार्थी अन्तर्क्रिया तथा मूल्याङ्कनसँग सम्बन्धित विकल्प सहितका १४ वटा प्रश्नहरू समावेश गरिएको थियो । उक्त प्रश्नहरू नमूना छनोटमा परेका पार्वतीपुर गा.वि. स. भित्रका २ वटा सामुदायिक र २ वटा संस्थागत विद्यालयहरूमा मा.वि तहमा नेपाली भाषा शिक्षण गर्ने एक एक जना गरी चार जना शिक्षकहरूलाई लिखित रूपमा जवाफ दिन लगाइएको थियो र अवस्था अनुसार केही प्रश्नहरूको मौखिक रूपमा

जवाफ मागेर आवश्यक तथ्य सङ्कलन गरिएको थियो । उक्त प्रश्नावलीबाट प्राप्त तथ्यलाई निम्नानुसार बुदाँगत रूपमा प्रस्तुत गर्न सकिन्छ :

क. अवलोकन गरिएका चारवटा विद्यालयका चारजना नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूमध्ये ७५ प्रतिशत शिक्षकहरू तालिम प्राप्त र २५ प्रतिशत शिक्षकले तालिम प्राप्त नगरेको पाइयो ।

ख. मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूमा १२ वर्षदेखि ३२ वर्ष सम्मको शिक्षण अनुभव रहेको पाइयो ।

ग. कक्षाकोठामा कक्षाशिक्षण प्रक्रिया प्रारम्भ गर्ने क्रममा ५० प्रतिशत शिक्षकले पूर्व पाठमा आधारित भएर, २५ प्रतिशतले पाठको सन्दर्भ ल्याएर र २५ प्रतिशतले शिक्षणको उद्देश्य भनेर सञ्चालन गर्ने गरेको पाइयो ।

घ. कक्षा कार्यकलापमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको लागि सबै शिक्षकहरूले जान्ने र नजान्ने विद्यार्थीको बिचमा अन्तर्क्रिया सञ्चालन गराउने गरेको पाइयो ।

ङ. मा.वि तहको भाषा शिक्षण सिकाइमा अन्तर्क्रिया गराउने सन्दर्भमा ५० प्रतिशत शिक्षकले बालकेन्द्रित शिक्षण विधिद्वारा र बाँकी ५० प्रतिशत शिक्षकले शिक्षक विद्यार्थी सक्रियताका आधारमा गरेको पाइयो ।

च. नेपाली भाषा शिक्षणमा अन्तर्क्रियालाई बाधा पुऱ्याउने तत्त्वहरूमध्ये ५० प्रतिशत शिक्षकहरूबाट परम्परागत सोचाइका कारण र ५० प्रतिशत शिक्षकहरूबाट सन्दर्भ सामग्रीको कमीका कारण हो भन्ने जवाफ पाइयो ।

छ. कक्षा शिक्षणका क्रममा सिकाइलाई बढी प्रभावकारी बनाउन विभिन्न शैक्षिक सामग्रीको महत्त्वपूर्ण भूमिका भएतापनि ७५ प्रतिशत शिक्षकले दैनिक प्रयोगका सामग्रीलाई जोड दिइएको पाइयो भने २५ प्रतिशत शिक्षकले मात्र अर्थपत्ति प्रयोग गरेको पाइयो ।

ज. कक्षाकोठामा प्रवेश गर्नुपूर्व सबै शिक्षकहरूले पाठको पूर्व तयारी गर्ने कुरा बताए पनि वास्तविकतामा त्यसो नगरेको पाइयो ।

झ. कक्षा शिक्षणमा विद्यार्थी सहभागिताको स्थिति ५० प्रतिशत शिक्षकद्वारा सन्तोषजनक रहेको भन्ने जवाफ दिएको पाइयो ।

ञ. सबै शिक्षकहरूले कक्षा शिक्षणका क्रममा विद्यार्थीहरूको दैनिक मूल्याङ्कन नियमित रूपमा गर्ने गरेको बताएपनि कक्षा अवलोकनका क्रममा नियमित मूल्याङ्कन त्यति गर्न नसकेको पाइयो ।

## ४.३ कक्षा अवलोकन र प्रश्नावलीबाट प्राप्त तथ्यबिचको तुलना

प्रस्तुत शोध प्रतिवेदन तयारीका क्रममा आवश्यक पर्ने तथ्यहरू सङ्कलन गरी कक्षा अवलोकन र प्रश्नावलीको प्रयोग गरिएको थियो । उक्त प्रश्नावलीबाट प्राप्त तथ्यहरूलाई मध्यनजर गर्दा अन्तर्क्रियात्मक विधि र विद्यार्थी केन्द्रित शिक्षण विधिका बारेमा शिक्षकलाई सैद्धान्तिक ज्ञान भएको भएतापनि अत्यधिक विद्यार्थी संख्या, आवश्यक शैक्षिक सामग्रीको अभाव, समयमा नै पाठ्यांश पूरा गर्नु पर्ने बाध्यता र समयको अभाव जस्ता कठिनाइहरूले गर्दा आफूसँग भएको ज्ञान तथा सिपलाई कक्षाकोठामा विद्यार्थी सामु प्रयोग गर्न नसकिने बताइएको पाइयो । मा.वि तहमा नेपाली भाषा शिक्षणमा संलग्न शिक्षकहरूले शिक्षक विद्यार्थी बिचको दोहोरो अन्तर्क्रिया, पाठको पूर्व तयारी, पाठको सन्दर्भ रशैक्षिक सामग्रीको उपयोगिता जस्ता कुराहरूमा शतप्रतिशत सहमति जनाएतापनि कक्षा अवलोकन र प्रश्नावलीबाट प्राप्त तथ्यको बिचमा तालमेल हुन नसक्दा उपयुक्त कुराहरूको प्रयोग कक्षाकोठामा अत्यन्तै न्यून मात्रामा गरेको पाइयो । कक्षाकोठामा भाषा शिक्षणका क्रममा व्याख्यान विधि जस्ता शिक्षक केन्द्रित विधिलाई बढी महत्त्व दिन नहुने कुरामा शिक्षकहरूको पूर्ण समर्थन रहेको पाइयो तर कक्षा अवलोकनका क्रममा अधिकांश कक्षाहरूमा शिक्षकले व्याख्यान विधिलाई नै अवलम्बन गरेको पाइयो ।

अन्ततः कक्षा अवलोकन र प्रश्नावलीबाट दुवै तथ्यलाई अध्ययन गर्दा भाषा शिक्षणका क्रममा कक्षाकोठामा सञ्चालन गरिने शिक्षक विद्यार्थीबिचको अन्तर्क्रियात्मक कार्यकलापमा विद्यार्थीभन्दा शिक्षक नै बढी मात्रामा सक्रिय रहेको पाइन्छ । तसर्थ शिक्षण सिकाइ कार्यकलापमा सिकाइलाई प्रभावकारी र उपलब्धिमूलक हुनुका साथै दीर्घकालीन बनाउनका लागि भाषा शिक्षणमा विद्यार्थीलाई शिक्षकभन्दा बढी सक्रिय र सहभागी गराइ अन्तर्क्रिया र छलफलबाट शिक्षण कार्यकलाप सञ्चालन गर्नु पर्दछ ।

### ४.४. परिणामको तुलनात्मक विश्लेषण

प्रस्तुत माध्यमिक तहमा शिक्षक विद्यार्थी अन्तर्क्रियाकोअध्ययननामक शोधका लागि छनोट गरिएका चितवन जिल्लाका दुईवटा सामुदायिक र दुईवटा संस्थागत विद्यालयहरूका दुई दुईजना गरी चारजना मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूका दस दस कक्षा गरी चालिस कक्षाहरूको अवलोकन गरेर तथ्याङ्क सङ्कलन गरिएको छ । यसरी सङ्कलन गरिएका तथ्याङ्कहरूलाई अध्याय चारमा विभिन्न तालिकाहरूमा तालिकीकरण गरी व्याख्या एवम् विश्लेषण गरिएको छ । जसमध्ये दुईवटा सामुदायिक विद्यालयका दुईजना शिक्षकहरूका बीसवटा कक्षाहरू अवलोकन गरिएको थियो भने अरू बीसवटा कक्षाहरू संस्थागत विद्यालयमा अध्ययन गराउने दुईजना शिक्षकहरूका थिए । यस अध्यायमा अध्याय चारमा तयार पारिएका तिनै तालिकाहरूलाई आधार मानी सामुदायिक र संस्थागत विद्यालयहरूमा शिक्षक विद्यार्थीको अन्तर्क्रियाको अवस्थालाई विभिन्न तालिका र रेखाचित्रको माध्यमबाट तुलनात्मक रूपमा विश्लेषण गरिएको छ ।

#### ४.४.१. कक्षा प्रारम्भ

शिक्षकले कक्षाकोठामा प्रवेश गरिसकेपछि विभिन्न अवस्थामा रहेका विद्यार्थीहरूलाई विभिन्न तालिकाबाट पाठ्यवस्तुप्रति रूचि जागरण गराएर शिक्षण सिकाइतर्फ ध्यानाकर्षण गराएर कक्षा प्रारम्भ गर्नु पर्दछ । यसका लागि शिक्षक स्वयम् विषयवस्तुको उद्देश्यप्रति स्पष्ट भई विद्यार्थीहरूलाई पूर्व पाठको स्मरणका लागि पुनरावृत्ति गराउनु उपयुक्त मानिन्छ । प्रस्तुत शोधका लागि दुईवटा सामुदायिक र दुईवटा संस्थागत विद्यालयहरूमा गरिएको अवलोकनबाट प्राप्त तथ्य अनुसार कक्षा प्रारम्भको अवस्थालाई निम्नानुसार तालिका र रेखा चित्रमा प्रस्तुत गरिएको छ ।


तालिका सङ्ख्या : ११

कक्षा प्रारम्भ सम्बन्धी तुलनात्मक अध्ययन

| क्र.स. | कार्यकलाप | अति उत्तम (प्रतिशतमा) | | उत्तम (प्रतिशतमा) | | मध्यम (प्रतिशतमा) | | निम्न (प्रतिशतमा) | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | |
| १ | पूर्व पाठमा आधारित | ५.२५ | ३.० | ११.० | ६.५० | २८.२५ | १७.० | १३.० | १६.० | १०० |
| २ | शिक्षण उद्देश्यप्रति स्पष्ट | ३.० | ११.० | ९.५० | १५.० | ३०.५० | १९.५० | ९.५० | २.० | १०० |
| ३ | पाठको सन्दर्भ अनुसार सुरुआत | ४.५० | ८.० | १४.० | १८.० | १९.० | २६.५० | ७.० | ३.० | १०० |
| ४ | पाठको तयारी | ७.५० | १७.५० | १९.० | २८.५० | १३.० | ७.० | ५.० | २.५ | १०० |
| ५ | पाठ्यवस्तुप्रति विद्यार्थीको रुचि | ६.५० | १०.० | १५.० | ३०.० | ११.५० | २२.० | ३.७५ | १.२५ | १०० |
| ६ | कक्षा व्यवस्थापन | ५.० | ८.० | ६.० | १५.५० | २२.० | ३५.० | ६.२५ | २.२५ | १०० |


## चित्र सङ्ख्या : १

### कक्षा प्रारम्भ सम्बन्धी तुलनात्मक अध्ययन (सामुदायिक विद्यालय)




## चित्रसंख्या : २

### कक्षा प्रारम्भ सम्बन्धी तुलनात्मक अध्ययन (संस्थागत विद्यालय)




कक्षा प्रारम्भसम्बन्धी माथिको तालिका र रेखाचित्रलाई विश्लेषण गर्दा सामुदायिक विद्यालयहरू पूर्व पाठमा आधारित भएर कक्षा प्रारम्भ गर्ने सन्दर्भमा संस्थागत विद्यालय भन्दा अगाडि रहेको पाइयो ।संस्थागत विद्यालयका शिक्षकका कक्षाहरू विद्यार्थीहरूलाई

पढाउनका लागि पढाइएको भन्दा पनि उद्देश्य प्राप्तिका लागि पढाउने पक्षमा सकारात्मक पाइयो । तुलनात्मक रूपमा संस्थागत विद्यालयका शिक्षकहरूले भन्दा सामुदायिक विद्यालयका शिक्षकहरूले बढी मात्रामा तालिमको अवसर प्राप्त गरे पनि पाठको सन्दर्भ अनुसार, पाठको पूर्व तयारी, पाठ्यवस्तुप्रति विद्यार्थीको रूचि जागरण गरी कक्षाकोठाको पूर्ण व्यवस्थापन गरी कक्षा शिक्षण प्रारम्भ गर्ने सन्दर्भमा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयहरू नै अगाडि रहेको पाइयो । शिक्षकहरूको अनुभव र तालिमलाई हेर्ने हो भने सामुदायिक र संस्थागत सबै विद्यालयका शिक्षकहरू अनुभवी र तालिम प्राप्त नै रहेको पाइयो । सामुदायिक विद्यालयहरूमा संस्थागत विद्यालयको भन्दा बढी विद्यार्थी संख्या हुने हुँदा कक्षाकोठाको अभाव र पर्याप्त शैक्षिक सामग्रीको अभावका कारण शिक्षकले आफूसँग भएको ज्ञान सिपलाई व्यवहारमा उतार्न असमर्थ हुने हुँदा सामुदायिक विद्यालयका शिक्षकहरूको कक्षा संस्थागत विद्यालयका शिक्षकको तुलनामा केही कमजोर रहेको पाइन्छ ।

### ४.४.२. शैक्षिक सामग्रीहरूको प्रयोग

कक्षा शिक्षणका क्रममा सिकाइलाई सहज, प्रभावकारी र उद्देश्यमूलकका साथै रोचकपूर्ण, आकर्षक र प्रेरणादायी बनाउनका लागि शिक्षकले कक्षाकोठामा प्रयोग गर्ने सामग्रीहरू नै शैक्षिक सामग्रीहरू हुन् । यसरी प्रयोग गरिने शैक्षिक सामग्रीहरू शिक्षण सिकाइका क्रममा विषय सन्दर्भसँग मिल्ने खालका हुनु पर्दछ । जसले सिकाइलाई सरल र प्रभावकारीका साथसाथै रूचिपूर्ण र दीर्घकालीन बनाउँदछ । दैनिक प्रयोगका सामग्रीहरू जस्तैः चक, डस्टर,चार्ट, पत्रपत्रिका साथै अन्य विभिन्न शब्दपत्ति, अर्थपत्ति, वाक्यपत्ति,गोजी तालिका, फलाटिन बोर्ड, तस्वीर आदिलाई शैक्षिक सामग्रीका रूपमा लिइन्छ । प्रस्तुत शोध प्रतिवेदन तयारीका क्रममा कक्षा अवलोकन गरिएका दुई सामुदायिक र दुई संस्थागत विद्यालयका कक्षाहरूमा शैक्षिक सामग्रीको प्रयोगको अवस्थालाई निम्नानुसार तालिका र रेखाचित्रमा देखाइएको छ ।


**तालिका सङ्ख्या : १२**

**शैक्षिक सामग्रीको प्रयोगको अवस्था**

| क्र.स. | शैक्षिक सामग्री | अति उत्तम (प्रतिशतमा) | | उत्तम (प्रतिशतमा) | | मध्यम (प्रतिशतमा) | | न्युन (प्रतिशतमा) | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | |
| १ | दैनिक प्रयोगका सामग्रीहरू | १०.५० | १५.५० | ९.७५ | १८.२५ | १५.० | १६.५० | १०.० | ४.५० | १०० |
| २ | चार्ट, चित्र | १.० | १.५० | ५.० | ९.० | ६.५० | ५.०० | ४०.० | ३२.० | १०० |
| ३ | गोजी तालिका | १.५० | ०.२५ | ४.२५ | ३.५० | १०.५० | ८.० | ३७.० | ३५.०० | १०० |
| ४ | शब्दपत्ति,अर्थपत्ति, वाक्यपत्ति | ३.७५ | २.०० | ६.० | ९.० | ४.५० | १४.५० | ३५.० | २५.२५ | १०० |
| ५ | फलाटिन बोर्ड | ५.०० | ४.५० | ५.५० | ६.५० | ८.० | ११.५० | ३९.० | २०.० | १०० |


### चित्र सङ्ख्या : ३

### शैक्षिक सामग्रीको प्रयोगको अवस्था (सामुदायिक विद्यालय)




### चित्र सङ्ख्या : ४

### शैक्षिक सामग्रीको प्रयोगको अवस्था (संस्थागत विद्यालय)




शैक्षिक सामग्रीको प्रयोगको अवस्थासँग सम्बन्धित माथिको तालिका र रेखाचित्रको विश्लेषण गर्दा सामुदायिक र संस्थागत दुवै विद्यालयहरूमा कक्षा शिक्षणका क्रममा प्रयोग गरिने शैक्षिक सामग्रीको प्रयोगको अवस्था कमजोर नै देखियो । चक, डस्टर, कालोपाटी,

जस्ता दैनिक प्रयोगका सामग्रीको प्रयोगको अवस्था दुवै विद्यालयहरूमा सन्तोषजनक पाइएतापनि सामुदायिक विद्यालयका केही कक्षाहरूमा शिक्षकले कक्षाकोठामा प्रवेश गर्दा चक, डस्टर पनि नलिइकनै गएको पाइयो । संस्थागत विद्यालयका केही कक्षाहरू पनि दैनिक प्रयोजनका सामग्रीको प्रयोगका सन्दर्भमा कमजोर नै देखियो तर सामुदायिक विद्यालयको तुलनामा केही अगाडि रहेको पाइयो । सामुदायिक विद्यालयहरूमा संस्थागत विद्यालयका भन्दा बढी मात्रामा शैक्षिक सामग्रीहरू उपलब्ध भए पनि कक्षाकोठामा तिनको प्रयोग खासै नगरिएको पाइयो । चार्ट, चित्र प्रयोग तथा प्रदर्शनका सन्दर्भमा संस्थागत विद्यालयका शिक्षकका साथसाथै विद्यार्थीहरूद्वारा बनाइएका चित्रहरूलाई समेत प्रयोगमा ल्याइएको पाइयो भने सामुदायिक विद्यालयमा पाठ्यपुस्तकमा भएका चित्रहरूलाई प्रायः सबै शिक्षकले प्रदर्शन गरेतापनि शिक्षकहरूद्वारा बनाइएका चित्र कम देखिए । शब्दपत्ति, अर्थपत्ति, वाक्यपत्ति र फलाटिन बोर्डको प्रयोगको अवस्था संस्थागत विद्यालयहरूमा सन्तोषजनक देखिएतापनि कतिपय संस्थागत विद्यालयहरूमा फ्लाटिन बोर्डको रूपमा कालोपाटीलाई नै प्रयोग गरेको पाइयो । यसै गरी सामुदायिक विद्यालयका कक्षाहरू भने शब्दपत्ति, अर्थपत्ति, वाक्यपत्ति, फलाटिन बोर्ड र गोजी तालिकाको प्रयोगका सन्दर्भमा संस्थागत विद्यालय भन्दा अगाडिरहेको पाइयो । संस्थागत विद्यालयहरूमा शब्दपत्ति, अर्थपत्ति, वाक्यपत्ति, जस्ता सामग्रीहरूलाई कक्षामा हातबाट नै देखाइएमो थियो भने सामुदायिक विद्यालयहरूमा यी सामग्रीहरूलाई गोजी तालिकामा देखाइएको पाइयो । यसरी समग्रमा हेर्दा कक्षा शिक्षणको क्रममा प्रयोग गरिने शैक्षिक सामग्रीको प्रयोगको अवस्था प्रायः कक्षाहरूमा न्यून देखिएतापनि तुलनात्मक रूपमा सामुदायिक विद्यालयका शिक्षकहरूले भन्दा संस्थागत विद्यालयका शिक्षकहरूले बढीसामग्रीहरू प्रयोग गरेको पाइयो ।

### ४.४.३. शिक्षण विधिहरू

शिक्षकले शिक्षण सिकाइका क्रममा विषयवस्तुको प्रकृति कक्षाकोठाको अवस्था, विद्यार्थीकोरुचि तथा स्तर र उपलब्ध शैक्षिक सामग्रीको प्रयोग गरी विभिन्न किसिमका शिक्षण विधिहरू अपनाउनु पर्दछ । शिक्षकले विद्यार्थीहरूको मनोबल उच्च बनाई व्यक्तित्व विकासमा पनि प्रभावकारी भुमिका निर्वाह गर्ने खालका शिक्षण विधिहरूको प्रयोग गर्नुपर्दछ । यस शोध अध्ययनका क्रममा अवलोकन गरेर सामुदायिक र संस्थागत विद्यालयहरूमा

कक्षाकोठामा प्रयोग गरिएका शिक्षण विधिहरूलाई निम्नानुसार तालिका र रेखाचित्रमा देखाइएको छ :-


**तालिका सङ्ख्या : १३**

**शिक्षण विधि**

| क्र.स. | कार्यकलाप | अति उत्तम ( प्रतिशतमा) | | उत्तम (प्रतिशतमा) | | मध्यम (प्रतिशतमा) | | न्यून (प्रतिशतमा) | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | |
| १ | व्याख्यान वा प्रवचन | १७.० | ७.० | १५.० | १७.० | १३.० | ११.० | ९.० | ११.० | १०० |
| २ | छलफल | ७.५० | ११.० | १२.२५ | १८.० | २०.२५ | १०.० | १५.० | ६.० | १०० |
| ३ | अभ्यास | ६.० | ८.० | १५.० | १०.७५ | २२.० | ९.० | २०.० | ९.२५ | १०० |
| ४ | प्रश्नोत्तर | ८.५० | १०.२५ | १६.० | १९.० | १६.० | ९.२५ | १३.० | ८.० | १०० |
| ५ | समस्या समाधान | ९.५० | १३.० | २०.५० | १४.० | १९.० | १२.० | ५.० | ७.० | १०० |
| ६. | प्रदर्शन | ३.७५ | १.७५ | ८.० | ६.० | ८.० | १०.५० | २३.० | ३४.० | १०० |
| ७. | भूमिका निर्वाह | - | - | २.५० | १.५० | १४.० | ११.० | ३१.० | ४०.० | १०० |


**चित्र सङ्ख्या : ५**

**शिक्षण विधि (सामुदायिक विद्यालय)**




**चित्र सङ्ख्या : ६**

**शिक्षण विधि (संस्थागत विद्यालय)**




कक्षा कार्यकलापमा शिक्षण सिकाइका क्रममा शिक्षकले अपनाउने विभिन्न विधिहरूसँग सम्बन्धित माथिको तालिका र रेखाचित्रलाई अध्ययन गर्दा परम्परागत रूपमा

चलिआएका शिक्षक केन्द्रित विधिहरूको नै बढी मात्रामा प्रयोग भएको पाइयो । सामुदायिक र संस्थागत विद्यालयका कुनैकुनै कक्षामा भने प्रदर्शन, भूमिका निर्वाह, खोज तथा खेलविधि पनि अपनाउने गरेको पाइयो । सामुदायिक विद्यालयहरूमा प्रायः विद्यार्थी संख्या बढी हुने हुँदा छलफल प्रश्नोत्तर जस्ता विधिहरू खासै प्रभावकारी नहुने हुँदा व्याख्यान प्रवचन विधिको बढी प्रयोग गर्ने गरेको पाइयो । कक्षा शिक्षणका क्रममा व्याख्यान, प्रवचन, छलफल अभ्यास प्रश्नोत्तर र समस्या समाधान जस्ता विविध विधिहरूको प्रयोग गरिएपनि अभ्यास विधि र समस्या समाधान विधिको प्रयोग गरिएका सामुदायिक विद्यालयका कक्षाहरूमा बढी प्रभावकारी रहेको पाइयो । त्यसैगरी संस्थागत विद्यालयहरूमा तुलनात्मक रूपमा विद्यार्थी संख्या कम हुने हुँदा व्याख्यान प्रवचनका साथै छलफल र प्रश्नोत्तर विधिको प्रयोगमा सामुदायिक विद्यालय भन्दा केही अगाडि रहेको पाइयो । सामुदायिक विद्यालयमा शिक्षक स्वयम् विद्यार्थीको सहयोगीको रूपमा उपस्थित भई विद्यार्थीहरूलाई व्यक्तिगत रूपमा समस्या समाधानतर्फ अग्रसर रहेको पाइयो भने संस्थागत विद्यालयका शिक्षकहरूले समस्या समाधानका लागि विद्यार्थीहरूलाई सामुहिक रूपमा समस्या दिएर छलफलद्वारा निष्कर्ष निकालिएको पाइयो । यसरी प्रयोग गरिएका विभिन्न प्रकारका शिक्षण विधिहरूमा सामुदायिक विद्यालयहरू प्रवचन (व्याख्यान) विधिको सन्दर्भमा अगाडि रहेको देखियो भने छलफल र प्रश्नोत्तर विधिको प्रयोगका सन्दर्भमा संस्थागत विद्यालयहरू उत्कृष्ट रहेको पाइयो । तर भाषा सिकाइको सन्दर्भमा यस खालका विधिहरूले विद्यार्थीहरूलाई बढी सक्रिय बनाई उनीहरूको मौलिक क्षमताकोविकास गराउनुपर्ने तहगत आवश्यकताको महसुसनगरेको हुँदा यस पक्षमा सामुदायिक र संस्थागत दुवै विद्यालयहरू पछाडि परेको पाइयो । यसप्रकार समग्रमा नियाल्दा भाषिक सिप विकासका लागि सामुदायिक र संस्थागत दुवै विद्यालयमा प्रयोग गरिएका यी विधिहरू सर्वोत्कृष्ट छैनन् । तसर्थ यी विद्यालयहरूले शिक्षक विद्यार्थी अन्तर्क्रियाका लागि व्याख्यान (प्रवचन) विधिभन्दा आवश्यकता अनुसार छलफल, प्रश्नोत्तर, समस्या समाधान र खेल तथा खोज जस्ता विधिहरूको प्रयोग गरी विद्यार्थीहरूलाई सहभागी गराउनु उपयुक्त देखिन्छ ।

### ४.४.४. विद्यार्थी मूल्याङ्कन

शिक्षण सिकाइका क्रममा विद्यार्थीहरूलाई आफ्नो सिकाइमा सुधार ल्याउन तथा शिक्षकलाई आफ्नो शिक्षण प्रक्रियामा सुधार ल्याउनका लागि विद्यार्थीको नियमित मूल्याङ्कनले सहयोग पुऱ्याउँदछ । तसर्थ विद्यार्थीहरूको सिकाइलाई सबल बनाउन तथा उनीहरूको शिक्षण सिकाइमा उत्प्रेरित गर्नको लागि शिक्षकले विद्यार्थी मूल्याङ्कनलाई कक्षा शिक्षण क्रियाकलापको सहकार्यकलापको रूपमा लिएका छन् वा छैनन् भनी प्रस्तुत शोधपत्र अध्ययनका लागि विभिन्न विद्यालयहरूमा कक्षा अवलोकन गरिएको थियो । जसका लागि मा.वि तहका दुईवटा सामुदायिक र दुईवटा संस्थागत विद्यालयका चालिसवटा कक्षा अवलोकनबाट प्राप्त तथ्यलाई यहाँ निम्नानुसार अलग अलग प्रतिशतमा तालिका र रेखाचित्रमा देखाइएको छ :-


### तालिका सङ्ख्या : १४

### विद्यार्थी मूल्याङ्कन अवस्था

| क.स. | मूल्याङ्कन | सामुदायिक ( प्रतिशतमा) | संस्थागत(प्रतिशतमा) |
|---|---|---|---|
| क. | नियमित मूल्याङ्कन गरिएका | ६०.० | ७०.० |
| ख. | नियमित मूल्याङ्कन नगरिएका | ४०.० | ३०.० |
| १ | लिखित प्रश्न गरेर मूल्याङ्कन गरिएका | २५.० | ३५.० |
| २ | मौखिक प्रश्न गरेर मूल्याङ्कन गरिएका | ३०.० | २५.० |
| ३ | लिखित र मौखिक दुवैबाट प्रश्न गरेर मूल्याङ्कन गरिएका | ५.० | १०.० |
| ४ | कक्षाकार्यबाट मूल्याङ्कन गरिएका | २०.० | ३५.० |
| ५ | गृहकार्यबाट मूल्याङ्कन गरिएका | २५.० | २०.० |
| ६ | कक्षाकार्य र गृहकार्य दुवैबाट मूल्याङ्कन गरिएका | १५.० | १५.० |
| ७ | सामुहिक रूपमा मूल्याङ्कन गरिएका | २०.० | ४०.० |
| ८ | व्यक्तिगत रूपमा मूल्याङ्कन गरिएका | ४०.० | ३०.० |


**चित्रसङ्ख्या : ७**

**विद्यार्थी मूल्याङ्कन अवस्था**




**चित्र सङ्ख्या : ८**

**विद्यार्थी मूल्याङ्कन अवस्था**




माथिको तालिका र रेखाचित्रलाई अध्ययन गर्दा सामुदायिक विद्यालयका ६० प्रतिशत कक्षा र संस्थागत विद्यालयका ७० प्रतिशत कक्षाहरूमा विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको सहकार्यकलापका रूपमा नियमित गरेको पाइयो,बाँकी सामुदायिक विद्यालयका ४० प्रतिशत र संस्थागत विद्यालयका ३० प्रतिशत कक्षामा मूल्याङ्कन कार्यलाई नियमित

गरिएको पाइएन । यसरी मूल्याङ्कन गरिएका सामुदायिक विद्यालयका २५ र संस्थागत विद्यालयका ३५ प्रतिशत कक्षाहरूमा लिखित प्रश्न गरेर मूल्याङ्कन गरेको पाइयो। त्यस्तै सामुदायिक विद्यालयका ३० प्रतिशत र संस्थागत विद्यालयका २५ प्रतिशत कक्षाहरूमा मौखिक रूपमा मूल्याकन गरिएको पाइयो भने लिखित र मौखिक दुवै विधिको प्रयोग गरेर सामुदायिक विद्यालयका ५ प्रतिशत कक्षामा र संस्थागत विद्यालयका १० प्रतिशत कक्षामा मूल्याङ्कन गरिएको पाइयो। त्यसैगरी सामुदायिक विद्यालयका २० प्रतिशत र संस्थागत विद्यालयका ३५ प्रतिशत कक्षाहरूमा कक्षाकार्यबाट मूल्याङ्कन गरिएको पाइयो भने सामुदायिक विद्यालयका २५ प्रतिशत र संस्थागत विद्यालयका २० प्रतिशत कक्षाहरूमा गृहकार्य दिएर मूल्याङ्कन गरिएको पाइयो । यसरी नै कक्षाकार्य र गृहकार्य दुवै तरिका अपनाएर सामुदायिक विद्यालयका १५ प्रतिशत कक्षाहरूमा र संस्थागत विद्यालयका पनि १५ प्रतिशत कक्षाहरूमा मूल्याङ्कन गर्ने गरेको पाइयो । त्यसैगरी विद्यार्थी मुल्याङ्कन गर्ने क्रममा सामुदायिकविद्यालयका ४० प्रतिशत कक्षामा विद्यार्थीहरूबाट व्यक्ति तोकेरप्रश्न गर्ने गरेको पाइयो भने संस्थागत विद्यालयका ३० प्रतिशत कक्षामा विद्यार्थीहरूबाट व्यक्तितोकेर प्रश्न गर्ने गरेको पाइयो तर दुवै विद्यालयमा सामुहिक रूपमा र व्यक्तिगत रूपमा एउटै कक्षामा प्रश्न सोध्ने गरेको भने पाइएन ।

यसरी प्राप्त तथ्यलाई हेर्दा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा विद्यार्थी मूल्याङ्कन कार्यलाई भाषा शिक्षण सिकाइको सहकार्यकलापका रूपमा केही बढी मात्रामा मूल्याङ्कनलाई नियमित गरेको पाइयो । लिखित रूपमा काम दिएर मूल्याङ्कन गर्ने सवालमा सामुदायिकभन्दा संस्थागत विद्यालय अगाडि रहेको पाइए पनि मौखिक प्रश्न गरेरमूल्याङ्कन गर्नेमा सामुदायिक विद्यालय अगाडि देखियो। त्यसै गरी कक्षाकार्यबाट विद्यार्थीको मूल्याङ्कन गर्नेमा संस्थागत विद्यालय अगाडि देखिएतापनि गृहकार्यबाट मूल्याङ्कन गर्नेमा सामुदायिक विद्यालय अगाडि रहेको पाइयो । व्यक्तिगत रूपमा प्रश्न सोधेर मूल्याङ्कन गर्नेमा सामुदायिक विद्यालय नै तुलनात्मक रूपमा संस्थागत विद्यालयभन्दा केही अगाडि रहेको पाइयो ।

### ४.४.५ शिक्षक विद्यार्थी सक्रियताको प्रकृति

शिक्षण सिकाइ कार्यकलाप सञ्चालनका क्रममा शिक्षक विद्यार्थी दुवैको सक्रियता अति आवश्यक हुन्छ । यसअन्तर्गत शिक्षकले विद्यार्थीहरूका बिचमा अन्तर्क्रियात्मक वातावरण सिर्जना गरी उनीहरूको रूचि जागरण गराइ, प्रश्नोत्तर, पूर्व पाठको स्मरण, पुनरावृत्ति तथा मूल्याङ्कन जस्ता क्रियाकलापहरूमा समन्वय कायम गरी विद्यार्थीहरूलाई सक्रियताका साथ सहभागी गराउनु पर्दछ । यस सन्दर्भमा कक्षा कार्यकलापमा शिक्षक विद्यार्थीको उपस्थिति के कस्तो छ ? शिक्षक विद्यार्थी सक्रियताको अवस्था के कस्तो छ ? भनी विभिन्न सामुदायिक र संस्थागत विद्यालयहरूको कक्षा अवलोकनबाट प्राप्त तथ्यहरूलाई निम्नानुसार तालिका र रेखाचित्रमा प्रस्तुत गरिएको छ :-


## तालिका सङ्ख्या : १५

## शिक्षक विद्यार्थी सक्रियताको प्रकृति


| क्र.स. | कार्यकलाप | अति उत्तम (प्रतिशतमा) | | उत्तम (प्रतिशतमा) | | मध्यम (प्रतिशतमा) | | निम्न (प्रतिशतमा) | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | |
| १ | शिक्षकको सक्रियता | ५.५० | १०.० | ११.० | १४.२५ | १९.० | १९.२५ | १३.० | ८.० | १०० |
| २ | विद्यार्थी सक्रियता | ५.० | ७.० | १६.० | ७.० | १५.० | ९.५० | २८.० | १२.५० | १०० |

## चित्रसङ्ख्या : ९

## शिक्षक विद्यार्थी सक्रियताको प्रकृति (सामुदायिक विद्यालय)



**चित्रसङ्ख्या : १०**
**शिक्षक विद्यार्थी सक्रियताको प्रकृति (संस्थागत विद्यालय)**




उपर्युक्त तालिका र रेखाचित्रमा कक्षा कार्यकलापमा शिक्षक विद्यार्थी सक्रियताको अवस्थालाई देखाइएको छ । माथिको तालिकामा शिक्षण सक्रियता अन्तर्गत पर्ने शिक्षकका कक्षागत क्रियाकलाप, विद्यार्थीहरूको पाठप्रतिको रूचि जागरण, विद्यार्थीको मनोविज्ञान मूल्याङ्कन, गृहकार्य जस्ता पक्षहरूलाई समेटिएको छ । जसमा सामुदायिक विद्यालयहरूका जम्मा ५.५० प्रतिशत कक्षाहरू शिक्षक सक्रियताका दृष्टिले अति उत्तम, ११.० प्रतिशत कक्षाहरू उत्तम, १९.० प्रतिशत कक्षाहरू मध्यम खालका र १३.० प्रतिशत कक्षाहरू निम्न अवस्थाका पाइए भने संस्थागत विद्यालय तर्फ १० प्रतिशत कक्षाहरू अति उत्तम ठहरिए । त्यसैगरी १४.२५ प्रतिशत कक्षाहरू उत्तम, १९.२५ प्रतिशत कक्षाहरू मध्यम र ८.० प्रतिशत कक्षाहरू निम्न अवस्थामा रहेको पाइए । त्यसैगरी पाठप्रति रूचि राख्ने, नबुझ्केका कुराहरू सोध्ने, गृहकार्य र कक्षाकार्य समयमा नै पुरा गर्ने जस्ता कार्यहरू विद्यार्थी सक्रियता अर्न्तगत पर्दछन । विद्यार्थी सक्रियताका दृष्टिले हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरू अलि बढी सक्रिय रहेको पाइयो भने सामुदायिक विद्यालयका विद्यार्थीहरू कक्षामा बस्ने र शिक्षकले भनेका कुरा सुन्ने तर खासै प्रतिक्रिया व्यक्त नगर्ने र नबुझ्केका कुराहरू सोध्न हिचकिचाउने गर्ने गरेको पाइयो ।सामुदायिक विद्यालयका जम्मा ५.० प्रतिशत कक्षाहरू अति उत्तम रहेको पाइयो भने १६.० प्रतिशत कक्षाहरू उत्तम, १५.० प्रतिशत कक्षाहरू मध्यम र २८.० प्रतिशत कक्षाहरू निम्न

अवस्थाका पाइए । यसैगरी विद्यार्थी सक्रियताकै दृष्टिले संस्थागत विद्यालयका ७.० प्रतिशत कक्षाहरू अति उत्तम ठहरिए भने ७.० प्रतिशत कक्षाहरू उत्तम, ९.५० प्रतिशत कक्षाहरू मध्यम र १२.५० प्रतिशत कक्षाहरू निम्न कोटिका पाइए । यसरी समग्रमा हेर्दा शिक्षक विद्यार्थी सक्रियताका सन्दर्भमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयहरू नैअलि अगाडि रहेको पाइयो ।

### ४.४.६ अन्तर्क्रियाको अवस्था

कक्षा शिक्षणका क्रममा कक्षाकोठामा शिक्षक विद्यार्थीका बिचमा अन्तर्क्रिया हुने गर्दछ । यसअन्तर्गत शिक्षकले समय समयमा प्रश्न सोध्ने, पूर्व पाठको पुनरावृत्ति गराउने, विद्यार्थी विद्यार्थीका बिचमा छलफल गराउने जस्ता कार्यहरू गर्दछन । जसले गर्दा विषयवस्तुप्रति विद्यार्थीको रुचि जागरण भई उनीहरूको मनोबलमा समेत वृद्धिहुन जान्छ ।

यस शोधपत्र तयार गर्नुको मुख्य उद्देश्य भनेको मा.वि. तहका कक्षाकोठामा शिक्षक विद्यार्थीको अन्तर्क्रियाको अध्ययन गर्नु रहेको छ । यसका लागि दुईवटा सामुदायिक र दुईवटा संस्थागत विद्यालयका बीस बीसवटा गरी कुल चालिस कक्षाहरूको अवलोकन गरी तथ्याङ्क सङ्कलन गरिएको छ । यसरी प्राप्त तथ्याङ्कलाई निम्नानुसार तालिका र रेखाचित्रबाट देखाइएको छ :-


**तालिका सङ्ख्या : १६**

**अन्तर्क्रियाको अवस्था**

| **क.स.** | **अन्तर्क्रियाको प्रकृति** | **सामुदायिक (प्रतिशतमा )** | **संस्थागत ( प्रतिशतमा)** |
|---|---|---|---|
| १ | एकोहोरो अन्तर्क्रिया | ६०.० | ५५.० |
| २ | दोहोरो अन्तर्क्रिया | ४०.० | ४५.० |
| क. | शिक्षक विद्यार्थीबिच अन्तर्क्रिया | १२.० | १५.० |
| ख. | जान्ने जान्ने विद्यार्थीबिच अन्तर्क्रिया | ८.० | १०.० |
| ग. | शैक्षिक सामग्री र विद्यार्थीबिच अन्तर्क्रिया | ६.० | ८.० |
| घ. | छात्र छात्रा विद्यार्थीबिच अन्तर्क्रिया | ६.० | ६.० |
| ङ. | पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीबिच अन्तर्क्रिया | ३.० | १.० |
| च. | नजान्ने नजान्ने विद्यार्थीबिच अन्तर्क्रिया | ३.० | २.० |
| छ. | जान्ने नजान्ने विद्यार्थीबिच अन्तर्क्रिया | २.० | ३.० |


चित्र सङ्ख्या : ११

अन्तर्क्रियाको अवस्था




चित्र सङ्ख्या : १२

अन्तर्क्रियाको अवस्था




माथिको तालिकामा सामुदायिक र संस्थागत विद्यालयका बिस बिसवटा कक्षाहरूलाई छुट्टाछुट्टै रूपमा प्रतिशतमा प्रस्तुत गरिएको छ र उक्त तथ्यलाई रेखाचित्रमा देखाइएको छ । उपर्युक्त तालिकालाई विश्लेषण गर्दा सामुदायिक विद्यालयका ६० प्रतिशत र संस्थागत

विद्यालयका ५५ प्रतिशत कक्षाहरूमा एकोहोरो अन्तर्क्रिया भएको देखिन्छ भने सामुदायिक विद्यालयका जम्मा ४० प्रतिशत र संस्थागत विद्यालयका ४५.० प्रतिशत कक्षाहरूमा मात्र दोहोरो अन्तर्क्रिया भएको पाइएको छ ।

अध्ययनका क्रममा प्राप्त तथ्यको विश्लेषणबाट शिक्षण सिकाइ कार्यकलापमा शिक्षक विद्यार्थी बिचको दोहोरो अन्तर्क्रियात्मक विधिलाई प्रभावकारी विधिका रूपमा स्वीकार गरिएको पछिल्लो अवस्थामा कक्षाकोठामा भने यसको प्रयोग ज्यादै न्यून मात्रामा गरिएको पाइयो । शिक्षक र विद्यार्थीबिच तथा अन्तर्क्रिया गराएर विद्यार्थीहरूको ज्ञान सिप अनुभव र भावना आदानप्रदान गर्नुपर्ने भए पनि प्रायः सामुदायिक विद्यालयहरूमा यस प्रकारको अन्तर्क्रिया सञ्चालन गर्न कठिनाई नै भएको पाइयो । तुलनात्मक रूपमा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयमा केही धेरै कक्षाहरूमा दोहोरो अन्तर्क्रिया भएको देखिएतापनि यो तथ्य त्यति सन्तोषजनक भने देखिदैन ।

यसरी शिक्षक र विद्यार्थीका बिचमा अन्तर्क्रिया भएका कक्षाहरूमध्ये १२ प्रतिशत कक्षाहरू सामुदायिक विद्यालयका थिए भने १५ प्रतिशत कक्षाहरू संस्थागत विद्यालयका थिए । जम्मा विद्यार्थीहरूलाई निश्चित विषयमा केन्द्रित गराइ अन्तर्क्रिया गराइएको थियो ।त्यसैगरी जान्ने जान्ने विद्यार्थीका बिचमा अन्तर्क्रिया गराउनेहरूमा ८ प्रतिशत कक्षाहरू सामुदायिक विद्यालयका थिए भने संस्थागत विद्यालयका १० प्रतिशत कक्षाहरूथिए । जसमा दुवै विद्यालयका रोल न. १ देखि १० सम्मका विद्यार्थीहरूको बिचमा अन्तर्क्रिया गराइएको पाइयो ।शिक्षण सिकाइका क्रममा प्रयोग गरिने विविध शैक्षिक सामग्री र विद्यार्थीका बिचमा अन्तर्क्रियागराउने सन्दर्भमा सामुदायिक विद्यालयका ६ प्रतिशत कक्षाहरू रहेका थिए भने ८ प्रतिशत कक्षाहरू संस्थागत विद्यालयका थिए । यसै क्रममा लैङ्गिकताका दृष्टिले हेर्दा सामुदायिक र संस्थागत दुवै विद्यालयका ६ प्रतिशत कक्षाहरूमा छात्र र छात्राका बिचमा अन्तर्क्रिया गराएको पाइयो । यस्तो खालको अन्तर्क्रियाले छात्र छात्राहरूलाई समाजमा घुलमिल हुन सक्ने क्षमताको बृद्धिमा सहयोग पुऱ्याउँदछ । भाषा शिक्षणका सन्दर्भमा हेर्दा पहिलो भाषाका रूपमा नेपाली भाषा सिक्ने विद्यार्थी र दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्ने विद्यार्थीहरूका बिचमा अन्तर्क्रिया गराउने सन्दर्भमा सामुदायिक विद्यालयहरू संस्थागत विद्यालयभन्दा केही अगाडि देखिए । त्यसैगरी कक्षाकोठाका अलि कमजोर

अर्थात्नजान्ने नजान्ने विद्यार्थीका बिचमा अन्तर्क्रिया गराउने सन्दर्भमा पनि सामुदायिक विद्यालय नै अगाडि देखिए तापनि जान्ने  र नजान्ने विद्यार्थीका बिचमा अन्तर्क्रिया गराउनेमा भने संस्थागत विद्यालय अलि अगाडि रहेको पाइयो ।

यस प्रकार अध्ययनका क्रममा अवलोकन गरिएका कुल चालिस कक्षाबाट प्राप्त तथ्यको विश्लेषण गर्दा सामुदायिक विद्यालयको भन्दा तुलनात्मक रूपमा संस्थागत विद्यालयका ५ प्रतिशत धेरै कक्षामा दोहोरो अन्तर्क्रिया भएको पाइए तापनि यो त्यति सन्तोषजनक तथ्य मानिदैन । अध्यापनका क्रममा शिक्षक मात्र अध्यापन गराउन व्यस्त रहने र विद्यार्थीहरूले स्रोताको मात्र भूमिका निर्वाह गर्ने एकोहोरो अन्तर्क्रिया नै बढीपाइयो । यसर्थ सामुदायिक र संस्थागत दुवै विद्यालयहरूमा शिक्षण सिकाइ कार्यकलापमा विद्यार्थीहरूलाई नै बढीभन्दा बढी सक्रिय गराइ अन्तर्क्रियामा सहभागी गराउने वातावरण सिर्जना गर्नुपर्ने देखिन्छ ।

## ४.५. कक्षा शिक्षणमा प्राप्त सबल र दुर्बल पक्षहरू

कक्षा शिक्षणका क्रममा शिक्षक विद्यार्थीहरूको बिचमा विभिन्न क्रियाकलापहरूहुने गर्दछन् । यस शोध अध्ययनका क्रममा यस्ता क्रियाकलापहरूको अध्ययनका लागि विभिन्न तरिकाहरूअवलम्बन गरेर विभिन्न सामुदायिक विद्यालयका विभिन्न कक्षाहरूको प्रत्यक्ष अवलोकन गरी तथ्याङ्कहरू सङ्कलन गरिएको थियो । यस क्रममा केही सबल पक्षहरू देखिए भने केही दुर्बल पक्षहरू पनि रहेको पाइयो । तिनै सबल र दुर्बल पक्षहरूलाई यहाँ निम्नानुसार प्रस्तुत गरिएको छ :-

### ४.५.१  कक्षा शिक्षणका सबल पक्षहरू

यस शोध पत्रको तयारीका सन्दर्भमा सामुदायिक र संस्थागत विद्यालयहरूमा कक्षा अवलोकनको क्रममा प्राप्त भएका सबल पक्षहरूमा सामुदायिक विद्यालयका सबल पक्षहरू निम्नानुसार रहेका छन :

क.  पूर्व पाठमा आधारित रही कक्षा शिक्षण प्रारम्भ गरेको,

ख.  पहिलो भाषी, दोस्रो भाषी र नजान्ने नजान्ने विद्यार्थीबिच अन्तर्क्रिया गर्ने गरेको,

ग.  व्यक्तिगत मूल्याङ्कनमा अधिक जोड दिइएको,

घ.  शिक्षकले कक्षाको धेरैजसो समय प्रयोग गरेको,

ङ.  शब्दपत्ति, वाक्यपत्ति, अर्थपत्ति, गोजी तालिका र फलाटिन बोर्ड जस्ता शैक्षिक सामग्रीको अधिक प्रयोग गरेको ।

यसैगरी संस्थागत विद्यालयका सबल पक्षहरू निम्नानुसार रहेको पाइयो :

क.  विद्यार्थीहरूमा पाठप्रतिको रुचि जागरण गरेको,

ख.  पाठको पूर्व तयारी गरी पाठको सन्दर्भ ल्याएर सुरु गर्ने गरेको

ग.  दैनिक प्रयोगका सामग्रीको प्रयोगका साथै चित्र, चार्ट, शब्दपत्ति, अर्थपत्तिको उचित प्रयोग गर्ने गरेको,

घ.  छलफल, प्रश्नोत्तर र अभ्यास विधिको प्रयोग गर्ने गरेको,

ङ.  विद्यार्थीहरूको शिक्षण सिकाइमा बढी सक्रियता देखिएको,

च.  शिक्षक विद्यार्थीका बिचमा दोहोरो अन्तर्क्रियाकोराम्रो अवस्था रहेको,

छ.  कक्षा शिक्षणमा मूल्याङ्कन प्रक्रियालाई नियमित गरिएका ।

### ४.५.२ कक्षा शिक्षणका दुर्बल पक्षहरू

कक्षा अवलोकनबाट प्राप्त सामुदायिक विद्यालयका दुर्बल पक्षहरू निम्नानुसार रहेका छन् :

क.  शिक्षणको उद्देश्यप्रति अस्पष्ट,

ख.  कक्षा शिक्षणको लागि पाठको पूर्व तयारीप्रति ध्यान नदिने र  पाठ्यवस्तुप्रति विद्यार्थीको रुचि जागरणमा कमी,

ग.  दैनिक प्रयोगका सामग्रीको साथै चार्ट तथा चित्र जस्ता सामग्रीको प्रयोगमा कमी,

घ.  छलफल, प्रश्नोत्तर,समस्या समाधान, अभ्यास, प्रदर्शनर भूमिका निर्वाह विधिको प्रयोगमा कमी,

ङ.  विद्यार्थी सक्रियताको कमी,

च.  शिक्षक विद्यार्थी बिच दोहोरो अन्तर्क्रियाको कमी

छ.  विद्यार्थीको नियमित मूल्याङ्कनको कमी ।

कक्षा अवलोकनबाट प्राप्त तथ्य अनुसार सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयहरूको अवस्था धेरै पक्षहरूबाट अगाडि देखिएतापनि वास्तविकतामा संस्थागत विद्यालयका धेरै पक्षहरूमा सुधार गर्नुपर्ने देखियो। जसमा संस्थागत विद्यालयका दुर्वल पक्षहरू निम्नानुसार रहेका छन् :-

क. पूर्व पाठमा आधारित रही कक्षा शिक्षण प्रारम्भ गर्ने पद्धतिको कमी,

ख. गोजी तालिका र फलाटिन बोर्डको कमी,

ग. प्रदर्शन विधिको साथसाथै भूमिका निर्वाह विधिको कम प्रयोग,

घ. भाषा शिक्षण सिकाइमा विद्यार्थीको सक्रियतामा कमी,

ङ. शिक्षक विद्यार्थीबिच र विद्यार्थी विद्यार्थीबिच दोहोरो अन्तर्क्रियाको अभाव,

च. नियमित विद्यार्थी मूल्याङ्कनको अभाव ।

## ४.६. निष्कर्ष

प्रस्तुत शोधपत्र तयारीका सन्दर्भमा मा.वि. तहमा नेपाली भाषा शिक्षणका क्रममा विभिन्न सामुदायिक र संस्थागत विद्यालयका शिक्षण सिकाइ कार्यकलापहरूको अवलोकन गरी तथ्याङ्क सङ्कलन गरिएको थियो । यसरी प्राप्त तथ्यहरूलाई व्याख्या तथा तुलनात्मक रूपमा विश्लेषण गर्दा विभिन्न निष्कर्षहरू पाइएका छन ।

क.  मा.वि तहमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन गर्नका लागि कक्षा अवलोकन फारम र प्रश्नावलीको प्रयोग गरी चारवटा विद्यालयका चारजना शिक्षकका दस दसवटा गरी जम्मा चालिसकक्षा अवलोकन गरियो ।

ख.  अवलोकन गरिएका कक्षाहरूमा शिक्षण सिकाइका क्रममा कक्षाकोठाभित्र शिक्षक र विद्यार्थीद्वारा गरिएका क्रियाकलापहरू सन्तोषजनक अवस्थाका भए पनि त्यसको गुणस्तरीयता र परिमाणात्मक अवस्था भने कमजोर देखियो ।

ग. कक्षा शिक्षणका क्रममा शिक्षकहरूद्वारा दैनिक प्रयोगका सामग्रीबाहेक अन्य शैक्षिक सामग्रीको प्रयोग ज्यादैकम मात्रामा भएको पाइयो ।

घ. शिक्षण विधिमा प्रायः शिक्षकहरूले प्रवचन र व्याख्यान विधिजस्ता शिक्षक केन्द्रित विधिको प्रयोग बढी मात्रामा र छलफल तथा प्रश्नोत्तर विधिको प्रयोग भने आंशिक रूपमा गर्ने गरेको पाइयो ।

ङ) मा.वि. तहमा नेपाली भाषा शिक्षणका सन्दर्भमा सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरूले सन्तोषजनक प्रकृतिका कार्यकलापहरू अवलम्बनगर्ने गरेको पाइए पनि तिनीहरूको गुणस्तरमा केही कमजोरी पाइयो ।

च) कक्षा शिक्षण सिकाइका क्रममा पाठको तयारी, शैक्षिक सामग्रीको प्रयोग र निर्माण, शिक्षण विधिमा विविधता, शिक्षक विद्यार्थी र विद्यार्थी विद्यार्थीबिचको अन्तर्क्रिया, विभिन्न भाषी विद्यार्थी विद्यार्थीको अन्तर्क्रिया जान्ने नजान्ने तथा अगाडि बस्ने रपछाडि बस्ने विद्यार्थीबिचको अन्तर्क्रिया, खेल तथा खोजविधि र अभ्यास विधिको प्रयोगको अवस्था ज्यादै न्यून देखियो ।

छ) भाषा सिकाइका सन्दर्भमा प्रयोग गरिने विभिन्न क्रियाकलापहरूको तुलनात्मक अध्ययन गर्दा संस्थागत विद्यालयहरूको अवस्था सामुदायिक विद्यालयको तुलनामा केही राम्रो देखियो ।

ज) प्रस्तुत शोधपत्र तयारीका लागि विभिन्न सामुदायिक र संस्थागत विद्यालयका शिक्षक र विद्यार्थीहरूलाई दिइएका प्रश्नावलीको शिक्षक विद्यार्थीबाट प्राप्त जवाफ सकारात्मक पाइयो ।

झ) शिक्षण सिकाइका पछिल्ला समयमा प्रचलित अन्तर्क्रियाका विधिसँग शिक्षकहरू राम्रोसँग परिचित भएको पाइए पनि विविध समस्याका रूपमा यस्तो ज्ञानलाई व्यावहारिक गराउने सन्दर्भमा केही कन्जुस्याइँ गरिएको पाइयो ।

# अध्याय - पाँच

# साराशं, निष्कर्ष र उपयोगिता

माध्यमिक तहमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययनका क्रममा पार्वतीपुर गा.वि.स. भित्रका दुई सामुदायिक र दुई संस्थागत विद्यालयलाई छनोट गरिएको छ । उक्त विद्यालयहरूमा मा. वि. तहका कक्षाकोठामा विद्यार्थी सक्रियता अन्तर्क्रिया विधिको प्रयोगका साथै शिक्षक विद्यार्थीबिच सहकार्यकलापको अवस्था अध्ययनको लागि नेपाली भाषा शिक्षण गर्ने शिक्षक र सिकारुको स्थलगत अध्ययनका क्रममा छुट्टाछुट्टै फारमहरूको प्रयोग गरिएको छ । ती फारमहरूको निर्माण एवं कक्षा अवलोकनका क्रममा विशेष गरी शिक्षक विद्यार्थी अन्तर्क्रियालाई जोड दिइएको छ । कक्षा अवलोकनका लागि तयार गरिएको फारममा शिक्षण विधि, विधार्थी मूल्याङ्कन, शैक्षिकसामग्री लगायतका विभिन्न शीर्षकहरू समावेश गरिएको छ । जसको उद्देश्य पनि अन्तर्क्रियाको साथै विद्यार्थी सक्रियताको स्थिति पत्तालगाउनु हो ।

हरेक कार्यका सकारात्मक र नकारात्मक परिणाम प्राप्त हुने गर्दछन् अर्थात् जुनसुकै विषयको अध्ययनका क्रममा सकारात्मक र नकारात्मक दुवै पक्ष देखा पर्न सक्दछन् । विद्यालयीय शिक्षामा शिक्षक विद्यार्थी अन्तर्क्रिया विधि पछिल्लो समयमा प्रयोगमा आएको विधि हो । यसर्थ यस विधिको बारेमा सबै शिक्षकहरूमा सैद्धान्तिक ज्ञान भएपनि व्यावहारिक ज्ञानको कमी रहेको पाइयो । जसकाकारण शिक्षकहरूले कक्षा शिक्षणमा एकोहोरो शिक्षण विधिको प्रयोग गरेको पाइयो । जसलाई यस अध्ययनमा एकोहोरो अन्तर्क्रियाको रूपमा चर्चा गरिएको छ । यिनै पक्षहरूलाई मध्यनजर गर्दै तयार गरिएको यस अध्ययनका निष्कर्ष तथा सुझावका बारेमा तल चर्चा गरिएको छ ।

### ६.१. अध्ययनका निष्कर्षहरू

नि. मा. वि. तहको शिक्षण सिकाइ पूरागरी उच्च तहको जग निर्माण गर्ने समय भन्नाले माध्यमिक तहलाई बुझिन्छ । शैक्षिक तहको वर्तमान अवस्थामा निर्धारण गरिएअनुसार कक्षा नौ र दसलाई मा. वि. तह भन्ने गरिन्छ । यस तहमा सामान्यतया १४ बर्षदेखि १६ बर्ष उमेरका बालबालिकाहरू रहने गर्दछन् । यस उमेर समूहका

बालबालिकाहरूको भाषिक अवस्था मजबुत भइसकेको हुन्छ । उनीहरू स्वतन्त्रपूर्वक निडर भई सबैका अगाडि आफ्नो विचार व्यक्त गर्न, वक्तृता तथा वादविवादमा भाग लिई तर्क राख्न, शब्दभण्डार सम्बन्धी ज्ञान राख्न र व्याकरणका आधारभूत विषयका बारेमा जानकारी प्राप्त गर्न सक्षम हुन्छन् । त्यसैले यस समयमा केही त्रुटिहरू देखा पर्ने हुँदा मा. वि. तहमा उच्च शिक्षाका लागि बलियो भाषिक आधारभूमि निर्माण गर्नुपर्ने हुन्छ । यस उमेरका बालबालिकहरूको शारीरिक, मानसिक, तार्किक र रचनात्मक क्षमताको उच्चतम विकासहुने हुँदा उनीहरूले बढी मात्रामा सामाजिकीकरण तर्फ अभिरूचि देखाउने गर्दछन् । तसर्थ उनीहरूका यी पक्षहरूलाई दोहोरो अन्तर्क्रियाको माध्ययमबाट अझ मजबुत गराउन सकिन्छ ।

प्रस्तुत अध्ययन अनुसार नेपाली भाषा शिक्षण गर्दा मा. वि. तहमा आवश्यकता अनुसार अन्तर्क्रियाको प्रयोग नगरेको पाइयो । भाषा शिक्षणमा शिक्षक सँगसँगै विद्यार्थीलाई पनि सक्रिय बनाउने शिक्षक विद्यार्थीबिचको अन्तर्क्रिया नै एउटा यस्तो विधि हो जसले विद्यार्थीहरूको मानसिक, शारीरिक र व्यक्तित्व विकासमा महत्त्वपूर्ण सहयोग पुऱ्याउँछ ।

तसर्थ कक्षा शिक्षणका क्रममा विद्यार्थीहरूका बिचमा बढीभन्दा बढी अन्तर्क्रिया गराउनु आवश्यक हुन्छ । तर अध्ययन गरिएका अधिकांश विद्यालयका कक्षाहरूमा विद्यार्थीहरू निष्क्रिय रही शिक्षक मात्र सक्रिय रहेको पाइयो । १४-१६ बर्ष उमेर समूहका बालबालिकाहरू अन्तर्क्रिया प्रक्रियामा बढी रुचि राख्ने र सहभागी हुने हुँदा सामाजिकीकरणका लागि उपयुक्त समय मानिन्छ । अन्तर्क्रियाले विद्यार्थीहरूको व्यक्तित्व विकास र सामाजिक विकासका साथसाथै कक्षा शिक्षणमा उनीहरूको सक्रियता बृद्धी गर्न महत्त्वपूर्ण भुमिका निर्वाह गर्दछ । तसर्थ यस प्रकारको दोहोरो अन्तर्क्रियालाई भाषिक विकासका क्षेत्रमा लागाउने हो भनेयसले विद्यार्थीको भाषिक सिप विकासका साथै विद्यार्थी मूल्याङ्कनमा महत्त्वपूर्ण भूमिका खेल्दछ । यिनै उद्देश्य लिई गरिएको यस अध्ययनबाट प्राप्त निष्कर्षलाई उद्देश्य अनुसार यसप्रकार प्रस्तुत गरिएको छ ।

**क. अध्ययनको पहिलो उद्देश्यका निष्कर्षहरू**

अ. प्रायः कक्षाहरूमा मूल्याङ्कनलाई शिक्षक विद्यार्थीबिच शिक्षण सिकाइको सहकार्यकलापको रूपमा प्रयोगमा ल्याइएको पाइयो ।

आ. प्रायः धेरैजसो कक्षाहरूमा शिक्षकले पूर्व पाठमा अधारित रही कक्षा प्रारम्भ गरेको पाइयो ।

इ. कक्षा शिक्षणमा अधिकांश शिक्षकहरूले पाठको पूर्व तयारीगरी शिक्षण उद्देश्य प्रति स्पष्ट रही कक्षा सञ्चालन गर्ने गरेको देखियो ।

ई. कक्षा कार्यकलापमा विद्यार्थीहरूको पाठ्यवस्तुप्रतिको रूचि सकारात्मक देखियो ।

उ. अधिकांश कक्षाहरूको शिक्षण सिकाइ कार्यकलापमा शैक्षिक सामग्रीको प्रयोग कमै मात्र गरेको पाइयो ।

ऊ. कक्षाशिक्षणका सन्दर्भमा प्रयोग गरिने विभिन्न विधिहरूमध्ये व्याख्यान, प्रवचन विधिको प्रयोग बढी मात्रामा भएको पाइयो ।

ऋ. कक्षा कार्यकलापमा अभ्यास विधिको. प्रयोग गरिएका कक्षाहरू बढीप्रभावकारी हुने भएतापनि यसको प्रयोग कमैमात्रामा गर्ने गरिएको पाइयो ।

ए. शिक्षा सङ्कायबाट अध्ययन गरी आएका र तालिम प्राप्त शिक्षकहरूका कक्षा अन्य सङ्कायबाट आएका शिक्षकहरूका कक्षाभन्दा बढी प्रभावकारी भेटियो ।

**ख. अध्ययनको दोस्रो उद्देश्यका निष्कर्षहरू**

अ. धेरै जसो कक्षाहरूमा विद्यार्थीहरूको तुलनामा शिक्षक बढी सक्रिय हुने गरेको पाइयो ।

आ. कक्षा शिक्षणमा शिक्षकले व्याख्यान विधिको प्रयोग बढीगरेकाहुनाले बढीमात्रामा एकोहोरो अन्तर्क्रिया हुने गरेको देखियो ।

इ. दोहोरो अन्तर्क्रिया हुने कक्षाहरूमा पनि जान्ने र अगाडि बस्ने विद्यार्थीहरूलाई मात्र बढी सहभागी गराउने गरिएको पाइयो ।

ई. पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीबिचको अन्तर्क्रियाअत्यधिक न्यून मात्रामा सञ्चालन हुने गरिएको पाइयो ।

उ. तालिम प्राप्त शिक्षकहरूले शिक्षक विद्यार्थीबिचको दोहोरो अन्तर्क्रियामा अलि बढी जोड दिइएको भेटियो ।

**ग. अध्ययनको तेस्रो उद्‌देश्यका निष्कर्षहरू**

अ. सामुदायिक र संस्थागत दुवै प्रकारका विद्यालयमा एकोहोरो अन्तर्क्रियाको बढी प्रयोग गर्ने गरिएको पाइयो ।

आ. तुलनात्मक रूपमा अध्ययन गर्दा संस्थागत विद्यालयमासामुदायिक विद्यालयमा भन्दा केही बढी मात्रामा शिक्षकविद्यार्थीबिच दोहोरो अन्तर्क्रिया हुने गरेको पाइयो ।

इ. शिक्षक विद्यार्थीबिच, जान्ने जान्ने विद्यार्थीबिच, शैक्षिक सामग्री र विद्यार्थीबिच र जान्ने नजान्ने विद्यार्थीबिचको अन्तर्क्रिया सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा बढी रहेको पाइयो ।

ई. छात्र छात्राबिचको अन्तर्क्रिया दुवै प्रकारका विद्यालयमा बराबर रूपमा हुने गरेको पाइयो ।

उ. पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीबिचको अन्तर्क्रिया र नजान्ने नजान्नेबिचको अन्तर्क्रिया संस्थागत विद्यालयमा भन्दा सामुदायिक विद्यालयमा केही बढीमात्रामा हुने गरेको पाइयो ।

समग्रमा कक्षा शिक्षणका क्रममा अझै पनि पुरानै शैलीमा एउटै पाठ्यपुस्तक, सामान्य दैनिक प्रयोगका शैक्षिक सामग्रीको प्रयोग र व्याख्या विधिको आधारमा शिक्षकले शिक्षण कार्यकलाप सञ्चालन गरेको हुँदा शिक्षण प्रक्रिया शिक्षक केन्द्रित भएको पाइयो । शिक्षक विद्यार्थीबिचको दोहोरो अन्तर्क्रियाको प्रयोग आवश्यकताअनुसार नगरिएको पाइयो । कक्षा कार्यकलापमा शिक्षक विद्यार्थीको सक्रिय सहभागिताले सिकाइदिगो अर्थपूर्ण र उपलब्धिमूलक हुने हुँदा भाषा शिक्षण सिकाइका सन्दर्भमा शिक्षकले विद्यार्थीलाई नै बढीभन्दा बढी सक्रिय गराई दोहोरो अन्तक्रियालाई प्राथमिकता दिनु पर्ने देखिन्छ ।

## ६.२. सुझावहरू

भाषा शिक्षणमा मा. वि. तहका शिक्षक विद्यार्थीहरूको अन्तर्क्रियाको अवस्थाबारे गरिएको अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा विभिन्न सुझावहरू प्रस्तुत गरिएको छ । जसले शिक्षक विद्यार्थी अन्तर्क्रिया प्रक्रियामा आवश्यक सुधार गरी बढीभन्दा बढी विद्यार्थीलाई अन्तर्क्रियामा सक्रिय गराएर शिक्षण सिकाइ कार्यकलापलाई प्रभावकारी बनाउने आशा गरिएको छ । जुन सुझावहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

क) प्रायः कक्षाहरूमा विद्यार्थी संख्या बढी भएको र कक्षाकोठा व्यवस्थित नभएकोले अन्तर्क्रिया सञ्चालनमा कठिनाइ देखिएको हुँदा कक्षाकोठा व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

ख) अधिकांश कक्षाहरूमा विद्यार्थीभन्दा शिक्षक बढी सक्रियरहेको पाइएकोले सहज वातावरण सिर्जना गरी अन्तर्क्रियामा विद्यार्थीलाई बढीभन्दा बढी सक्रिय बनाउनु पर्ने देखिन्छ ।

ग) शिक्षकसँग विद्यार्थीहरू बढी डराउनाले अन्तर्क्रियामा नकारात्मक प्रभाव पार्ने हुँदा शिक्षण सिकाइको क्रममा विद्यार्थीलाई सामूहिक क्रियाकलापमा संलग्न गराई शिक्षक र विद्यार्थी बिच सुमधुर सम्बन्ध हुन आवश्यक देखिन्छ ।

घ) पूर्व पाठमा आधारित रहेर कक्षा प्रारम्भ गर्दा पाठप्रति विद्यार्थीको रूचि बढ्ने हुनाले कक्षा प्रारम्भलाई पूर्व पाठमा आधारित गराउनु पर्ने देखियो ।

ङ) अधिकांश शिक्षकले पाठको उद्देश्यलाई ध्यान दिएर पाठको तयारी गरी कक्षा शिक्षण गराउने गरेको पाइए पनि यसलाई अझ बढी प्रभावकारी बनाउनुपर्ने देखियो ।

च) पाठ्यवस्तुप्रति विद्यार्थीहरूको सकारात्मक रुचि रहेपनि शिक्षण विधि भने विद्यार्थी केन्द्रित नभएको शिक्षण विधिलाई विद्यार्थी केन्द्रित बनाउनु आवश्यक देखियो ।

छ) शैक्षिक सामग्रीको सहयोगले विद्यार्थीमा विषयवस्तुको ज्ञान ठोस रूपमा प्रदान गर्न सकिने हुँदा यसको प्रयोगमा बढी जोड दिनुपर्ने देखिन्छ ।

ज) कक्षाकोठामा शिक्षकको मात्र सक्रियता निरर्थक हुने हुँदा विद्यार्थी सक्रियतामा जोड दिनुपर्ने देखिन्छ ।

झ) अन्तर्क्रियात्मक शिक्षण विधिको प्रयोग गरी शिक्षण सिकाइ कार्यकलाप सञ्चालन गर्दा शिक्षण बढी प्रभावकारी हुने हुँदा सबै विद्यालयमा यसलाई प्रयोगमा ल्याउनुपर्ने आवश्यकता देखिन्छ ।

ञ) कक्षा शिक्षणमा एकोहोरो अन्तर्क्रियाको बढी प्रयोग गर्ने गरेको पाइएकोले यसलाई कम गरी दोहोरो अन्तर्क्रिया विधिको प्रयोग गर्नुपर्ने आवश्यकता देखिन्छ ।

ट) दोहोरो अन्तर्क्रिया विधिको प्रयोग पनि जान्ने र अगाडि बस्ने विद्यार्थीहरूलाई मात्र सहभागी नगराई सबै विद्यार्थीहरूलाई समान रूपमा सहभागी गराउनुपर्ने देखिन्छ ।

ठ) शिक्षक विद्यार्थीबिचमा हुने दोहोरो अन्तर्क्रिया संस्थागत विद्यालयमा बढी मात्रामा हुने गरेको देखिएकाले यसलाई सामुदायिक विद्यालयमा पनि बढाउनुपर्ने देखिन्छ ।

ड) निरन्तर मूल्याङ्कनबाट विद्यार्थीहरूले गर्ने त्रुटिमा कमी ल्याउन सकिनेहुँदा यसलाई सबैकक्षाकार्यकलापमा प्रयोग गर्नुपर्ने देखिन्छ ।

ढ) आवश्यकताअनुसार शिक्षकहरूलाई समय समयमा विभिन्न प्रकारका तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

यसप्रकार माथि उल्लेख गरिएका सुझावहरूलाई कक्षा शिक्षणका क्रममा अवलम्बन गरिएमा भाषा शिक्षणमा प्रभावकारिता आउनुका साथै परम्परागत शिक्षक केन्द्रित विधिको प्रयोगमा कमी आई विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग बढ्न जाने देखिन्छ । यसले कक्षाकोठाको वातावरण अन्तर्क्रियात्मक हुन जान्छ । तसर्थ यस अन्तर्क्रियात्मक विधिहरूको प्रयोगमा अभिबृद्धि ल्याउनका लागि यसतर्फ शिक्षकलाई नै बढी सचेत गराउने र आवश्यक तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, हेमाङ्गराज, (२०६३),***भाषा शिक्षण ; केही परिप्रेक्ष्य तथा पद्धति,*** काठमाडौं :विद्यार्थी पुस्तक भण्डार ।

कटुवाल, कान्ति (२०६५), ***कक्षा आठको नेपाली भाषा शिक्षण सिकाइमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन,***अप्रकाशित एम.एड् शोधपत्र त्रि.वि. कीर्तिपुर ।

क्षेत्री, रक्ष बहादुर (२०६५), *कक्षा ५ का शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन,* अप्रकाशित एम.एड् शोधपत्र त्रि. वि. कीर्तिपुर ।

गौतम, राम प्रसाद (२०६१), ***भषिक अनुसन्धान विधि,*** काठमाडौं ।

घिमिरे, सीता (२०६५), ***कक्षा आठको नेपाली भाषा शिक्षण सिकाइमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन,*** अप्रकाशित एम.एड शोधपत्र त्रि.वि. कीर्तिपुर ।

ढकाल, विष्णु प्रसाद (२०६६), ***कक्षा तिनका शिक्षक विद्यार्थी अन्तरर्क्रियाको अध्ययन,*** अप्रकाशित एम. एड शोधपत्र त्रि.वि. कीर्तिपुर ।

तिमसिना, नवराज (२०६७), ***निम्न माध्यामिक तहमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन,*** अप्रकाशित एम.एड शोधपत्र सप्तगण्डकी बहुमुखी क्याम्पस भरतपुर ।

पोखरेल, टीकादेवी (२०६८),***इलाम जिल्लाका कक्षा ८ का शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन,*** अप्रकाशित एम.एड शोधपत्र त्रि.वि कीर्तिपुर ।

भट्टराई, राम प्रसाद (२०६५), ***भाषिक अनुसन्धान विधि,*** काठमाडौं : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि (२०६३), ***स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण,*** काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

महरा, ध्रुव बहादुर (२०६५), ***नेपाली भाषा शिक्षण सिकाइमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन,*** अप्रकाशित एम.एड शोधपत्र त्रि.वि. कीर्तिपुर ।

लामिछाने, यादवप्रकाश(२०६२), ***नेपाली भाषा शिक्षण परिचय,***काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा एण्ड शर्मा (२०६४), ***कक्षाकोठामा मनोविज्ञान*** काठमाडौं : एम के. पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

## परिशिष्ट खण्डहरु

## परिशिष्ट एक

## कक्षा अवलोकन फारम

विद्यालयको नाम : शिक्षकको नाम :

विषय : कक्षा :

पाठ शीर्षक : समय :

पाठ्यवस्तु : मिति :

| **क्र.स** | **कार्यकलापहरू** | **अतिउत्तम** | **उत्तम** | **मध्यम** | **न्यून** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| **१.** | **कक्षा प्रारम्भ** | | | | | |
| क. | पाठको सन्दर्भ ल्याएर सुरु गर्ने | | | | | |
| ख. | पूर्व पाठमा आधारित | | | | | |
| ग. | पाठको तयारी | | | | | |
| घ. | शिक्षण उद्देश्यको स्पष्टता | | | | | |
| ङ. | पाठप्रति शिक्षक विद्यार्थीको रुचि जागरण | | | | | |
| च. | कक्षा व्यवस्थापन | | | | | |
| **२.** | **शैक्षिक सामग्रीहरू** | | | | | |
| क. | दैनिक प्रयोगका सामग्रीहरू | | | | | |
| ख. | चित्र | | | | | |
| ग. | तालिका / चार्ट | | | | | |
| घ. | शब्द,अर्थ,वाक्य पत्ति | | | | | |

| **क.स** | **कार्यकलापहरू** | **अतिउत्तम** | **उत्तम** | **मध्यम** | **न्यून** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| ङ. | फ्लाटिन पाटी | | | | | |
| च. | गोजी तालिका | | | | | |
| छ. | पत्रपत्रिकाहरू | | | | | |
| **३.** | **शिक्षण विधिहरू** | | | | | |
| क. | व्याख्यान विधि | | | | | |
| ख. | प्रश्नोत्तर विधि | | | | | |
| ग. | समस्या समाधान विधि | | | | | |
| घ. | छलफल विधि | | | | | |
| ङ. | प्रवचन विधि | | | | | |
| च. | प्रदर्शन विधि | | | | | |
| छ. | खोज विधि | | | | | |
| **४.** | **शिक्षक विद्यार्थी सक्रियता** | | | | | |
| क. | शिक्षकको सक्रियता | | | | | |
| ख. | विद्यार्थी सक्रियता | | | | | |
| ग. | शिक्षक विद्यार्थी दुवैको सक्रियता | | | | | |
| **५.** | **विद्यार्थी विद्यार्थीबिच अन्तर्क्रिया** | | | | | |
| क. | छात्र छत्रबिच अन्तर्क्रिया | | | | | |

| क.स | कार्यकलापहरू | अतिउत्तम | उत्तम | मध्यम | न्यून | कैफियत |
|---|---|---|---|---|---|---|
| ख. | छात्रा छात्राबिच अन्तर्क्रिया | | | | | |
| ग. | छात्र छात्राबिच अन्तर्क्रिया | | | | | |
| घ. | जान्ने जान्नेबिच अन्तर्क्रिया | | | | | |
| ङ. | जान्ने र नजान्नेबिच अन्तर्क्रिया | | | | | |
| **६.** | **शिक्षक विद्यार्थी सहभागिता** | | | | | |
| क. | शिक्षकको सहभागिता | | | | | |
| ख. | विद्यार्थीको सहभागिता | | | | | |
| ग. | छात्रको सहभागिता | | | | | |
| घ. | छात्राको सहभागिता | | | | | |

## परिशिष्ट - दुई

## अन्तर्क्रिया सम्बन्धी कक्षा अवलोकन फारम

| क्र.स | अन्तर्क्रियाको प्रकृति | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| १. | एकोहोरो अन्तर्क्रिया | | | | |
| २. | दोहोरो अन्तर्क्रिया | | | | |
| ३. | शिक्षक र विद्यार्थीबिच अन्तर्क्रिया | | | | |
| ४. | छात्र – छात्रबिच अन्तर्क्रिया | | | | |
| ५. | छात्र–छात्राबिच अन्तर्क्रिया | | | | |
| ६. | छात्रा–छात्राबिच अन्तर्क्रिया | | | | |
| ७. | जान्ने– जान्नेबिच अन्तर्क्रिया | | | | |
| ८. | जान्ने– नजान्नेबिच अन्तर्क्रिया | | | | |
| ९. | नजान्ने– नजान्नेबिच अन्तर्क्रिया | | | | |
| १०. | शैक्षिक सामग्री र विद्यार्थीबिच अन्तर्क्रिया | | | | |
| ११. | पहिलो भाषी र दोस्रो भाषीबिच अन्तर्क्रिया | | | | |

## परिशिष्ट - तिन

## मूल्याङ्कन सम्बन्धी अवलोकन फारम

| क्र.स | मूल्याङ्कनहरूको तरिका | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| १. | निरन्तर मूल्याङ्कन गरेको | | | | |
| २. | निरन्तर मूल्याङ्कन नगरेको | | | | |
| ३. | कक्षा कार्यकलापबाट मूल्याङ्कन गरेको | | | | |
| ४. | गृहकार्यबाट मूल्याङ्कन गरेको | | | | |
| ५. | कक्षाकार्य दुवै कार्यबाट मूल्याङ्कन गरेको | | | | |
| ६. | मौखिक रूपमा मूल्याङ्कन गरेको | | | | |
| ७. | ्लिखित रूपमा मूल्याङ्कन गरेको | | | | |
| ८. | मौखिक र लिखित दुवै रूपबाट मूल्याङ्कन गरेको | | | | |
| ९. | व्यक्ति तोकेर प्रश्न गरेको | | | | |
| १०. | सामुहिक रूपमा नै प्रश्न गरेको | | | | |
| ११. | व्यक्ति समूह दुवै तरिका अपनाएर प्रश्न गरेको | | | | |

## परिशिष्ट - चार

## शिक्षक प्रश्नावली फारम

**विद्यालयको नाम :** **शिक्षण अनुभव :**

**शिक्षकको नामः** **तह :**

**कक्षा :** **मिति :**

**शैक्षिक योग्यता :** **समयः**

**तलका प्रश्नहरूमध्ये सर्वोपयुक्त उत्तरमा रेजा ( ) चिन्ह लगाउनु होस् ।**

१. कक्षा शिक्षणमा शिक्षणको प्रारम्भ कसरी गर्नु हुन्छ ?

क) शिक्षणको उद्देश्य भनेर ख) पूर्व पाठमा आधारित रहेर

ग) प्रश्नोत्तर गरेर घ) पाठको सन्दर्भ ल्याएर

२. शिक्षण सिकाइ कार्यकलापमा शिक्षक विद्यार्थी बिचमा अन्तर्क्रिया कसरी सञ्चालन गर्नुहुन्छ ?

क) विद्यार्थीलाई सक्रिय गराएर ख) शिक्षक आफैँ सक्रिय भएर

ग) व्यक्ति व्यक्तिबिचमा अन्तर्क्रिया गरेर घ) मिश्रित रूपमा

३. कक्षा अन्तर्क्रियामा कस्ता कस्ता विद्यार्थीलाई सहभागी गराउनु हुन्छ ?

क) जान्ने जान्नेलाई ख) नजान्ने नजान्नेलाई

ग)जान्ने नजान्नेलाई घ) छात्र छात्रालाई

४. कक्षा नौको भाषा शिक्षण सिकाइमा अन्तर्क्रिया कसरी सञ्चालन गर्नुहुन्छ ?

क) बालकेन्द्री शिक्षण विधिद्वारा ख) शिक्षककेन्द्री शिक्षण विधिद्वारा

ग) शिक्षक विद्यार्थी सक्रियताका आधारमा घ) प्रश्नोत्तरको विधिका आधारमा

५. नेपाली भाषा शिक्षणमा अन्तर्क्रियालाई बाधा पुऱ्याउने तत्व के हो ?

क) सन्दर्भ सामग्रीको कमी    ख) उपलब्ध समयको कमी

ग) शिक्षण सामग्रीको कमी    घ) परम्परागत सोचाइका कारण

६. शिक्षक विद्यार्थी बिचमा छलफलको आवश्यकता हुन्छ ?

क)छलफल आवश्यक छ    ख) छलफल नगरे पनि हुन्छ

ग) केही मात्रामा गर्दा हुन्छ    घ) छलफल गर्न समय पुग्दैन

७. तपाईले कुन शैक्षिक सामग्रीको बढी प्रयोग गर्नुहुन्छ ?

क) पत्रपत्रिका    ख) अर्थपत्ति

ग) शब्दपत्ति    घ) दैनिक प्रयोगका सामग्री

८. कक्षा शिक्षणमा विद्यार्थी सहभागिताको मात्रा के– कस्तो हुन्छ ?

क) न्यून (०–३९)    ख) उत्साहजनक (८१–१००)

ग) मध्यम (४०–५९)    घ) सन्तोषजनक (६०–७९)

९. कक्षाकोठामा प्रवेश गर्नुपूर्व पाठको पूर्व तयारी गर्नुहुन्छ ?

क) पाठ पढेर कक्षामा जान्छु    ख) पूर्व तयारी गर्दिन

ग) पूर्व तयारी गर्छु    घ) पूर्व तयारी नगरेपनि हुन्छ

१०.अन्तर्क्रिया विधिबाट शिक्षण गर्दा हुने फाइदा तलका मध्ये कुन हो ?

क) कक्षा व्यवस्थापन राम्रो हुन्छ    ख) विद्यार्थीहरू सक्रिय हुन्छन्

ग) लामो समयसम्म स्मृतिमा रहन्छ    घ) शिक्षक सक्रिय रहन्छन्

११. विद्यार्थीहरूको मूल्याङ्कन कसरी गर्नु हुन्छ ?

क) निरन्तर रूपमा　　　　　　ख) त्रैमासिक रूपमा

ग) अर्धवार्षिक रूपमा　　　　　घ) शैक्षिक सत्रको अन्त्यमा

१२. तपाईले आफ्नो कक्षाको व्यवस्थापन कसरी गर्नुहुन्छ ?

क) आफैं मात्र सक्रिय भएर　　　ख) विद्यार्थीलाई मात्र सक्रिय गराएर

ग) शिक्षणलाई रोचक बनाएर　　घ) कक्षामा छलफल मात्र गरेर

१३. कक्षा शिक्षणमा पाठको प्रारम्भ कसरी गर्नुहुन्छ ?

क) पाठको सन्दर्भ नबताइकन　　ख) पाठको सन्दर्भ बताएर

ग) विद्यार्थीलाई प्रश्न सोधेर　　घ) विद्यार्थीलाई बोल्न नदिएर

१४. विद्यार्थीमा भाषिक सिप र विषयवस्तुको ज्ञान कसरी जागृत गराउनु हुन्छ ?

क) पृथकीकृत रूपमा　　　　　ख) एकीकृत रूपमा

ग) दुवै तरिकाबाट　　　　　　घ) अन्य तरिकाबाट

## परिशिष्ट - पाँच

## विद्यार्थी प्रश्नावली

**विद्यालयको नाम :** **समय :**

**विद्यार्थीको नाम :** **घण्टी :**

**कक्षा :** **मिति :**

**सर्वोपयुक्त विकल्पमा ठीक/रेजा ( ) चिन्ह लगाऊ ।**

१) नेपाली भाषा शिक्षणमा नियमित उपस्थित हुन्छौ?

क) प्रायः हुन्छु ख) सधैं उपस्थित हुन्छु

ग) उपस्थित हुँदिन घ) कहिले काही हुन्छु

२) शिक्षकले प्रश्न कस्तो रूपमा सोध्नु हुन्छ ?

क) सामूहिक रूपमा ख) व्यक्तिगत रूपमा

ग) जान्ने जान्नेलाई मात्र घ) छात्राहरूलाई मात्र

३) शिक्षकले विद्यार्थीको जिज्ञासाको समाधान गर्नु हुन्छ ?

क) जिज्ञासाको वास्तै गर्नु हुन्न ख) कहिले काही मात्रा गर्नु हुन्छ

ग) जिज्ञासाको पूर्ण रूपमा समाधान गर्दिनु हुन्छ घ) जिज्ञासा राख्ने समय दिनु हुन्न

४) कक्षा शिक्षणमा देखिएका समस्याको समाधान कसरी गर्नु हुन्छ ?

क) शिक्षक विद्यार्थी छलफल मार्फत ख) विद्यार्थी स्वंयम्लाई खोज्नु भनेर

ग) समाधान पछि गरौंला भनेर घ) समस्याको बेवास्ता गरेर

५) शिक्षण कार्यमा शिक्षकले शैक्षिक सामग्रीको प्रयोग नियमित गर्नुहुन्छ ?

क) शैक्षिक सामग्रीको प्रयोग नै गर्नु हुन्न    ख) कहिले काँही मात्र गर्नु हुन्छ

ग) प्रायः गर्नु हुन्छ    घ) नियमित रूपमा प्रयोग गर्नुहुन्छ

६) कक्षा शिक्षणमा बढी मात्रामा कुन विधिको प्रयोग गर्नु हुन्छ ?

क) प्रवचन विधि    ख) खोज विधि

ग) छलफल विधि    घ) प्रदर्शन विधि

७) शिक्षकले कक्षामा कति समय शिक्षण गर्नुहुन्छ ?

क) समयभन्दा कम    ख) पूरा समय

ग) समयभन्दा बढी    घ) प्राय : अनुपस्थित

८) अन्तर्क्रियामा तिमी कति सक्रिय हुन्छौ ?

क) मनै लाग्दैन    ख) कहिले काँही

ग) निष्क्रिय    घ) सक्रिय

९) कक्षा कार्यकलाप गराउँदा क–कसलाई सहभागी गराउनु हुन्छ ?

क) पछाडि बस्नेलाई    ख) जान्नेलाई मात्र

ग) जान्ने नजान्ने सबैलाई    घ) अगाडि बस्नेलाई मात्र

१०) कक्षामा शिक्षकले नियमित प्रश्न सोध्नु हुन्छ ?

क) नियमित    ख) प्रश्न सोध्नु हुन्न

ग) कहिलेकाँही    घ) प्रायः  रूपमा